सर्वाधिक बिक्री हुने

# साप्ताहिक

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सबैको लागि सम्पूर्ण पत्रिका








● वर्ष १५ ● अंक ४५ ● काठमाडौं, शुक्रबार, चैत १३, २०६६ ● **SAPTAHIK** ● Nepali National We[ekly] Friday, Mar 26, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-


# शान्ति-प्रक्रियाका महानायकको महाप्रस्थान




अश्विनी कोइराला/विदुर खतिवडा/शिव मुखिया


## फेसबुकमा गिरिजाबाबु

'तिमीले जीवनमा एउटै ठूलो काम गर्न आवश्यक छ, गिरिजाप्रसादले पनि जीवनमा एउटै ठूलो काम गरे, द्वन्द्वको अन्त्य गर्दै जंगलमा बस्नेहरूलाई नयाँ बानेश्वरमा ल्याए,' नेपालयका किरणकृष्ण श्रेष्ठले फेसबुक वालमा घत लाग्ने यो प्रसंग उप्काएका छन्। उनले फेसबुकको वालमा लेखेका छन्- 'यही एउटै कर्मका लागि उनलाई सम्झँदै बाँकी कुरामा माफ। शनिबार दिउसो दिवंगत भएका नेपाली राजनीतिका फोकल प्वाइन्ट कोइरालालाई श्रद्धाञ्जली दिने क्रममा किरणले यी पंक्तिको सहारा लिएका हुन्।


विस्तृत पृष्ठ ३ मा


## साँच्चैका हिरो थिए, जीपी कोइराला

उनी राजनैतिक मात्र होइन आकर्षक व्यक्तित्वका 'हिरो' समेत थिए। टिमिक्क मिलेको सेतो दौरा-सुरुवाल, कालो ढाकाटोपी र कालै कोटले सजिएका महानायक जीपी कोइरालालाई देख्दा थुप्रै महिला मोहित हुन्थे। तेजिलो आँखा, चम्किलो छाला र उच्च कदका कोइरालामा सबैलाई आकर्षण गर्ने एक प्रकारको चुम्बकीय शक्ति थियो। सर्वसाधारण नेपाली महिलामात्र होइनन्, पर्दामा देखिने आकर्षक षोडसीहरू पनि उनको कान्तिमय छविको खुलेर बयान गर्थे।


विस्तृत पृष्ठ ५ मा


यो अंकमा स्व. गिरिजाप्रसाद कोइरालाको जीवनका रोचक प्रसंग, उनका बारेमा विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रतिक्रियासहित पोट्रेट तस्बिर पनि संलग्न छ ।

यो अंकमा एसएलसी तथा +२ परीक्षाविशेष सामग्री समावेश छ ।


मध्यपृष्ठमा


**सपना**

साप्ताहिक







घर रङ्गाउँदै हुनुहुन्छ ?

किफायती दाममा Tractor Emulsion ले दिन्छ भित्री भित्तालाई प्लास्टिक पेन्टसको शान

Winner of: NS Quality Award 2009

Certified by: ISO 9001:2008 & ISO 14001:2004

Tractor Emulsion लगाउनुहोस् घरको शान बढाउनुहोस् ।

asianpaints

## ● क्यासेट ●

### सौन्दर्य




गायक शशि बी थापाका पपगीतहरूको संग्रह 'सौन्दर्य' बजारमा आएको छ। आठवटा गीत तथा एउटा ट्र्याक रहेको यो संग्रहका गीतमा धीरज अधिकारी, सुनिल सिंह, विनय वर्मा, किरण घिमिरे माईकल, दीपक सुनाम, चित्र शर्मा तथा त्रिविक्रम पाण्डेको शब्द तथा संगीत सुन्न सकिन्छ।

### कदम




गायक सञ्जीव पुडासैनीका पपगीतहरूको संग्रह 'कदम' बजारमा आएको छ। द रिबेल क्रिएसनको यो संग्रहमा सातवटा गीत छन्। संग्रहका गीतहरू गायक पुडासैनीका अतिरिक्त भरत सिटौला तथा डम्बर नेपालीको शब्द तथा संगीत सुन्न पाइन्छ।

### रिचार्ज



गायकद्वय मोहित मुनाल तथा विवेक पोखरेलका पपगीतहरूको संग्रह 'रिचार्ज' श्रोतामाझ आएको छ। स्नु प्रोडक्सनको यो संग्रहमा आठवटा गीत छन्। संग्रहमा वासुदेव मुनालद्वारा गाइएका चारवटा गीतका रिमिक्स पनि छन्। संग्रहका अन्य गीत सुगम पोखरेल, विवेक पोखरेल तथा सुजन केसीले संगीतबद्ध गरेका हुन्।

## ● रंगमञ्च ●

### कथाकल्लीको रमाइलो

महाभारतको केही अंश लिएर राजधानीमा 'किराँतम' शीर्षकको कथाकल्ली मञ्चन भएको छ। नेपालस्थित भारतीय सांस्कृतिक केन्द्रले गत शनिबारदेखि यसको मञ्चन प्रारम्भ गरेको हो। ४ सय वर्षपहिले भारतको केरलाबाट प्रारम्भ भएको कथाकल्ली हेर्न जमलस्थित राष्ट्रिय नाचघरमा दर्शकहरूको उल्लेख्य सहभागिता छ। कथाकल्लीमा कथा तथा नृत्य दुवै मिश्रित हुन्छ। कलाकारहरूको भाव, श्रृंगार तथा सारबाटै कथाले के भन्न खोजेको हो भन्ने बुझ्नुपर्छ। नाटकमा जस्तो यसमा कलाकारहरूले संवाद बोल्दैनन्। अनुहार तथा हातको इसाराबाट उनीहरूको भनाइ बुझ्नुपर्छ। पाँच पाण्डवमध्येका अर्जुन पशुपता (एक प्रकारको वाण जुन महाभारतको युद्धमा प्रयोग गरिएको थियो) प्राप्तिका लागि हिमालय पर्वतमा तपस्या गर्न जान्छन्। अर्जुनले जसरी पनि पशुपता प्राप्त गर्ने प्रण गर्छन्। अर्जुनको त्यो घमन्ड जाँच्न शिव र पार्वती भेष बदलेर हिमालय पर्वत पुग्छन्। एउटा जनावरलाई अर्जुन तथा शिव दुवैले वाण हानेपछि उनीहरूबीच झगडा पर्छ। शिवका अघि अर्जुनको केही लाग्दैन। अन्त्यमा अर्जुनको मृत्यु हुन्छ। फर्कन लागेका शिवलाई पार्वतीले बिन्तीभाउ गरेर अर्जुनलाई बचाउन लगाउँछिन्। कथाकल्लीको कथासार यही हो। यसमा तिरुवत्तार जगदीशन (अर्जुन), एवुर राजेन्द्रन पिल्लै (शिव), कलामन्दलम अनिल कुमार (पार्वती)ले अभिनय गरेका छन्। कथाकल्ली राजधानीका साथै पोखरामा पनि मञ्चन गरिनेछ।

## ● ग्यालरी ●

### गेट-टुगेदरमा १८ कलाकार

कुनै बेला ललितकला क्याम्पसमा चित्रकला विषय लिएर अध्ययन गरेका १८ जना साथी लामो समयपछि पुनः एकै ठाउँमा भेला भएका छन्। ललितकलाको पढाइ सिध्याएपछि आ-आफ्नै कर्ममा व्यस्त रहेका उनीहरू गत मंगलबारदेखि बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा सामूहिक चित्रकला प्रदर्शनीमार्फत जुटेका हुन्। पुराना साथीहरू एकै ठाउँमा भेला भएकाले उनीहरूले प्रदर्शनीको शीर्षक नै 'गेट-टुगेदर' राखेका छन्। स्नातक उत्तीर्ण भएपछि छिन्न-भिन्न भएका उनीहरू लाभार्थ समूह स्थापना गर्दै एक साता लामो प्रदर्शनीमार्फत प्रस्तुत भएका हुन्। प्रदर्शनीमा ८५ वटा चित्र समावेश छन्। लाभार्थको यो पहिलो कला प्रदर्शनी हो। प्रदर्शनीमा तैल, पानी, एक्रेलिक माध्यमसहित इचिङ, काँच, डिजिटल विधामा तयार पारिएका कलाकृति पनि राखिएका छन्। प्रदर्शनीमा राखिएका चित्रको मूल्य १५ सयदेखि ५० हजार रुपैयाँसम्म छ।

### आजदेखि इन्फिल्टरेसन अफ डार्कनेस

झम्सिखेलस्थित काठमाडौं कन्टेम्पोरेरी आर्ट्स सेन्टरमा आजदेखि एउटा चित्रकला प्रदर्शनी प्रारम्भ हुँदैछ। कलाकार सुनिल सिग्देलले तयार पारेका चित्रहरूको प्रदर्शनी 'इन्फिल्टरेसन अफ डार्कनेस' नेपालका लागि नर्वेका राजदूत थोर गिस्लेनले आज साँझ ५ बजे उद्घाटन गर्नेछन्। यो प्रदर्शनी वैशाख ५ गतेसम्म जारी रहनेछ।

### आइतबारदेखि चैत्य एन्ड साइलेन्ट फ्लो

पर्सि आइतबारदेखि कलाकारद्वय सुष्मा शाक्य तथा कैलाश श्रेष्ठले तयार पारेका चित्रहरूको प्रदर्शनी प्रारम्भ हुने भएको छ। बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा हुने प्रदर्शनी आगामी वैशाख ८ गतेसम्म जारी रहनेछ। नेपालका लागि अस्ट्रेलियन राजदूत सुसन ग्रेसले आइतबार साँझ ५:३० बजे प्रदर्शनीको उद्घाटन गर्ने कार्यक्रम छ।

### वात्सायन अभिनन्दित



समसामयिक घटनाक्रम तथा विसंगतिलाई कार्टुन तथा चित्रमा उतार्दै आएका कलाकार दुर्गा बराल (वात्सायन) लाई हिमाली सांस्कृतिक परिवारले सम्मान गरेको छ। संस्कृतिकर्मी सर्वज्ञमान प्रधानाङ्गले वात्सायनलाई दोसल्ला तथा ताम्रपत्र प्रदान गरेका थिए। नेपाली लोकसंस्कृति बचाउन १३ वर्षअघि स्थापित पोखराकै पुरानो सांस्कृतिक संस्थाबाट सम्मानित हुन पाउँदा वात्सायनले खुसी व्यक्त गरे। विगत पाँच दशकदेखि व्यंग्य चित्रकारिता मार्फत राष्ट्रको सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक परिवेशलाई व्यंग्यात्मक ढंगले जनमानसमा पुर्‍याई सुसूचित गर्दै आएकाले अभिनन्दन गरिएको आयोजकहरूले जनाएका छन्। ६८ वर्षीय कार्टुनिस्ट यसअघि पनि राष्ट्रिय रूपमा दर्जनौं एवार्ड तथा पुरस्कारबाट सम्मानित भैसकेका छन्। कान्तिपुर पब्लिकेसन्सका लागि विगत १४ वर्षदेखि कार्टुन बनाउँदै आएका बरालका थुप्रै कार्टुनले राजनैतिक तरंगसमेत उत्पन्न गराएका छन्। यस अवधिमा उनका करिब १ हजार ४ सयभन्दा बढी कार्टुन प्रकाशित भैसकेको बराल बताउँछन्।

### सुहास रोयको चित्रकला

भारतीय चित्रकार सुहास रोयले तयार पारेका चित्रहरूको एकल प्रदर्शनी हिजो बिहीबार प्रारम्भ भएको छ। बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा सञ्चालित 'सुहास' शीर्षकको उक्त प्रदर्शनी आगामी शुक्रबारसम्म जारी रहनेछ। सिद्धार्थ आर्ट ग्यालरी, आकार-प्रकार तथा सूर्य नेपालले संयुक्त रूपमा आयोजना गरेको यो प्रदर्शनीको उद्घाटन नेपालका लागि भारतीय राजदूत राकेश सुदले गरेका थिए।

## ● लाइभ ●

### बाइसधारामा मेला

काठमाडौंको पहिलो व्यावसायिक पौडीपोखरी भएको स्थान बालाजु पार्कमा हरेक वर्ष चैत पूर्णिमाका दिनमा लाग्ने मेला यस वर्ष चैत १७ गते मंगलबार परेको छ। बाइसधारामा प्राकृतिक रूपमा पानी आउन छोडेपछि त्यहाँ कृत्रिम पाइपलाइनबाट पानी छाड्ने गरिएको छ। त्यही दिनदेखि बालाजुको पौडीपोखरी खुला गरिने पार्क व्यवस्थापन समितिले जनाएको छ।

### टुँडिखेलमा ताप्लेजुङ महोत्सव

नेपाल पर्यटन वर्ष सफल पार्न ग्रामीण भेगका नेपालीहरू तयारीमा जुट्ने क्रम बढेको छ। काठमाडौंमा बसेका ताप्लेजुङका बासिन्दाले उक्त क्षेत्रको पर्यटकीय विकासका लागि काठमाडौंमा मेला गर्न लागेका छन्। ताप्लेजुङ महोत्सवका रूपमा काठमाडौंको टुँडिखेलमा आयोजना हुने मेला आगामी वैशाख ३ गतेदेखि ५ गतेसम्म चल्नेछ। मेलामा उक्त क्षेत्रमा प्रचलित परम्परागत नाचगान तथा त्यहाँको चिनारी दिने स्टलहरू राखिनेछन्। ताप्लेजुङका बारेमा लेखिएका पुस्तक तथा त्यहाँका गायक-गायिकाले निकालेका एल्बम पनि मेलामा प्रदर्शन गरिनेछ।

### सोमबारदेखि स्प्रिङ क्याम्प

काठमाडौं ज्याज कन्जरभेटोरीले आगामी सोमबारदेखि राजधानीमा स्प्रिङ क्याम्प सञ्चालन गर्ने भएको छ। १० दिनसम्म चल्ने यो क्याम्प बालबालिकाहरूप्रति लक्षित छ। क्याम्पमा संगीत, नाटक, नृत्य आदि विभिन्न विधामा प्रशिक्षण प्रदान गरिनेछ।

## ● पुस्तक ●

### जिन्दगी तपाईंको जित पनि तपाईंकै

संसारका विभिन्न भाषामा लेखिएका उत्कृष्ट कथाहरूको नेपाली अनुवाद 'जिन्दगी तपाईंको जित पनि तपाईंकै' लाई पााचपोखरी प्रकाशन काठमाडौंले प्रकाशन गरेको हो। संग्रहमा ५४ वटा कथा समेटिएका छन्। १ सय ६० पृष्ठको यो पुस्तकका कथाहरू अच्युत कोइरालाले संकलन तथा अनुवाद गरेका हुन्। पुस्तकको मूल्य १ सय ५० रुपैयाा छ।

### जनआन्दोलनदेखि जनगणतन्त्रसम्म

निबन्धकार नकुल सिलवाल लामो समयको अन्तरालपछि नयाा कृति जनआन्दोलनदेखि जनगणतन्त्रसम्म लिएर देखा परेका छन्। मूलतः गजल विधामा नाम कमाएका सिलवालले निबन्ध-लेखनमा पनि पाठकको रुचिलाई केलाउने जमर्को गरेका छन्। १ सय ९० वटा निबन्धको यो संग्रहलाई बगर फाउन्डेसन नेपालले प्रकाशित गरेको हो।

### सम्झना र चिन्तन

हिमालयशमसेर जबरा जीवनको उत्तरार्द्धमा आफ्ना अनुभवहरूको सँगालो सम्झना र चिन्तन लिएर पाठकसमक्ष आएका छन्। हिमालयशमसेर ट्रष्टले प्रकाशित गरेको 'सम्झना र चिन्तन' नेपाली इतिहासको एउटा विशेष कालखण्डको साक्षीका रूपमा देखा परेको छ। पुस्तकमा मुलुकको इतिहास र आफ्नो विगतलाई चाखलाग्दो तरिकाले मिश्रण गरेका लेखक राणाले यो पुस्तकमार्फत आफ्नो नयाा परिचय समेत स्थापित गरेका छन्। १ सय ८० पृष्ठको यो पुस्तकको मूल्य ३ सय रुपैयाँ छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

**चैत १३ गते : कामदा एकादशी, १४ गते : विश्व रंगमञ्च दिवस, १५ गते : महावीर जयन्ती, १७ गते : पूर्णिमा, बालाजुमा बाइसधारा मेला, लमजुङमा मलुङ पोखरी मेला, वैशाख स्नान प्रारम्भ, १७ गते : हनुमान जयन्ती, १८ गते : ललितपर मछिन्द्रनाथ स्नान, विशालनगर वैष्णवीदेवी जात्रा, १९ गते : मूर्ख दिवस (१ अप्रिल)**

### मेष

धेरै मित्र सहयोगी भए पनि केहीबाट आलोचना हुनेछ। सोच्ने शक्ति एवं पराक्रम बढ्ने, अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ। अरूको विश्वास जित्न सकिनेछ। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुर्‍याउनुहोला। विवाद बढ्ने भएकाले बोल्दा होस गर्नुपर्ला।

### मिथुन

बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्। अध्ययनमा सफलता मिल्नेछ। सोच्ने शक्ति बढ्नेछ। धेरैले सहयोग गर्ने तत्परता देखाउनेछन्। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। भाग्यले साथ दिनेछ।

### सिंह

मन अशान्त रहनुका साथै काममा बाधा उत्पन्न हुनसक्छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। स्वस्थ्यमा पनि समस्या आउनेछ। निर्णयको अभावमा धेरै काम ओझेलमा पर्नेछन्। शनिबारदेखि समय परिवर्तन हुनेछ। भोजभतेर एवं सभा-सम्मेलनमा संलग्न हुने अवसर जुट्नेछ।

### तुला

पराक्रमको गति तीव्र रहनेछ। सानै प्रयासले पनि धेरै काममा सफल हुनुहोला। मान-सम्मान पाइनुका साथै व्यवसायमा सफलता हात लाग्नेछ। यात्रा रमाइलो हुनेछ। भेटघाटमा मन रमाउनेछ। धन आर्जन गर्न सकिनेछ भने भाग्यले साथ दिनेछ। खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### धनु

स्वास्थ्य गडबड हुनसक्छ। काममा अवरोध आउनेछ। रिसको वेग एवं लेनदेनमा विवाद बढ्नेछ। घरेलु समस्याले पनि सताउन सक्छ। नसोचेको काममा लाभ मिल्ने र प्रयास गरेका काममा बाधा आउने भएकाले काम गर्दा विचार पुर्‍याउनुहोला। शनिबारदेखि भाग्यले साथ दिन थाल्नेछ।

### कुम्भ

केही काम पूरा हुनेछन् भने केही रोकिनेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायमा गरिएका प्रयास फलदायी रहनेछन्। बोलीमा प्रभावित भै सहयोग गर्नेहरूको कमी नहोला। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाा काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्।

### वृष

पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ। व्यवसायमा सफलता मिल्नेछ। यात्रा रमाइलो हुनेछ। भेटघाटमा मन रमाउनेछ। पहिलो भेटमै प्रसन्न भै सहयोग गर्नेहरू प्रशस्तै हुनेछन्। सोच्ने शक्ति बढ्नेछ। ठूला व्यक्तिले विश्वास गर्नेछन्। महत्त्वपूर्ण जिम्मेवारी प्राप्त हुनेछ। भाग्यले साथ दिनेछ।

### कर्कट

तपाईंको उच्च विचारको सबैले सम्मान गर्नेछन्। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ। सानै प्रयासले ठूलो काममा सफलता पाउनुहोला। व्यवसायमा सफलता मिल्नेछ भने यात्रा गर्ने अवसर जुट्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। अध्ययनमा सोचेजस्तै सफलता प्राप्त हुनेछ।

### कन्या

सोच्ने शक्ति बढ्नेछ भने काममा सफलता पाइनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाा काम हात पर्ने योग छ। ठूला व्यक्तिले विश्वास गर्नेछन्। अध्ययन एवं व्यवसायमा सोचेजस्तै सफलता मिल्नेछ। शनिबार र आइतबार खर्च, विवाद एवं चिन्ता बढ्ने, स्वास्थ्य गडबड रहने तथा काममा बाधा उत्पन्न हुने देखिन्छ।

### वृश्चिक

भाग्यले साथ दिनेछ भने गरेका काममा सफलता मिल्नेछ। मान सम्मान पनि पाउनुहोला। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ। यात्रामा हुने भेटघाट तथा त्यसबाट पाइने लाभले मन प्रसन्न हुने योग भए पनि बुधबार र बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ।

### मकर

व्यवसाय बढ्ने, यात्रा हुने तथा मन प्रसन्न रहने योग छ। भेटघाटमा मन रमाउनेछ। पहिलो भेटमै अरूको मन जित्न सकिनेछ। अध्ययनमा सफलता हात पर्नेछ। स्वास्थ्य गडबड हुने, गलत विचार एवं कुरा काट्नेहरू बढ्ने, विश्वास गरेकाहरूले धोका दिने, लेनदेनमा समस्या सिर्जना हुने तथा झूटा आरोप लाग्ने योग छ।

### मीन

अध्ययनमा सफलता मिल्नेछ भने काममा रुचि बढ्नेछ। यात्रा रमाइलो हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्। स्वास्थ्यको ख्याल गर्नुपर्ने बेला छ। वैदेशिक कार्यमा गरेका प्रयासहरू फलदायी रहनेछन्। गलत विचार बढ्ने भएकाले धैर्यतामा जोड दिनुहोला।



स्मृतिमा गिरिजा प्र. कोइराला

# फेसबुकमा गिरिजाबाबु

'गिरिजाबाबु अब सम्झनामा मात्र !' एक जना छद्मभेषी नामले वालमा स्ट्याटस राख्छ । यो करिब १२ बजेर ५६ मिनेटको स्ट्याटस हो । त्यसपछि त के चाहियो, लगातार गिरिजाप्रसाद कोइरालाप्रति समवेदना दर्साउदै श्रद्धाञ्जलीहरू आइरहन्छन् । 'एक्स पीएम गिरिजाप्रसाद कोइराला एक्स्पायर्ड '- विष्णु रिजाल प्रधानमन्त्रीका प्रेस सल्लाहकारले १ बजे फेसबुकमै लेखे ।

गिरिजाबाबुको मृत्युको खबरले जीउ नै सिरिङ्ग भयो, महानायकलाई श्रद्धाञ्जली, गिरिजाबाबु अमर रहँन्, अल बिदा गिरिजाबाबु, अल बिदा..' प्रजातान्त्रिक योद्धा गिरिजाप्रसाद कोइरालामा हार्दिक श्रद्धान्जली ! ! वि लस्ट ग्रेट लिडर अफ नेपाल, पिस किङ अफ नेपाली लिडर जीपी ह्याड एक्स्पायर्ड, अ नेसनल लिडर डेड एन्ड अ नेसनल लिडर बर्न इन द हार्ट्स अफ अल नेपालीजस्ता स्ट्याटस बन्दै गिरिजाप्रसाद शनिबार दिनभर नै अनलाइनमा छाइरहे । रोचक कुरा फेसबुकमा गिरिजाप्रसादप्रति श्रद्धाञ्जली शीर्षक राखेर बनाइएको समूहमा एकै दिन करिब ७ सय सदस्य भएका थिए, बुधबारसम्म यो संख्या २ हजार नाघिसकेको छ । नीरकुमार राई फेसबुकमै लेख्छन्- 'वि ह्याभ लस्ट अ स्ट्रङ, कन्फिडेन्ट एन हार्डवर्किङ लिडर ।'

'तिमीले जीवनमा एउटै ठूलो काम गर्न आवश्यक छ, गिरिजाप्रसादले पनि जीवनमा एउटै ठूलो काम गरे, द्वन्द्वको अन्त्य गर्दै जंगलमा बस्नेहरूलाई नयाँ बानेश्वरमा ल्याए,' नेपालयका किरणकृष्ण श्रेष्ठले फेसबुक वालमा घत लाग्ने यो प्रसंग उप्काएका छन् । उनले फेसबुकको वालमा लेखेका छन्- 'यही एउटै कर्मका लागि उनलाई सम्झँदै बाँकी कुरामा माफ । शनिबार अपराह्न दिवंगत भएका नेपाली राजनीतिका फोकल प्वाइन्ट कोइरालालाई श्रद्धाञ्जली दिने क्रममा किरणले यी पंक्तिको सहारा लिएका हुन् ।

'यतिखेर हामीमाझ गिरिजाप्रसाद हुनुहुन्न,' दिउसो १ बजेपछि फेसबुक, ट्विटरलगायतका



सामाजिक सन्जालमा सनसनीपूर्ण समाचार फैलिरहेको थियो । त्यसो त कोइरालाको निधन नहुँदै पनि अपुष्ट समाचार सामाजिक सञ्जालमा आइरहेकै थिए । फेसबुक वालमा जर्मनीमा रहेका सञ्जीवन गौतम पूर्वप्रधानमन्त्रीको आत्माले शान्ति पाएको लेख्छन्, तत्कालै त्यसलाई प्रतिवाद गर्दै मनीष प्रधान लेख्छन्, 'अहिलेसम्म बूढा बितिसकेका छैनन् ।' एकछिनमा अर्को एक साथीले समाचारको हवाला दिँदै १२ बजेर ११ मिनेटमा गिरिजाप्रसाद कोइरालाको मृत्यू भएको पुष्टि गर्छन् ।

'म मेरो देशबाहिर अफ्रिकामा छु, गिरिजाप्रसादको असामयिक निधनले मलाई स्तब्ध तुल्याएको छ, उहाँले देशका लागि सक्दो योगदान गर्नुभयो । आजदेखि नेपालले तीनपुस्ते जीवित इतिहास गुमाएको छ । केही मानवीय गल्तीबाहेक गिरिजाप्रसादले सम्भवत: आफ्नो तर्फबाट जीवनकै महत्वपूर्ण समय देशका निम्ति समर्पण गरे । उनको जीवनबाट हामीले धेरै कुरा सिक्न सक्छौं', अफ्रिकामा कार्यरत उमेश कट्टेलले फेसबुक वालमा लेखेको कुरा हो । यस्तै पत्रकार एवं डकुमेन्ट्री मेकर केदार शर्मा आफ्नो वालमा लेख्छन्- 'काठमाडौंबाहिर परें, गिरिजाबाबुको मलामीमा सामेल हुन नपाएकोमा खल्लो लागेको छ, जहाँ छु, त्यहींबाट सम्मान प्रकट गर्छु ।'

शनिबार रातको समयमा विदेशमा रहेका थुप्रै नेपालीले इन्टरनेट सञ्जालमार्फत गिरिजाबाबुप्रति श्रद्धाञ्जली प्रकट गरे । बितेको केही समययता इन्टरनेट २.० संस्करणका रूपमा एक आपसमा दोहोरो कुरा गर्ने बेतारे सामाजिक सञ्जालका रूपमा विकास भएका फेसबुक र ट्वीटरले विश्वभरमै नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री गिरिजाप्रसादको निधनका सम्बन्धमा जानकारी दिइरहेका थिए । यतिबेला फेसवुक, ट्वीटरका खातावाल नेपालीहरू तथा केही अन्तर्राष्ट्रिय व्यक्तित्वले लगातार आफ्नो वालमा समवेदना प्रकट गरिरहेका छन् ।

'मरेका मानिसको नराम्रो कुरा नगर्नु भन्दैमा अन्धभक्त हुनु पनि ठीक होइन, यतिबेला गिरिजाको कर्तुतको पनि समीक्षा हुनुपर्छ', पत्रकार आन्विका गिरीले फेसबुकमा लेखिन् । प्रतिक्रिया थुप्रै किसिमका आए । त्यसमा केहीले दु:खको यो घडी समीक्षा गर्ने घडी होइन भनेर लेखे । 'माले, मण्डले र मसाले एकै हुन् भन्ने गिरिजा कुनै बेला आएर कम्युनिस्टहरूलाई साथै राखेर उनीहरूका प्रिय बन्न सफल भए', कौशल कोइरालाले फेसबुकमै लेखेका छन् ।

गिरिजाप्रसादको अवसानपछि पत्रकार दीपक भट्टराई लेख्छन्- 'गिरिजाप्रसादबाट तिमी नेताहरूले सिक्नुनपर्ने कुरा पक्कै छन्, तिमी ठूला भनेका नेताले चाहिँ उनीबाट एउटा कुरा सिकिराख, सकभर एकदमै कम बोल, पुर्‍याउन नसक्ने कुरा नबोल, गिरिजाप्रसादले गणतन्त्रको घोषणा गर्ने रै'छन् र पनि अघिल्लो दिनसम्म पनि त्यो कुरा भनेका थिएनन्, तर यी बाँचेका नेताहरू भने यति धेरै बोल्छन् कि त्यो बोली कहिल्यै पुग्दैन ।

बाँकी पृष्ठ ४ मा



● सम्पादकीय ●

# एक युगको अवसान

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको निधनपछि अहिले नेपाली राजनीतिमा शून्यता देखापरेको छ । साढे छ दशक लामो राजनैतिक सक्रियतापछि कोइरालाले लिएको विश्रामले नेपाली राजनीतिमा एउटा बेग्लै छाप छोडेको अनुभूति यतिबेला स्वर्गीय कोइरालाका राजनैतिक अनुयायीलगायत सम्पूर्ण नेपाली जनताले गरिरहेका छन् । स्व.कोइराला पदीय दृष्टिकोणले नेपाली कांग्रेसको सभापतिमात्र भए पनि पछिल्लो केही वर्षयता उनले निर्वाह गरेको भूमिका र देखाएको सक्रियताले उनको व्यक्तित्व नेपाली कांग्रेसको नेताभन्दा बढी नेपालका राजनेताका रूपमा स्थापित भएको थियो । स्व. कोइरालाको व्यक्तित्वको यो पक्षलाई केलाउने हो भने उनको निधनले नेपालमा नयाा किसिमको राजनैतिक रिक्तता देखापरेको अनुभव गर्न सकिन्छ, किनभने मुलुक अहिले पनि सामान्य अवस्थामा नरहेको र राज्य पुनर्संरचनाको प्रक्रियाबाट गुज्रिरहेका कारण नेपाली समाजको सबै पक्षलाई स्वीकार्य हुने समन्वयकारी भूमिका निर्वाह गर्न सक्ने स्व.कोइरालाजस्ता नेताको अभाव निकट भविष्यमा खट्किनेछ । किनभने स्व. कोइरालाको अगुवाइमा थालिएको शान्ति–प्रक्रिया टुंगोमा पुगिसकेको छैन भने नयाा संविधानसमेत लेखिएको छैन । यस्तो स्थितिमा सबैखाले अतिवादविरुद्ध उभिँदै आएका स्व.कोइरालाको भौतिक अनुपस्थितिले मुलुकमा राजनैतिक असन्तुलन हुने र मुलुक अराजकतातर्फ होमिन सक्ने जोखिम पनि देखिएको छ । यस्तो स्थितिमा मुलुकलाई सबैखाले विग्रहबाट बचाउँदै सहमतिको राजनीतिलाई निरन्तरता दिनुपर्ने जिम्मेवारी अहिलेका शीर्षस्थ नेताहरूको काामा आएको छ ।

आफ्नो सक्रियता र मुलुकको राजनैतिक तथा सामाजिक क्षेत्रमा हस्तक्षेपकारी व्यक्तित्वका कारण नेपाली जनतामाझ स्व. कोइराला सदैव स्मरणीय रहनेछन् । विराटनगर जुट मिलबाट एउटा सामान्य मजदुरका रूपमा आफ्नो करियर प्रारम्भ गरेका स्व. कोइराला २००४ सालको मजदुर आन्दोलनका राजनैतिक उपज हुन् भन्दा अतिशयोक्ति हुनेछैन । प्रारम्भमा वामपन्थी रुझान राख्ने स्व. कोइराला कालान्तरमा राजनैतिक रूपमा खारिँदै जाादा आमनागरिकको व्यक्तिगत स्वतन्त्रता, कुनै पनि किसिमको हस्तक्षेपबाट मुक्त समाज, खुला र उदार अर्थतन्त्रका पक्षपातिका रूपमा देखापरे । राजनैतिक रूपमा कुनै पनि वाद वा सम्प्रदायप्रति वैरभाव नराख्ने कोइराला आफ्नो स्पष्ट अडान र विचारका कारण पटक–पटक विवादमा आइरहे । त्यस्तो विवादले तात्कालिक रूपमा उनको व्यक्तित्वमाथि प्रहार गरे पनि अविचलित कोइराला आफ्नो राजनैतिक अभियानमा निरन्तर लागिरहे ।

कतिपय अवस्थामा आफ्ना अग्रज एवं समकालीन नेताहरूसाग कतिपय विषयमा विमति जनाउादै अघि बढेका स्व. कोइराला ‘राजनीतिमा सबै जायज हुन्छ’ भन्ने मान्यताबाट पनि प्रेरित थिए भन्ने कुरा उनका कतिपय गतिविधिले पुष्टि गरेका छन् । जीवनमा कहिल्यै कुनै पनि निर्वाचनमा पराजय नबेहोरेका कोइरालाका लागि राजनीति कर्म वा साधना के थियो ? भन्ने कुराको लेखाजोखा इतिहासकारहरूले गर्ने नै छन्, तर नेपाली राजनीतिमा स्व. कोइरालाले जुन किसिमको भूमिका प्राप्त गरे त्यसले उनलाई सदैव चर्चा र विवाद दिएको थियो । कुनै बेला आफ्ना राजनैतिक प्रतिस्पर्धीहरूप्रति निर्ममतापूर्वक प्रस्तुत हुने स्व. कोइरालाले पछिल्लो समयमा मुलुकको बिग्रँदो परिस्थितिलाई सही बाटोमा ल्याउन आफ्ना कतिपय राजनैतिक विचार र दृष्टिकोणलाई समेत पाखा लगाए । स्व. कोइरालाको यस्तै लचकताका कारण नेकपा (माओवादी)ले एक दशकभन्दा लामो सशस्त्र युद्धलाई त्यागेर शान्तिपूर्ण राजनीतिमा अवतरण गरेको थियो । नेकपा माओवादीको राजनैतिक रूपान्तरणसागै नेपाली समाजले २ सय ४० वर्ष पुरानो राजतन्त्रलाई शान्तिपूर्ण रूपमा बिदा गर्नुका पछाडि पनि स्व.कोइरालाको राजनैतिक सुझबुझको ठूलो भूमिका थियो भन्ने कुरामा कसैको विमति छैन । वि.सं. २००४ सालको विराटनगर मजदुर आन्दोलनदेखि ०६२/०६३ को लोकतान्त्रिक आन्दोलनसम्म थुप्रै राजनैतिक तथा सामाजिक आन्दोलनहरूमा नेतृत्वदायी भूमिका निर्वाह गरेका स्व. कोइराला छ पटकसम्म नेपालको प्रधानमन्त्री भए । संविधानसभाको निर्वाचन एवं राजतन्त्रको विदाइपछि केही समय नेपालको राष्ट्रप्रमुखको समेत भूमिका निर्वाह गरेका स्व.कोइराला नेपालको राष्ट्रप्रमुखको हैसियत प्राप्त गर्ने पहिलो आमनागरिक पनि थिए ।

०१७ को राजनैतिक घटनापछि नेपाली कांग्रेसका वरिष्ठ नेताहरू स्व. वीपी कोइराला, गणेशमान सिंहजस्ता नेताहरू संगठनात्मक गतिविधिबाट टाढिएका बेला स्व. कोइरालाले नेपाली कांग्रेसलाई नेपाली राजनीतिको मियो बनाउन र नयाा पुस्ताका नेपालीहरूबीच सांगठनिक आधार बनाउन जुन अथक मेहनत गरे त्यसको मूल्यांकन इतिहासले नै गर्नेछ ।

# गिरिजाप्रसाद कोइरालाको जीवनी





स्मृतिमा गिरिजा प्र. कोइराला

नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको जन्म सन् १९२५ अर्थात् वि.सं. १९८१ मा स्व. कृष्णप्रसाद कोइरालाकी कान्छी श्रीमती दिव्या कोइरालाका कान्छा छोराका रूपमा भएको हो । त्यतिबेला कोइराला परिवार जहानियाँ राणाशासनको विरोध गरेबापत भारतको विहार राज्यको टेडी, सहर्षामा निर्वासित जीवन बिताइरहेको थियो ।

गर्भमा रहेका बेला कोइरालाका माता-पिता गिरिजादेवीको मन्दिर जानुहुन्थ्यो । सन्तान जे जन्मिए पनि गिरिजाप्रसाद वा गिरिजादेवी राख्ने सल्लाहअनुसार उहाँको नाम गिरिजाप्रसाद राखिएको थियो । उहाँले भारतमा अङ्ग्रेज धपाउने आन्दोलनलाई नजिकबाट हेर्ने अवसर पाउनुभयो । सन् १९५०-५१ मा नेपालमा चलेको प्रजातन्त्र बहालीको आन्दोलनमा लागेका कोइराला सन् १९४७-४८ को विराटनगरस्थित जुटमिलको मजदुर हड्तालमा सक्रिय सहभागी हुनुभएको थियो । राणाशासनमा परिवारसँगै जेल परेका कोइराला राणाशासनको अन्त्यपछि नेपाली कांग्रेस मोरङ जिल्ला सभापति हुनुभयो । उहाँ नेपाल ट्रेड युनियन कांग्रेस (नेपाली कांग्रेसको मजदुर एकताका लागि खोलिएको भ्रातृ संगठन) को संस्थापक अध्यक्ष हुनुभयो । २०१७ सालमा प्रजातन्त्रको अपहरण भएपछि उहाँले तत्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला, नेता गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र अरू सयौं नेतासँग नजरबन्द र त्यसपछि सात वर्ष लगातार जेल सजाय् भोग्नुभयो । २१ दिन भोक-हडताल गरी उहाँ सन् १९६७ मा जेलबाट छुट्नुभयो । सन् १९८६ मा उहाँकी धर्मपत्नी सुष्मा कोइरालाको निधन भयो । कोइरालाले सन् १९७१ देखि भारतमा निर्वासित जीवन बिताउनुभयो । सन् १९७६ मा भारतको पटनामा भएको कांग्रेसको अधिवेशनमा महामन्त्रीमा निर्वाचित भएपछि उहाँ डेढ दशकसम्म (२०३३-४७) उक्त पदमा रही २०४८ को आमनिर्वाचिनपछि जननिर्वाचित प्रधानमन्त्री (२०४८ साल जेठ १२ देखि २०५१ मंसिरसम्म) रहनुभयो । प्रधानमन्त्री नियुक्त हुँदा कोइराला नेपाली कांग्रेसका महामन्त्री हुनुहुन्थ्यो । कोइराला २०४८ को आमनिर्वाचनमा मोरङ क्षेत्र नम्बर-१ सुनसरी क्षेत्र नम्बर-३ का साथै २०५१ सालको मध्यावधि निर्वाचनमा मोरङ क्षेत्र नम्बर-१ र सुनसरीको क्षेत्र नम्बर-५ बाट निर्वाचित हुनुभयो । २०५३ साल वैशाख २६-२८ मा काठमाडौंमा भएको नेकाको नवौं महाधिवेशनबाट उहाँ पार्टी सभापति हुनुभयो । सूर्यबहादुर थापाले प्रधानमन्त्री पदबाट राजीनामा गरेपछि उहाँ प्रतिनिधिसभामा सबैभन्दा ठूलो दल नेपाली कांग्रेस संसदीय दलका नेताका हैसियतले अल्पमतको सरकारको नेतृत्व गर्दै २०५४ साल चैत ३० गते दोस्रो पटक प्रधानमन्त्री पदमा नियुक्त हुनुभयो ।

२०५४ साल फागुन २१ गते प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेकपा एमाले विभाजन भएपछि नेपाली कांग्रेस प्रतिनिधिसभामा सबैभन्दा ठूलो दलका रूपमा स्थापित भयो । कोइराला नेतृत्वको सरकारमा पछि नेकपा एमाले विभाजन भएपछि बनेको दल नेपाल कम्युनिस्ट पार्टी माले सम्मिलित भयो । कोइराला नेपाली कांग्रेसका सभापति तथा संसदीय दलका नेता हुनुहुन्थ्यो । अल्पमत सरकारका प्रधानमन्त्रीले राजीनामा गरेपछि कोइराला नेपाली कांग्रेस, नेकपा एमाले आदिको संयुक्त सरकारको नेतृत्व गर्दै तेस्रो पटक २०५५ साल पुस ८ गते प्रधानमन्त्रीमा नियुक्त हुनुभयो । कांग्रेसको इतिहासमा पहिलोपल्ट भएको संसदीय दलको नेताको निर्वाचनमा विजयी भएपछि २०५६ साल चैत ७ गते चौथो पटक प्रधानमन्त्री पदमा नियुक्त भएका कोइरालाले २०५८ साल साउन ४ गते पदबाट राजीनामा दिनुभयो ।

जनआन्दोलन २ पछि २०६३ वैशाखमा उहाँ फेरि पाँचौं पटक प्रधानमन्त्री बन्नुभयो । संविधानसभाको निर्वाचन सम्पन्न गरेपछि उहाँले प्रधानमन्त्रीबाट राजीनामा दिनुभयो । लोकतन्त्र प्राप्तिपछि भारतीय प्रधानमन्त्री मनमोहन सिंहबाट एसियाकै महान् नेताको सम्मान पाएका कोइराला १० वर्ष लामो सशस्त्र युद्ध गरेको नेकपा माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन महत्त्वपूर्ण स्थानमा रहेर काम गर्नुभयो । संसारमै साम्यवादी आन्दोलन संकटमा रहेको चर्चाका बीच कोइराला सशस्त्र युद्धमा रहेको पार्टीलाई शान्ति प्रक्रियामा ल्याउन सफल हुनुभएकाले पनि उहाँको नाम विश्वमा चर्चित छ ।

०४६ को जनआन्दोलनपछि नेपालका कम्युनिस्टप्रति कडा रूपमा प्रस्तुत हुने कोइरालाको छवि कम्युनिस्ट विरोधीका रूपमा समेत चर्चामा थियो ।

२०४६ सालको जनआन्दोलन पछिको दशकमा उहाँको नाम कम्युनिस्ट विरोधीको पर्यायकै रूपमा आउने गरेको थियो । सुरुमा माओवादीलाई निस्तेज पार्न चालेको कदमका कारण उहाँ त्यतिबेला कम्युनिस्टका लागि अनुदार व्यक्तिका रूपमा चित्रित हुनुभयो । राजा ज्ञानेन्द्रले संकटकाल लगाई उहाँ लगायत अन्य संसदवादी दलका नेताहरूलाई नजरबन्द र गिरफ्तार गरेपछि कोइरालाले २०६२ सालमा जनयुद्ध लडिरहेको कम्युनिस्ट पार्टीसँग समेत हातेमालो गर्नुभयो । युद्धकालमै माओवादीसँग राजतन्त्रविरुद्ध सहमति गरेपछि कांग्रेसभित्रै समेत कोइरालाको कडा आलोचना भयो तर कोइरालाको व्यक्तित्वका अगाडि त्यो विरोध गौण बन्यो । पहिले राजतन्त्रका समर्थक कोइरालाले नै डेढ सय वर्ष पुरानो राजतन्त्रका विरुद्ध आन्दोलनको अगुवाइ गर्नुभएको थियो । लोकतन्त्र स्थापना भैसकेपछि पनि कोइराला नेपाली राजनीतिको केन्द्रभागमै रहनुभयो । कोइरालाकी एकमात्र छोरी सुजाता हाल एमाले नेतृत्वको सरकारमा उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री हुनुहुन्छ । नेपाली कांग्रेसमा परिवारवाद हावी भएको भन्दै कोइरालाले कडा आलोचना समेत खेप्नुपरेको थियो ।

# फेसबुकमा गिरिजाबाबु

पृष्ठ ३ बाट जारी

‘गिरिजाप्रसादमा मेरो भावपूर्ण श्रद्धाञ्जली छ, युगपुरुष कोइरालाप्रति समर्पित रहँदै म अब ७ दिन फेसबुक लग अन गर्दिनँ,’ गायक प्रकाश पौडेलले फेसबुकमा लेखेका छन्- ‘यो नै मेरो उनीप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ ।’

विराटनगरका अनन्त कोइरालाले गिरिजाप्रसाद कोइरालाप्रति श्रद्धाञ्जली प्रकट गर्न आएको जनसागरलाई लक्षित गर्दै फेसबुकमै टिप्पणी गरेका छन्, ‘मैले यत्तिको जनसागर उर्लिएको देखेको थिइनँ । जनताको छोरोलाई अन्तिम श्रद्धाञ्जली ।’ ‘राष्ट्रपतिमा उहाँसँग कम्प्रोमाइज गरेको भए यो देशलाई सहज निकासमा लैजान सकिने रहेछ भन्ने कुरा प्रचण्डले गिरिजाबाबुको मृत्युपछि मात्र थाहा पाएछन्,’ एक जनाले यस्तो स्ट्याटस पनि राखेका छन् । जसमा पनि विभिन्न थरीका कमेन्ट आएका छन् । विराटनगरका थुप्रै पत्रकारले अब हाम्रो स्कुप गुम्यो भनेर गिरिजाप्रसाद नहुँदा रानोविनाको मौरी बनेको अनुभूति फेसबुकमै प्रकट गरेका छन् । ‘गिरिजाप्रसाद कोइराला र विराटनगरका पत्रकारको निकटता मलाई थाहा छ, उनले विराटरनगरका पत्रकारलाई माया गर्थे, सत्य हो,’ कृष्ण वस्तीले लेखेका छन् ।

अमेरिकाबाट माधव गुरुङ लेख्छन्– नेपाली राजनीतिको ‘म्याजिक स्टिक’ समाएका भनिएका गिरिजाबाबुको निधनले नेपाली राजनीतिको वृत्तमा धेरै चुनौती र थोरै अवसर पैदा भएको छ तर टड्कारो प्रश्न खडा भएको छ, राजनैतिक निकासको नेतृत्व अब कसले गर्छ ? ‘तैं राजा मैं राजा कसले बोक्ने खाजा नै पो हुने हो कि ??’ पत्रकार रोशन सााावाले फेसबुकमै लेखे- ‘गिर्जा बाउको निधनले राष्ट्रलाई शोकमा त डुबायो नै, सुजाताको राजनीति पनि डुब्यो ।’

फेसबुकमै अन्जनी कोइराला लेख्छन्- ‘लोकतान्त्रिक गणतन्त्रका प्रवर्तक, शान्तिका दँत, राजनेता, महानायक, गणतन्त्रका पिता, राष्ट्रका अभिभावक, नेपाली राजनीतिका मियो, संसारका शान्तिप्रेमीको उदाहरणीय व्यक्तित्व, एसियाकै पाको, आदरणीय गिरिजाप्रसाद कोइरालाको दुखद निधन भएको घटनाले हामीलाई मर्माहत तुल्याएको छ । उहाँप्रति श्रद्धाञ्जली व्यक्त गर्दै उहाँको अठोट शान्ति र संविधान निर्माणको दिशामा लाग्न सकौं, यो नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ । फेसबुकमै गणेश लम्साल लेख्छन्- ‘अब एउटा इतिहासको अन्त्य भएकोछ । महानायक गिरिजाप्रसाद कोइरालाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न भोलि मंगलबार हडकडमा श्रद्धाञ्जली सभा आयोजना गरिने भनेर पत्रकार निर्मल श्रेष्ठले स्ट्याटस राखे ।

गिरिजाप्रसाद कोइरालाको निधनले सम्भवत: अहिलेसम्मकै सबैभन्दा बढी चर्चा पायो । खासगरी सामाजिक सञ्जालमा नेपालीहरूको व्यापक उपस्थिति रहेकाले पनि उनी यति चर्चामा आए । फेसबुकमै मधु पौडेलले लेखे– ‘गिरिजाको सम्मानबाट थाहा हुन्छ कि उनी वीरेन्द्रभन्दा कति महान् रहेछन् ? तर पनि मरण समय महत्त्वपूर्ण कुरा हो । वीरेन्द्र मर्दा नेपाली समाज सूचना तथा सञ्चार प्रविधिको उपयोगमा यति अभ्यस्त थिएन, तथापि गिरिजाप्रसादको लोकप्रियता भने यी चर्चाले पुष्टि गरेको भने साँचो हो । ‘आज शोकको घडीमा एउटा उक्ति, काटिएको वृक्ष बढ्न पनि सक्छ, क्षीण भएको चन्द्रमा पनि पुन: बढेर पूरा हुन्छ । यो कुरालाई सम्झेर सन्त पुरुष विपत्तिमा घबराउदैनन् ’ साँघु साप्ताहिकका सम्पादक गोपाल बुढाथोकी लेख्छन् । यस्तै पत्रकार दीपेन्द्र लामा लेख्छन्- ‘जनताले शान्ति पाउँछन् कि पाउँदैनन् तर गिरिजाबाबुले पाउनुभो चिरशान्ति !’

# साँच्चैका हिरो थिए, जीपी कोइराला



स्मृतिमा गिरिजा प्र. कोइराला

उनी राजनैतिक मात्र होइन आकर्षक व्यक्तित्वका 'हिरो' समेत थिए । टिमिक्क मिलेको सेतो दौरा-सुरुवाल, कालो ढाकाटोपी र कालै कोटले सजिएका महानायक जीपी कोइरालालाई देख्दा थुप्रै महिला मोहित हुन्थे । तेजिलो आँखा, चम्किलो छाला र उच्च कदका कोइरालामा सबैलाई आकर्षण गर्ने एक प्रकारको चुम्बकीय शक्ति थियो । सर्वसाधारण नेपाली महिलामात्र होइनन्, पर्दामा देखिने आकर्षक षोडसीहरू पनि उनको कान्तिमय छविको खुलेर बयान गर्थे ।

'ओहो ! गिरिजाबाबु ? उनी त मेरा सबैभन्दा प्रिय हुन् नि, ८७ वर्षको उमेरमा पनि छाला १९ वर्षे युवतीको जस्तो आकर्षक छ ।' गिरिजाप्रसाद कोइराला जीवित रहँदै उनका बारेमा साप्ताहिकसँगको कुराकानीमा आरजे एवं कोरियोग्राफर कला सुब्बाले भनेकी थिइन्- 'उहाँले आफ्नो शरीरलाई फिट राख्न सक्नु पनि अर्को आकर्षक पक्ष हो ।' अग्लो कदका गिरिजाबाबुको अट्र्याक्टिभ पर्सनालिटी नै सबैभन्दा मुख्य कुरा भएको कलाले बताएकी थिइन् । कलाका अनुसार बुढेसकालमा पनि उहाँको सक्रियताले सबैलाई आश्चर्यमा पार्थ्यो ।

नेपाली रजतपटकी नायिका रेखा थापा पनि जीपी कोइरालाको लोभलाग्दो फिगरकी प्रशंसक हुन् । 'गिरिजाबाबु साँच्चै नै सेक्सी छन्' नायिका रेखा थापाले भनेकी थिइन्- 'उनको हाइट, फिटनेस, सुहाउँदो फेसन र एग्रेसिभ नेचरले ह्यान्डसम पुरुषको झझल्को दिन्छ ।' सानो छँदैदेखि देखेका गिरिजाप्रसाद सधैं मनमा बसेको उनको भनाइ छ, मैले सधैं मेरो मनको कुनामा उहाँलाई राखेकी छु, उनले भनेकी थिइन् ।

जीपी कोइरालाले आफ्नो ओजपूर्ण व्यक्तित्वलाई जीवनको उत्तरार्द्धसम्म पनि निभ्न दिएका थिएनन् । त्यतिबेला प्रणय दिवसका अवसरमा आकर्षक पुरुषका सम्बन्धमा साप्ताहिकले गरेको सर्वेक्षणमा सहभागीहरूमध्ये अधिकांशले उनको व्यक्तित्वबाट प्रभावित भएको बताएका थिए । जसअन्तर्गत नेपालका आकर्षक १० पुरुषको छनौटमा सर्वाधिक रुचाइएको नाम थियो- गिरिजाप्रसाद कोइराला । उक्त सर्वेक्षण सबैभन्दा धेरै मत पाएर पनि उमेरका कारण



कोइरालालाई विशिष्ट आकर्षक व्यक्तित्वको सम्मान दिंदै उत्कृष्ट १० मा राखिएको थिएन ।

'नेपालीपन झल्कने आकर्षक व्यक्तित्व तथा सफा गेटअप' महानायक गिरिजाप्रसाद कोइरालाका बारेमा प्रतिक्रिया दिंदै नायिका सञ्चिता लुइँटेलले भनेकी थिइन्- 'म कोइरालाको व्यक्तित्वबाट सधैं प्रभावित रहैं । कोइरालाको स्पष्ट बोल्ने शैलीबाट म सधै प्रभावित छु ।' सञ्चिताले भनेकी थिइन्- 'देशलाई हाँक्न पनि गिरिजाबाबु सक्षम नेता हो ।'

यस्तै अर्की नायिका ऋचासिंह ठकुरीले बुढेसकालमा पनि चम्किलो अनुहार भएको भन्दै कोइरालाको व्यक्तित्वप्रति आकर्षित भएको बताएकी थिइन् । जति-जति उमेरका सिंढीहरू उक्लिँदै गए उति नै गिरिजाप्रसाद कोइरालाको व्यक्तित्व आकर्षक बन्दै गएको थियो । राष्ट्रिय राजनीतिका सबैभन्दा प्रभावशाली कोइरालाले आफ्नो व्यक्तित्वलाई पनि उमेरसँगै निखार्दै लगेको पाइन्छ । त्यसो त पहिरन र सरसफाइमा उनी निकै संवेदशील थिए ।

जतिसुकै व्यस्त रहे पनि उनको दैनिकी नियमित हुन्थ्यो, त्यसैले पनि उनी सधै सबै कुरामा आफूलाई चुस्त राख्थे, कोइराला परिवारका सदस्यहरूका अनुसार कोइरालाको ओजस्वी व्यक्तित्वका सम्बन्धमा नेपालमा मात्र होइन विदेशमा पनि त्यत्तिकै प्रशंसा हुन्थ्यो । बलिउड नायिका मनीषा कोइरालाका कान्छा हजुरबुबा जीपी कोइराला जुनसुकै सभा, समारोह एवं अनौपचारिक कार्यक्रममा पनि आकर्षक ढंगले प्रस्तुत हुन्थे । कोइरालाले खाने, बस्ने, सुत्नेजस्ता दैनिकीमा खासै उतार-चढाव आउन दिएनन् । दौरा-सुरुवाल, कालो कोट, कालै टोपी र भारतीय लिबर्टी

**बाँकी पृष्ठ ९ मा**







# गिरिजाप्रसाद : भौतिक शरीरको अन्त्य

## कसले के भने ?



स्मृतिमा गिरिजा प्र. कोइराला

कोइराला नेपालका सर्वोच्च नेता एवं दक्षिण एसियाका वरिष्ठ नेता थिए । उनी नेपाली राजनीतिका असल नेताका रूपमा हाम्रा मार्गदर्शक पनि हुन् । कोइराला नेपाल र भारत सम्बन्धका असल सल्लाहकार पनि थिए । कोइरालाको निधनले नेपाली राजनीतिमा एक युगको अन्त्य भएको छ ।

**मनमोहन सिंह, प्रधानमन्त्री, भारत**

नेपाल र चीनबीचको सम्बन्धमा कोइरालाको पाकोपनले ठूलो भूमिका खेलेको छ । उनले छिमेकी राष्ट्रका रूपमा चीन-नेपाल सम्बन्धलाई राम्रो आयाम दिएका थिए । कोइरालाको निधन नेपाल राष्ट्रका लागि अपूरणीय क्षति हो ।

**क्यु गो हान, राजदूत**
**चिनियाँ प्रधानमन्त्रीका तर्फबाट**

गिरिजाप्रसाद कोइराला नेपालको प्रजातन्त्र र शान्ति-प्रक्रियाका लागि विकल्पहीन नेता थिए । उनको निधनले संयुक्त राज्य अमेरिकालाई नेपालको शान्ति-प्रक्रिया कसरी अघि बढ्छ भन्ने चिन्ता लागेको छ ।

**अमेरिकी राजदूतावास**

नेपालको शान्ति-प्रक्रियालाई यो अवस्थासम्म ल्याइपुऱ्याउन कोइरालाको योगदान अतुलनीय छ । उहाँ शान्ति-प्रक्रियाको असली पहरेदार हुनुहुन्थ्यो । कोइरालाले लिएको शान्तिको अडान र शैली सबैका लागि अनुकरणीय छ ।

**करिन ल्यान्डग्रेन, अनमिन प्रमुख**

भारतीय स्वतन्त्रता संग्राममा नेपालका धेरै राजनेताले योगदान गरेका थिए । तीमध्ये जिपी अन्तिम नेता हुन् । उनको सम्मानमा भारत सरकारले हामीलाई औपचारिक रूपमा समवेदना दिन पठाएको हो । जीपीको निधन नेपालका लागि मात्र होइन, भारतका लागि पनि अपूरणीय क्षति हो ।

**प्रणव मुखर्जी, वित्तमन्त्री, भारत**

कोइरालाले नेपालमा प्रजातन्त्र र नेपाल-भारत सम्बन्ध मजबुत बनाउन ठूलो भूमिका खेलेका छन् । उनको मृत्युबाट नेपाल, भारत र दक्षिण एसियालाई मात्र होइन, उनले अथक काम गरेको प्रजातन्त्र र शान्तिलाई समेत अपूरणीय क्षति पुऱ्याएको छ ।

**मीरा कुमार, सभामुख, लोकसभा, भारत**

कोइरालाको अनुभव, प्रतिबद्धता र अथक नेतृत्व वर्तमान र भविष्यका पुस्ताका लागि प्रेरणाको स्रोत हुनेछ । उनको मृत्युबाट नेपालले रिक्तता अनुभव गर्नेछ ।

**एसएम कृष्णा, विदेशमन्त्री, भारत**

कोइरालाको निधन नेपाल र जारी शान्ति प्रक्रियाका लागि ठूलो क्षति हो । हामी उहाँलाई राष्ट्रसंघ र यसको सिद्धान्तप्रति गहिरो आस्था राख्ने असल मित्रका रूपमा सम्झँदैछौं । कोइरालालाई विश्व समुदायले बहुलवाद र विश्व सहकार्यका लागि आवाज बुलन्द गर्ने व्यक्तिका रूपमा स्मरण गरिनेछ ।

**बान कि मुन, महासचिव, संयुक्त राष्ट्रसंघ**

कोइराला लोकतन्त्रप्रतिको समपर्ण र शान्ति अभियन्ताका रूपमा बेलायतका पनि आदर्श व्यक्ति हुन् । यस्ता व्यक्तिको निधन प्रजातन्त्रमा विश्वास राख्ने सबै मुलुकका लागि अपूरणीय क्षति हो ।

**डेभिड मिलिवान्ड, विदेशमन्त्री, बेलायत**

कोइराला हाम्रो परिवारको समेत अभिभावक हुनुहुन्थ्यो । मैले मेरी सासू इन्दिरा गान्धी र श्रीमान् राजीव गान्धीबाट बारम्बार उहाँको नाम सुनेकी थिएँ । उहाँको निधनपछि दक्षिण एसियाले एउटा राजनैतिक अभिभावक गुमाएको छ ।

**सोनिया गान्धी, अध्यक्ष, कांग्रेस आई**



कोइराला मेरा अनन्य मित्र थिए । हामीबीच अन्तरंग कुराकानी हुन्थ्यो । उनको निधनले मैले एउटा अभिन्न मित्र गुमाएको छु । त्योभन्दा बढी कोइराला असल राजनीतिज्ञ थिए । यसले भारतलाई पनि क्षति पुगेको छ ।

**अटलविहारी बाजपेयी,**
**पूर्वप्रधानमन्त्री, भारत**

म यतिखेर नेपालको शान्ति-प्रक्रिया कसरी अघि बढ्ला भनेर चिन्तन गरिहरेको छु । कोइराला हुँदा शान्ति-प्रक्रिया टुंगोमा पुग्छ भन्ने जुन विश्वास थियो, त्यो कमजोर हुनु स्वाभाविक पनि हो । उहाँ सच्चा लोकतन्त्रवादी हुनुहुन्थ्यो । म यो वियोगप्रति भावविभोर भएको छु ।

**जिमी कार्टर, पूर्वराष्ट्रपति, अमेरिका**

गिरिजाप्रसाद कोइरालापछि विदेशमा विश्वासप्राप्त नेपाली नेता निकै कम छन् ।

**बीबीसी टेलिभिजन र रेडियो**

कोइरालाले म मरे पनि शान्ति-प्रक्रियाका लागि म भूत बनेर झकझक्याउन आउँछु भनेर हामीसँगको अन्तर्वार्तामा भनेका थिए । पूर्वजन्म र पुनर्जन्ममा विश्वास राख्ने कोइरालाको यो भनाइबाट उनी शान्ति-प्रक्रियाका लागि कति चिन्तित थिए भन्ने कुरा बुझ्न गाह्रो छैन ।

**अलजजिरा टेलिभिजन**

नेपालमा भएका सबैजसो क्रान्तिमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने अवसर कोइरालाले पाएका छन् । यस्तो भूमिका निर्वाह गर्न विश्वका ठूला नेतालाई पनि जुरेको देखिँदैन ।

**एपी**

कोइराला कम बोल्ने तर गरेरै छाड्ने नेताका रूपमा परिचित थिए ।

**रोयटर्स**

यतिबेला नेपालीहरू पूर्ण शोकमा छन्, चाहे त्यो विपक्षी माओवादी नै किन नहोस् ।

**एएफपी**

सबै दलले कोइरालालाई अभिभावकका रूपमा व्याख्या गरिरहेका छन् । यस्तो सम्मान धेरै कम नेतालाई मिल्छ ।

**सिन्ह्वा**

वृद्ध कोइरालाको निधनभन्दा शान्ति-प्रक्रिया कतै भाँडिने त होइन भन्ने कुरामा नेपालीहरूबीच चिन्ता छ । कम्तीमा अरू दुई-चार महिना बाँचिदिएको भए हुन्थ्यो भन्ने आमनेपालीको चाहनाबाट पनि उनी शान्ति-प्रक्रियाका शीर्ष स्थानमा थिए भन्ने पुष्टि हुन्छ ।

**टाइम्स अफ इन्डिया**


100% फिट्नेस
ग्यारेन्टीका साथ
जाँड-रक्सी
गाँजा, चुरोट छुटाउन ।
सफल हर्बल चुर्ण
Home Delivery Service
मोटोपना घटाउन/तौल बढाउन
ग्याष्ट्रिक, बाथ, मधुमेह, पिनास, अल्सर
पोतो/चायाँ, डण्डिफोर, मुसा हटाउन
जस्तेसुकै यौन दुर्बलता र कमजोरीका लागि
स्तन घटाउन, बढाउन गुप्ताङ्ग टाईट गर्न
4276068, 4336701
9803502259, 9841981976

SWIMMING !
SWIMMING !!
SWIMMING !!!
TRAINING!
By Lady Instructor
Only for Female
Contact:
55536057, 5523082
9841208749

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper
तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

हाईट बढाउने ?
३ महिनामा ४" उचाई बढाउने
✪ केश झर्न तुरुन्तै रोकी उमार्ने
✪ १ महिनामा चाहेजती ब्रेष्ट बढाउने र घटाउन
✪ जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
✪ तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
✪ १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
✪ प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल, (पाटन हस्पिटल अगाडी)
फोन : 5004046, 5550195
मोवाइल : 9851112675

होटल तालिम विशेष छुटमा
२००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
३ महिने कुकमा FREE ENGLISH LANGUAGE
थप Industrial Training लाई Star Hotel मा पठाइने
आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी
4464720, 9841-891131, 98510-93629

चिरा
महिलाहरुको पेट तथा छातीमा देखिने दाग/सेतो धर्साको सफल उपचार ।
जाँड-रक्सी
सुर्ति, चुरोट छुटाउने
ब्राण्डेड 'हर्बल चुर्ण'
● मोटोपना घटाउन/तौल बढाउन
● चाँया-पोतो, डण्डिफोर साथै चाउरीपना हटाउन
● कपाल सम्बन्धी कस्मेटिक उपचार
"A Complete Herbal Concern"
फ्रि डेलिभरि
सम्पर्क: डिल्लीबजार, ओरालो
4438630, 4442133
98511-10326, पोखरा: 98461-37418
चितवन: 98451-59169, हेटौंडा-97450-35945

20% Discount on
MONTESSORI Training
• Montessori Training
• Primary Teacher Training
• In-charge/coordinator Training
• Child Care Training
Job Assured.
CTF Nepal
Bagbazar, Yeti Plaza (Opp.to P.K)
01-2004747,01-4265637
E-mail: ctfnepal@gmail.com

छिटो गर्नुहोस
नि:शुल्क १० जना
८ वा ९ पास / ९ ,१० वा SLC फेल / उमेर नाघेका / जागिरे गर्दै.....
१ वर्षमानै SLC पास गर्ने हो ?
प्राईभेट TEST/ SLC
067 मा नयाँ भर्ना
समय:– बिहान/दिउँसो
माध्यम:–नेपाली/अंग्रेजी
D.E.O.- काठमाण्डौ र EIA नेपाल बाट स्वीकृती प्राप्त
बिस्तृत जानकारीको लागि
कोसेट ओपन स्कुल
२१६०७३६, ९८४१२६४५१४
लाजिम्पाट (प्रहरी बिट सँगै)
कामना स्कुल
४६००३३५, ४६०१८७८, ९८४१२६८४०९
कोटेश्वर, चोक

चाहियो
एक प्रतिष्ठित कम्पनीको लागि कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले सम्पर्क राख्नुहोला ।

| पद | संख्या | योग्यता | तलब |
|---|---|---|---|
| सेक्यूरिटि गार्ड | १० | साधारण | १६,०००।- |
| पुरुष | ११ | Test/SLC | १३,०००।- |
| महिला | ११ | Test/SLC | १३,०००।- |

Contact
9808458193
9808517766
9808517765
सेक्यूरिटि गार्डले काम गर्ने स्थान भारत
शनिवार पनी अफिस खुला रहने छ ।

खुल्यो ! खुल्यो !! खुल्यो !!!
१००% प्राक्टीकल
नेपालमै पहिलो पटक
CCTV, Security System, Fire alarm control system, Embedded System Design, Mastering 8051 Microcontroller तथा Electrical, Electronic विषयहरुमा अनुभवी इन्जीनियर तथा दक्ष प्राविधिकद्वारा प्रशिक्षणको तालिम खुल्यो । धमाधम भर्ना लिइदैछ, सिट सिमीत छ ।
प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र प्रा.लि,
अद्वैतमार्ग, पुरानो बसपार्क, काठमाण्डौ
४२४६९३६, ९८०२०३१७६६

होटल तालिम भारी छुटमा
छैटौं बर्ष पुरा गरी सातौं बर्षमा प्रवेश गरेको उपलक्ष्यमा भारी छुटका साथ
कुक, वेटर, वार, हाउसकिपीङ्ग, तालिमहरु
↳ कुक तालिममा वेटर/वेट्रेस फ्रि
↳ वेटर तालिममा वार ट्रेनिङ्ग फ्रि
↳ वेटर, वार ट्रेनिङ्गमा हाउसकिपिङ्ग फ्रि
↳ स्पेशल कुक तालिममा भारी छुट
साथै
स्पेशल अरविक कुक तालिम गल्फ देश जानेहरुका लागि
EMTC नयाँबानेश्वर, थापागाउँ ☎ 4483969

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training सँचालन गरिदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलमुनि
Tel: - 4249576

नि: शुल्क
वेटर तालिम
-मात्र १५ जनालाई
-पाँचतारे होटलमा प्राक्टिकल
-विद्यार्थी बेरोजगारी र विदेश जानेलाई ग्राह्यता
-दिनको रु.१००/-३५०/ सम्म भत्ता (४,०००)
किङ्गस एकेडेमी
कोटेश्वर-३५(महादेवस्थान जाने बाटोको मुखैमा)
फोन नं.: ४६००२४५, ९८४१५६०१३९, 9803463106

# गिरिजाप्रसाद : भौतिक शरीरको अन्त्य

## कसले के भने ?



स्मृतिमा गिरिजा प्र. कोइराला



२००७ सालअघिदेखि नै मेरो र गिरिजाबाबुको सम्बन्ध थियो। उहाँले भाषण गर्दा वंशीको घरबाट मैले राजनीति प्रारम्भ गरेको भन्नुहुन्थ्यो। यसो भन्दा मेरो छाती गर्वले फुल्थ्यो। दुई वर्षअघि उहाँ विराटनगर जाँदा मलाई भेट्ने इच्छा भयो। मैले खबर पठाएँ। मेरो नाम सुन्नेबित्तिकै मलाई लिन घर तलै झर्नुभयो। २००८ सालमा मेरो छोरालाई पढाउनुपर्छ भन्दै आदर्श विद्यालय (विराटनगर) मा नाम लेखाइदिनुभयो। त्यसबेला मेरो छोराको अभिभावकमा उहाँकै नाम थियो। म एउटा दुर्गम मधेसी गाउँको अनपढ मान्छे हुँ। तैपनि म गिरिजाबाबुको परिवारको सदस्य हुँ भन्ने लाग्छ। आज म सय वर्ष पुग्न लागें। उहाँको मृत्युअघि मेरो मृत्यु किन भएन, मलाई यही दुःख छ।

**वंशी मेहता, मित्र, सुनसरी**

गिरिजाको मृत्युपछि चार भाइ र पाँच बहिनीमा अब म मात्र बाँकी रहें। धेरै कुरा बिर्सिसके, तर पनि ५० वर्षअघिका सम्झना स्मृतिमा छन्। त्यसमध्ये २००३ सालमा जुटमिलमा हड्ताल गर्दा गिरिजालाई राणा सरकारले पक्राउ गरेको थियो। त्यसबेला उनलाई ६ महिना जेलमा थुने। जेल जानुअघि उनी कम्युनिस्ट विचारधाराबाट प्रभावित थिए, तर जेलबाट निस्किएपछि उनी पूर्ण रूपमा कांग्रेस भए। दिदी भए पनि उनले मलाई तू नै भनेर बोलाउँथे। नेपाली कांग्रेसमा उनको मृत्युको क्षति कसैले पूरा गर्न सक्दैन।

**इन्दिरा आचार्य, दिदी, वर्ष ८८**

म ४३ वर्षदेखि कोइराला निवासमा छु। यति लामो समयसम्म मैले गिरिजाबाबुको स्वभावको अध्ययन गर्दा के पाएँ भने उहाँ वास्तविक अभिभावक हुनुहुन्थ्यो। जस्तोसुकै होस्, उहाँले कसैलाई च्याप्ने र कसैलाई कम माया गर्नुभएन। सधैं सबैलाई एकनासले हेरचाह गर्ने, सोधपुछ गर्ने उहाँको बानी थियो। विराटनगर आउँदा मलाई हलुका महसुस हुन्छ भन्नुहुन्थ्यो। परिवारका सबै सदस्यका बारेमा सोधपुछ गर्नुहुन्थ्यो। व्यक्तिगत ठट्टा पनि गर्नुहुन्थ्यो। उहाँलाई ताजा घिउ र भात निकै मन पर्थ्यो। छालीसँग पनि रमाई-रमाई भात खानुहुन्थ्यो, तर मलाई यो मन पर्छ, यस्तो तरकारी पकाऊ भनेर कहिलै भन्नुभएन। उहाँ सधैं चार बजे उठ्नुहुन्थ्यो। एक घण्टासम्म चुप लागेर बस्नुहुन्थ्यो। ५ बजे चिया पुर्‍याएपछि उहाँको दैनिकी सुरु हुन्थ्यो।

**उमा शर्मा, पारिवारिक सदस्य**

पिताजी कृष्णप्रसाद कोइराला र मेरा बुबा सुगनमल नौलखियाबीच राम्रो सम्बन्ध थियो। त्यसैले गिरिजा र मबीच सानैदेखि मित्रता बस्यो। पिताजीले मलाई र गिरिजाबाबुलाई हात समातेर आदर्श स्कुल पुर्‍याउनुहुन्थ्यो। मभन्दा गिरिजाबाबु ३ वर्ष जेठो हुनुहुन्थ्यो, त्यसैले म उहाँलाई दाजुका रूपमा हेर्थें, उहाँ भने मलाई सधैं साथीकै दर्जा दिनुहुन्थ्यो। उहाँले नै मलाई जुटमिलमा विद्रोह गर्ने कुरा बताउनुभएको थियो। मैले उहाँलाई साथ दिएको थिएँ। सानैदेखि चोर औंला उठाएर कुरा गर्ने स्वभाव थियो उहाँको। हेर्दा रिसाहाजस्तो देखिए पनि उहाँ कहिलै झगडा गर्नुहुन्नथ्यो। उहाँ जहिले पनि बीपीको विचारलाई कार्यान्वयन गर्नुपर्छ भन्नुहुन्थ्यो।

**भीमराज नौलखा**
**बाल्यकालका साथी, वर्ष ८२**

गिरिजाबाबु देशको ठूलो मान्छे हो भन्ने सुनिन्थ्यो, तर उहाँ कति ठूलो हो त्यो मलाई कहिल्यै थाहा भएन। किनभने ठूला मानिससँग मानिस डराउँछन्। उनीहरू मानसम्मान खोज्छन्। सबैको सोधखोज गर्ने समय उनीहरूलाई हुँदैन, तर गिरिजाबाबु साह्रै मायालु हुनुहुन्थ्यो। खाना खायौ कि खाएनौ ? सञ्चो छ कि छैन ? छोराछोरी के गर्दैछन् ? के समस्या छ ? आदि कुरा सोध्नुहुन्थ्यो। जे पाकेको छ, त्यही खानुहुन्थ्यो। साह्रै माया गर्नुहुन्थ्यो। सबै मानिस उहाँ देशको प्रधानमन्त्री हो भन्थे। मलाई त सधैंभरि मेरो अभिभावकबाहेक अरू केही हो भन्ने कहिल्यै लागेन।

**शर्मिला नेपाली**
**सहयोगी, कोइराला निवास**

सबैले मलाई सुनाउँथे, उहाँ कम्युनिस्टविरोधी हो, तर उहाँले कम्युनिस्टलाई गाली गरेको मैले कहिल्यै सुनिनँ। बरु बाटो बिराएका केटाहरू भनेर चिन्ता गर्नुहुन्थ्यो। माओवादीजस्तो कट्टर कम्युनिस्ट पार्टीलाई शान्ति-प्रक्रियामा ल्याउनुभयो। उहाँ सबै नेपालीको अभिभावक हुनुहुन्थ्यो। कुनै दलविशेषका नेताजस्तो पार्टी र गैरपार्टी भनेर छुट्याएको मैले पाइनँ।

**गोकर्ण पौडेल, निजी सहयोगी**

गिरिजाबाबुलाई कुरिलो, तीन टुक्रा मासु र साग नियमित चाहिन्थ्यो। उहाँ सधैं एकनासको खाना खानुहुन्थ्यो। ठिक्क खानुहुन्थ्यो। एउटै समयमा खानुहुन्थ्यो। सधैं तीन बजे उठ्नुहुन्थ्यो। पाँच बजेसम्म कसैसँग भेट्नुहुन्नथ्यो। डाक्टरहरूले यही कारण उहाँ लामो समय बाँच्नुभएको हो भन्ने गरेका थिए।

**सूर्यनारायण उराँव, भान्छे**

म १२ वर्षको हुँदा गिरिजाबाबुसँग बस्न थालेको हुँ। म उहाँका सबै व्यक्तिगत काम गर्थें। यत्रो अवधिमा मैले उहाँरिसाएको कहिल्यै थाहा पाइनँ। पछिल्लो समयमा उहाँलाई दिसा-पिसाब गराउन बाथरुम लानुपर्थ्यो। व्यक्तिगत काममा मेरो सहयोग लिनुपर्दा उहाँ दुःखी हुनुहुन्थ्यो। मैले तिमीहरूलाई दुःख दिएँ भन्नुहुन्थ्यो। मेरो कारणले अरूलाई दुःख नहोस् भन्ने उहाँको सोच थियो।

**देवनारायण सरदार, सहयोगी**

उदारीकरणका पक्षधर कोइरालाको निधनबाट निजी क्षेत्रले आफ्नो अभिभावक गुमाएको महसुस गरेको छ। हामी उहाँको सम्मानमा स्वतःस्फूर्त रूपमा औद्योगिक एवं कलकारखाना बन्द गर्छौं। कोइरालाको निधन राष्ट्रको अपूरणीय क्षति हो।

**नेपाल उद्योग–वाणिज्य महासंघ**

उद्योग व्यवसायीलाई बिना अवरोध काम गर्न दिनुपर्छ भन्ने मान्यता बोकेका गिरिजाप्रसाद कोइरालाको निधनले हामीलाई गहिरो चोट लागेको छ। यसबेला समग्र औद्योगिक क्षेत्र टुहुरो भएको महसुस गरिरहेको छ।

**नेपाल चेम्बर अफ कमर्स**

नेपालमा उदारीकरणको प्रारम्भ गर्ने सच्चा नेताका रूपमा उद्योगी–व्यवसायीहरूले सदा उहाँको स्मरण गर्नेछन्। आज नेपालले जे–जति आर्थिक उन्नति हासिल गर्न सक्यो, त्यसमा कोइरालाको सोचले महत्त्वपूर्ण भूमिका खेलेको कुरा इतिहासमा अंकित हुनेछ।

**नेपाल उद्योग परिसंघ**

कोइराला नेपाली नागरिकका तर्फबाट प्रथम राष्ट्राध्यक्ष पनि हुन्। यो आमजनताका लागि गौरवको कुरा हो।

**नेपाल विज्ञापन संघ**

कोइरालाको मृत्युको खबरले सम्पूर्ण गैरआवासीय नेपाली समुदायलाई स्तब्ध र मर्माहत तुल्याएको छ। हामी कोइरालाको अनुपस्थितिमा नेपालको राजनीति बिग्रिएला कि भन्ने कुरामा चिन्तित छौं। कोइराला हुन्जेल यस्तो चिन्ता टरेर जाने विश्वास हुन्थ्यो।

**गैरआवासीय नेपाली महासंघ**

गणतन्त्र नेपालको नयाँ संविधान निर्माणमा कोइरालाको भौतिक उपस्थिति हुन नसके पनि उहाँले प्रदान गरेको मार्गदर्शन र चिन्तन नेपालको राजनैतिक निकासका लागि प्रेरणादायी छ भन्ने कुरा अन्य नेताले बुझ्नुपर्छ।

**नेपाल घरेलु तथा साना उद्योग महासंघ**

नेपाललाई पर्यटनबाट माथि उठाउन सकिन्छ भन्ने विश्वास भएका कोइरालाको निधनले हामी टुहुरो भएको महसुस गरिरहेका छौं।

**होटल संघ, नेपाल**

स्वतन्त्र र बाधारहित सञ्चारमाध्यमका विषयमा कोइरालाले लिने अडान सबै सञ्चारकर्मीका लागि साहसको विषय हुन्थ्यो। प्रेम स्वतन्त्रता र मानवअधिकारको पक्षमा उभिनु कोइरालाको पहिचान थियो।

**धर्मेन्द्र झा, नेपाल पत्रकार महासंघ**

कोइराला शान्ति–प्रक्रियाका महानायक थिए। उनको निधनले शान्ति–प्रक्रिया कतै अन्यौलमा पर्ने त होइन भन्ने चिन्ताले सताएको छ।

**इन्सेक**


100 % रोजगार मूलक
होटल तालिम
● कुक ● वेटर ● हाउसकिपिङ
अंग्रेजी/नेपाली दुवैमा थप प्राक्टिकल पाँचतारेमा अंग्रेजी भाषा निःशुल्क
७ बर्षे अनुभव ४/५ स्थलमा कार्यरत प्रशिक्षक विशेष छुट प्याकेज
KMDC
(कामना मेनपावर डेप्लपमेन्ट सेन्टर प्रा.लि.
कोटेश्वर चोक, ४६०१८७८/४६००३३५



आवश्यकता





निर्यात उद्योगको लागि काँटी र क्रुसले बुन्न जान्नेहरु तथा JUKI सिलाइ मेशीन जान्नेहरुले तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्कः रेणुजी, फोन ४२६००७३, ४२६९७०१
फोन गर्ने समयः १०-५ बजे (शनिबार बन्द)



Language & Computer
English: Elementary, Intermediate, Advanced & Special Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive method.)
Japanese/German/Chinese/French/Spanish.. classes
Computer: Basic/Advanced/Accnt./Graphic..
TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Study Abroad: USA, UK Canada, Australia.. Wide range of courses, Free counselling..





Our Products: Language books/Cassettes/CDs/Video DVDs ....
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Eagle Eye UN POL (SAT) Prepn. Book with audio CD Price: Rs. 280/-
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Face to Face Language Videos Price: Rs. 160/-
Interactive English Language Videos Price: Rs. 260/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945 OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other institutes called OLC don't belong to us!)



नयाँ! Protein Hair®
अभूतपूर्व अब नेपालमा उपलब्ध
रंग नउड्ने, नअल्झिने, अति कम झर्ने, अति मुलायम र धेरै टिकाउ
पौडिन, नुहाउन, अनि सुत्न कति पनि समस्या नहुने।





* नयाँ PROTEIN HAIR पुनःस्थापन - रू. १८,000/-
* पुरानै प्रविधिको - रू. ११,५00/-
* नयाँ PROTEIN HAIR प्रयोग गर्न चाहनु हुन्छ भने तपाईंको पुरानो प्रविधिको कपाल पुनःस्थापन हामी किन्ने छौं। (यो सिनामंगलको ग्राहकलाई लागु हुने छैन।)
फोन: ४११०७३३ | सम्पर्क सिंह
प्रोटिन हेयर डिजाईन काठमाडौ
प्रोटिन हेयर डिजाईन काठमाडौ प्रा.लि. (सुन्दर सिंहको ब्यवस्थापनमा)
सिनामंगल-९, पो.ब. २०३९७, ब्लु होस्टेल बिल्डिङ्, काठमाडौं
मोबाइल : ९८५१०-६७५४० (सिंह) E-mail: KATHMANDU@EASYHAIRGROUP.COM




# स्व. गिरिजाप्रसाद कोइराला

जन्म: वि.सं. १९८१ असार १८ गते मंगलबार

देहावसान: २०६६ चैत ७ गते शनिबार

# जीपीको जीवनका रोचकपक्षहरु


स्मृतिमा गिरिजा प्र. कोइराला

'म जे भन्छु त्यो गर्छु, जे गर्छु त्यो भन्छु' यो कुनै फिल्मी डायलग होइन, तर पनि बालकदेखि वृद्धसम्मलाई यो डायलग र डायलगका नायक को हुन् भन्ने कुरा थाहा छ । उनको अहिलेसम्मको यात्रालाई समष्टिमा विश्लेषण गर्दा उनी वास्तवमै बोलेको कुरामा अडिग रहन्थे । त्यो पनि उनको व्यक्तित्वको परिचय थियो ।

उनी अर्थात् गिरिजाप्रसाद कोइराला गिरिजाप्रसाद एक्सन ओरिएन्टेड म्यान थिए, यो कुरा सूर्यबहादुर थापाले भनेका हुन् । एक्सन ओरिएन्टेड म्यान भएकैले हुनसक्छ, उनले जमानामा ७ पटक शोले चलचित्र हेरेका थिए । गब्बरसिंहको अभिनय उनलाई खुबै मनपर्थ्यो । सधैं सान्दाजु अर्थात् बीपी कोइरालाको मार्गदर्शनमा हिँडिरहेका क्रान्ति लडाकु बीपीको अवसानपछि पनि लक्ष्यतर्फ अविचलित रहे । ०४६ सालमा उनी पार्टीको महामन्त्री रहेकै बेला प्रजातन्त्र पुनर्स्थापना भएको थियो । यसपछि उनी ०४८ को आमनिर्वाचनमा दुई स्थानमा चुनाव जितेर दोस्रो जननिर्वाचित प्रधानमन्त्री भएका थिए ।

• २०३५ सालको कुरा हो । गिरिजाप्रसाद कोइराला महामन्त्री थिए । जनमत-संग्रह गर्ने-नगर्ने विषयमा बीपीको राजासँग कुराकानी भैरहेको थियो । एक दिन राजालाई भेटेर आएका बीपीले विराटनगर रहेका गिरिजाप्रसादलाई चिठी लेखे– 'राजाले रिफरेन्डममा जाने सहमति गरेका छन्, के गर्ने ?' चिठी पढेपछि गिरिजाप्रसाद फारविसगन्ज पुगे । उनी फारविसगन्ज पुग्नुको अर्थ थियो, रिफरेन्डमको अर्थ खोज्नु ? उनले त्यहाँ पुगेर डिक्सनेरी पल्टाएर हेरे र थाहा पाए– अब जनमत-संग्रह हुने रहेछ भनेर । पार्टीको महामन्त्रीजस्तो उच्च पदमा रहेको व्यक्तिमा पनि यति ज्ञान नहुनु अचम्म लाग्ने कुरो थियो । त्यसपछि गिरिजाप्रसादले सबै क्षेत्रमा आफूलाई खरो रूपमा उतार्ने ईख लिएर अघि बढेका थिए ।

गिरिजाप्रसाद गीत, संगीत र चलचित्रमा विशेष रुचि राख्थे । उनी क्रान्तिका कुरा गर्थे तर उनको एग्रेसिभनेसले सकारात्मक मोडको खोजी गर्थ्यो । एकपटक बीपीसँग कुरा नमिल्दा उनले पार्टी छोड्ने धम्की दिए, तर पछि बीपीले



सम्झाएपछि उनी फेरि शान्त भएका थिए ।

• गिरिजाप्रसादको न्वारनको नाम घनश्याम हो । कसै-कसैले उनको नाम कुमार पनि भनेका छन् । उनको राशि मिथुन हो । राशि रत्नअनुसार गिरिजाप्रसादले पन्ना लगाउथे । उनका ५ वटा ग्रह उच्च थिए । त्यसकारण उनको अगाडि गएर बोल्न सक्ने हिम्मत कमैको हुन्थ्यो । लग्न सिंह भएका कोइरालाको चिनामा विशिष्ट राजयोग भएको ज्योतिष वासुदेव कृष्ण शास्त्री बताउँछन् ।

• गिरिजाप्रसाद धर्म र संस्कृतिलाई राम्रो स्थान दिन्थे । उनी मन्दिर गैरहन्थे, मन्दिर गएर त्यहाँका विशिष्ट कलाकृति हेर्ने उनको बानी थियो । कलाकारले सिर्जना गरेका कलाकृतिमा गिरिजा विशेष अभिरुचि राख्थे । शोभाभगवतीको मन्दिर, काभ्रेको चण्डेश्वरी मन्दिरका मूर्तिको उनी चर्चा गर्थे । राष्ट्राध्यक्षले मात्र हेर्न पाउने भक्तपुरस्थित नवदुर्गाको मूर्ति पनि हेर्न भ्याएका थिए ।

• एकपटक मनमोहन अधिकारीलगायत कम्युनिस्ट विचारधाराका साथीहरूसँगै उनी जेल परेका थिए । जेलमै एउटा ढुंगालाई भगवान् मानेर पुजिएको रहेछ । भगवान् नहुने र धर्म भनेको नचाहिँदो कुरा मात्र हो भनेर व्याख्या गरिरहेका कम्युनिस्ट नेता मनमोहनलाई

**बाँकी पृष्ठ २४ मा**

# साँच्चैका हिरो थिए, जीपी कोइराला

**पृष्ठ ५ बाट जारी**

कम्पनीको जुत्तामा ठाँटिने कोइराला साँच्चै नै आकर्षक देखिन्थे । उनी पहिरनका शौखिन भएको बताइन्छ । उनीसँग २० जोरभन्दा वढी दौरा-सुरुवाल सुरक्षित भएको निकटवर्तीहरू बताउँछन् । अग्लो शरीर र गोरो अनुहारका कारण उनलाई जुनसुकै पहिरन सुहाउँथ्यो । बिहान उठेर बाल्टीबाट पानी खन्याउँदै नुहाउने, आफैं दाह्री काट्ने कोइराला केश काट्नचाहिँ गृहनगर विराटनगर पुग्थे ।

'गिरिजाप्रसाद आकर्षक त छँदै छन्, त्योभन्दा मुख्य कुरा सबैलाई नेतृत्व दिँदै सर्वमान्य छवि बनाउन सफल छन्', चित्रकार रागिनी उपाध्यायले भनेकी थिइन्- 'लामो समयसम्म नेपाली राजनीतिको केन्द्रबिन्दुमा रहेका कोइरालाको फिटनेस र पहिरन शैली पनि उत्तिकै लोभलाग्दो छ ।' पोलिटिकल लिडरमा हुनुपर्ने अदम्य साहस र पर्सनालिटी दुवै गिरिजाप्रसाद कोइरालामा पाएको उपाध्यायले बताएकी थिइन् । गायिका आगन्तुक खरेलले पनि आकर्षक पुरुषको नाम लिने क्रममा गिरिजाप्रसादलाई नै सम्झिएकी थिइन् । आगन्तुकले भनेकी थिइन्- 'उहाँको सबै पक्ष आकर्षक छ ।'

प्रजातन्त्र पुनर्स्थापनालगत्तै सार्वजनिक हुँदा जीपी कोइरालाका तस्बिर त्यति आकर्षक लाग्दैनथे, खासगरी खिरिलो शरीर, रौंविहीन तालु, उछिट्टिएका दाँतले उनको कायालाई केही ओझेलमा पारेको थियो । जसै राजनैतिक रूपमा उनको प्रभाव र परिपक्वता बढ्दै गयो, व्यक्तित्व पनि निखारिँदै गयो । 'आफूले सानो छदाँ देखेको गिरिजाप्रसाद कोइराला यो अवस्थासम्म पनि उत्तिकै सक्रिय र सुन्दर देख्छु ।' हास्यअभिनेत्री दीपाश्री निरौलाले भनेकी थिइन्- 'देश हाँक्ने सवालमा मात्र होइन, प्रभावशाली ढंगले देशको प्रतिनिधित्व गर्न पनि उहाँ सुहाउँदो व्यक्तित्व हो ।' निरौलाका अनुसार ८७ वर्षे उमेरमा पनि गिरिजाबाबु सेक्सी देखिन्छन् ।

'खुकुलो पारे जीवन संगीतको धुन बिग्रने र बढी तन्काए चुँडिन सक्ने, बाध्यात्मक परिस्थितिबीच कोइरालाले आफूलाई सन्तुलित राखेका थिए । जीवनको अन्तिम मोडमा समेत उनी न त सक्रिय राजनीतिबाट टाढिए, न आफ्नो व्यक्तित्वमै दाग लाग्न दिए ।' गिरिजाबाबुलाई पुरानो गितारसँग तुलना गर्दै कसैले यो पंक्ति रचेको थियो । 'उनी नोबेल पुरस्कारको हकदार हुन्', फेसन डिजाइनर शैलजा अधिकारीले भनेकी थिइन्- 'देशमा शान्ति स्थापनाका लागि उहाँको ठूलो योगदान छ । नेपालको राजनैतिक इतिहासमा कोइरालाको योगदान देखेर पनि म उहाँको व्यक्तित्वप्रति आकर्षित भएकी हुँ,' गएको फेब्रुअरी १४ को प्रणय दिवसका अवसरमा साप्ताहिकको आकर्षक पुरुष खोज्ने अभियानका क्रममा शैलजाले भनेकी थिइन् ।






स्मृतिमा गिरिजा प्र. कोइराला

# गिरिजाप्रसाद : भौतिक शरीरको अन्त्य

## कसले के भने ?




लोकतन्त्र र गिरिजाप्रसाद कोइराला एक-अर्काका पर्याय हुन्। जीवन छउन्जेल उहाँले लोकतन्त्रको लडाइँ लड्नुभयो। जुधारु राजनीतिज्ञ र स्पष्ट वक्ता कोइरालाले निरंकुशताको अन्त्य गर्दै शान्ति र लोकतन्त्रको बाटोमा मुलुकलाई हिँडाउने क्रममा उहाँको योगदान विशिष्ट छ। १२ बुँदे सम्झौताबाट माओवादीजस्तो सशस्त्र युद्ध लडिरहेको पार्टीलाई समेत लोकतान्त्रिक अभियानमा ल्याउनु कोइरालाले गरेको विशिष्ट योगदान हो। कोइरालाको महाअभियान भन्नु नै सहमति, सहकार्य र शान्ति हो।

**डा. रामवरण यादव, राष्ट्रपति**

२००३ सालदेखि २०६२/६३ सालबीच भएका सबै लोकतान्त्रिक आन्दोलनमा उहाँको सक्रिय एवं नेतृत्वदायी भूमिका नेपालको इतिहासमा स्वर्ण अक्षरमा लेखिनेछन्। गिरिजाप्रसाद कोइराला अनुभवी, दृढ र कहिलै नथाक्ने नेता हुन्। यदि कोइरालाको स्थानमा अन्य नेता भएको भए २ सय ४० वर्ष पुरानो राजसंस्था फ्याँक्न निकै गाह्रो हुन्थ्यो। उहाँले राजतन्त्रवादी र गणतन्त्रवादीका बीच जुन समन्वयकारी भूमिका खेल्दै राजनीतिलाई अघि बढाउनुभयो, यो क्षमता इतिहासमा विरलै देखिने घटना हो।

**माधवकुमार नेपाल, प्रधानमन्त्री**

उहाँ कस्तो हुनुहुन्थ्यो सबैलाई थाहा छ। सहमति, सहकार्य र एकताद्वारा नयाँ संविधानको निर्माणमा जुट्नु नै उहाँलाई दिइने सच्चा श्रद्धाञ्जली हो। किनभने उहाँको अन्तिम इच्छा नै सहमति र सहकार्यबाट नयाँ संविधान निर्माण हो।

**सुवास नेम्वाङ**
**अध्यक्ष, संविधानसभा**

उहाँलाई कुनै अमूक राजनैतिक दलसँग मात्र जोड्नु उहाँको व्यक्तित्वलाई कम आँक्नु हो। उहाँले संविधान निर्माणलाई मुख्य केन्द्रमा राख्नुभएको थियो। उहाँ देशकै अभिभावक हुनुहुन्थ्यो।

**अनुपराज शर्मा, प्रधानन्यायाधीश**

गिरिजाबाबुलाई नेपालको मात्र नेता भन्नु हुँदैन। उहाँ त भारतको पनि नेता हो। नेपाल-भारत सम्बन्धमा उहाँकै कारण सुधार आएको थियो। तपाईं २०४६ सालअघिको नेपाल-भारत सम्बन्ध र त्यसपछिको सम्बन्ध नै हेर्नुहोस्। नेपालले भारतबाट धेरै सहयोग पाउनुमा गिरिजाबाबुको सम्बन्धै कारण सम्भव भएको हो।

**कृष्णप्रसाद भट्टराई**
**नेपाली कांग्रेसका संस्थापक नेता**

निरकुंश जहाँनिया राणाशासनविरुद्धको संघर्षसँगै राजनैतिक यात्रा थाल्ने गिरिजाबाबु नेपालको राजनीतिसँगै खारिँदै माझिँदै गएको देखिन्छ। अनेक उचार-चढाव, घुम्ती र अप्ठ्याराहरू पार गर्दै अघि बढ्दा उहाँले शान्ति-प्रक्रिया, संविधानसभाको निर्वाचन एवं संविधान निर्माणमा जुन भूमिका खेल्नुभयो, त्यो देशको अभिभावकका रूपमै थियो। अमूक दलभन्दा माथि उठेर निर्णय गर्ने उहाँको क्षमताबाट हामीले धेरै कुरा सिक्न सक्छौं। उहाँको मृत्युले नेपाली जनताले असल अभिभावक गुमाएका छन्।

**पुष्पकमल दहाल**
**अध्यक्ष, एनेकपा (माओवादी)**

तत्कालीन राजा ज्ञानेन्द्रले २०५९ असोज १८ को प्रतिगमनकारी कदम चालेलगत्तै विघठित प्रतिनिधिसभाको पुनर्स्थापनाका पक्षमा अविचलित रहेका कोइरालाले आखिर त्यो बिन्दुमा सबैलाई ल्याइछाडे। असल कामका लागि राम्रो अडान कोइरालाको मुख्य विशेषता हो। देशलाई शान्तिपूर्ण निकास दिन राजतन्त्रलाई तिलाञ्जली दिनसक्ने क्षमता उहाँजस्तो संवैधानिक राजतन्त्रवादीलाई निकै गाह्रो हुन्छ। उहाँले समयको पदचाप बुझेर जुन निर्णय गर्नुभएको थियो, त्यो जो कोहीले गर्न सक्ने काम होइन। उहाँले प्रधानमन्त्रीका रूपमा गर्नुभएको देशसेवा इतिहास लेखिन्छ, तर महत्वपूर्ण कुरा लोकतन्त्र प्राप्तिपछि उहाँले अन्तरिम राष्ट्रप्रमुख र सरकारप्रमुखका रूपमा जस्ता अग्रगामी निर्णय लिनुभयो, ती साँच्चै नै विस्मयकारी थिए। उहाँबाट सबै राजनैतिक दलका नेताले सिक्ने कुरा धेरै छन्।

**झलनाथ खनाल**
**अध्यक्ष, नेकपा (एमाले)**

गिरिजाबाबुको निधनबाट कांग्रेसले ठूलो क्षति बेहोरेको छ। त्योभन्दा बढी यो नेपाली जनताका लागि अपूरणीय क्षति हो। उहाँका सपना पूरा गर्ने दायित्व हाम्रो काँधमा आएको छ।

**शेरबहादुर देउवा**
**नेता, नेपाली कांग्रेस**

गिरिजाबाबुको निधन देशका लागि यस्तो क्षति हो, जसलाई पूरा गर्न सबै दलका नेता एकजुट हुनु आवश्यक छ। माओवादी आजको स्थानमा आउनुमा गिरिजाबाबुको ठूलो योगदान छ। त्यसलाई बिर्सेर माओवादीले एककाँटे हुनुहुँदैन। गिरिजाबाबुको सच्चा सम्मान त्यसबेला देखिनेछ, जब सबै मतभेद बिर्सेर माओवादीले संविधान निर्माणमा आफ्नो ध्यान केन्द्रित गर्नेछन्।

**रामचन्द्र पौडेल, नेता, नेपाली कांग्रेस**

यो देशमा सबैलाई चित्त बुझाएर मिलाउन सक्ने नेता कोही थिए भने गिरिजाबाबु थिए। अब यो देशमा कसले भनेको मान्ने, द्विविधा भएको छ। उहाँ संविधान जारी नहुन्जेल बाँच्नुभएको भए हुन्थ्यो। यो बेला गिरिजाबाबुको निधन नेपाली जनताका लागि दुर्भाग्य हो।

**सूर्यबहादुर थापा, पूर्वप्रधानमन्त्री**

हुनत राजतन्त्र समाप्त गर्न र गणतन्त्र ल्याउन सबै दलले आ-आफ्नो तरिकाले संघर्ष गरे। यसको जस आफूले पाउने तर्क पनि गरिन्छ। वास्तविकताचाहिँ के हो भने यदि गिरिजाबाबुले राजतन्त्र फ्याँक्ने निर्णय नगरेको भए राजतन्त्र रहन्थ्यो। यदि उहाँले गणतन्त्र नचाहनुभएको भए जस्तोसुकै संघर्ष पनि फेल खानेवाला थियो। यो कुरा हामीले मनन गर्नैपर्छ।

**वामदेव गौतम, नेता, नेकपा (एमाले)**

देशमा धेरै नेता छन्, तर प्रजातन्त्रवादी नेता गुमाउनु देशका लागि अपूरणीय क्षति हो। यो क्षति पूरा गर्न हामीले दशकौं मेहनत गर्नुपर्छ।

**सिपी मैनाली, नेता, नेकपा (माले)**

गिरिजाबाबुसँग तुलना हुन सक्ने नेता नेपालमा बाँकी छैनन्। संघर्ष, अडान, निर्णायक क्षमता, मिलाएर लैजाने खुबी, अभिभावकत्व सबै कुरा गिरिजाबाबुमा थियो। मेरो विचारमा उहाँको सबैभन्दा ठूलो गुण सबैसँग शंका र विश्वासका आधारमा सम्बन्ध विस्तार गर्नु हो। शंका हटाउँदै विश्वास जित्नु र त्यसैका आधारमा अघि बढ्ने बानीले नै शान्ति-सम्झौता, संविधानसभाको निर्वाचन एवं सबैसँग न्यानो सम्बन्ध स्थापित हुन सकेको हो। आज नेपाली राजनीतिमा शंका मात्र व्याप्त छ। कोइरालाको अवसानपछि भोलिको राजनीतिले कुन दिशा लेला भन्न सकिने अवस्था छैन। विश्वास शब्द कोइरालाबाट सिक्नुपर्ने गुण हो।

**जेपी गुप्ता**
**उपाध्यक्ष, मधेसी जनअधिकार फोरम**

कोइरालाको निधन नेपाली चलचित्र क्षेत्रका लागि अपूरणीय क्षति हो। उहाँकै पालामा नेपाली चलचित्रको निर्माणमा सरकार समावेश होस् भन्ने हेतुले चलचित्र विकास बोर्ड स्थापना भएको थियो। गिरिजाप्रसाद कोइरालाको जीवनको सूत्र भनेकै सहमति, सहकार्य र आपसी सद्भाव हो। उहाँको यो सूत्र विभिन्न विचारका कारण छरिएका कलाकारलाई एक ठाउँमा आउन मद्दत गर्नेछ।

**राजकुमार राई, अध्यक्ष, नेपाल चलचित्र निर्माता संघ**

नेपालको १२ वर्षे हिंसात्मक द्वन्द्वलाई किनारा लगाउन गिरिजाप्रसादको महत्त्वपूर्ण योगदान छ। संविधान निर्माण गरी सम्पूर्ण विवादलाई किनारा लगाउने उहाँको धोको अपूरो रहे पनि उहाँले कोरेको गोरेटोले उहाँले देखेको सपना पूर्ण हुने विश्वास गरिएको छ।

**किरण मानन्धर, कलाकार**

कोइराला नेपाली राजनीतिमा सबैभन्दा अनुभवी र पाका नेता थिए। उनले बोलेपछि सबै समस्या सामाधान हुन्थ्यो। यस्तो असरदार नेता अहिले नेपालमा छैनन्। यो चिन्ताको विषय हो। चलचित्र जगत्को समृद्धि शान्तिमा मात्र सम्भव हुन्छ, कोइराला यही शान्ति ल्याउन अग्रसर थिए।

**युवराज लामा, आदिवासी जनजाति कलासंस्कृति सञ्जाल**

मुलुकले एउटा युगपुरुष गुमाएको छ। वास्तवमा गिरिजाप्रसाद कोइराला कलाप्रेमी नेता हुनुहुन्थ्यो। उहाँ प्रधानमन्त्री भएका बेला चलचित्रका लागि महत्वपूर्ण काम भएका छन्। उहाँको निधनले राजनीतिमा मात्र होइन, कला क्षेत्रलाई पनि घाटा भएको छ।

**केपी पाठक, अध्यक्ष, चलचित्र निर्देशक समाज**

गिरिजाबाबुलाई मैले मेरो विवाहमा निम्तो त पठाएको थिएँ, तर जन्ती भएरै आउनुहुन्छ भन्ने मलाई विश्वास थिएन, तर उहाँ त लहै रामकृष्ण म त आइपुगे भन्दै छेउमा उभिनुभयो। उहाँले मलाई बेलाबेलामा अर्ती पनि दिनुहुन्थ्यो। तीमध्ये मलाई सम्झना भएको मुख्य कुरा भनेको नेपालीपन बिर्सनु हुँदैन भन्ने हो। उहाँ भन्नुहुन्थ्यो, रामकृष्ण नेपालीपनलाई बिर्सनुहुन्न। हाम्रो आफ्नो भनेकै नेपालीपन हो। यसलाई बचाउन सकियो भने मात्र नेपाली भएर जन्मिएको अर्थ हुन्छ।



**रामकृष्ण ढकाल, गायक**

मुलुक सामान्य अवस्थामा नरहेको र राज्य पुनर्संरचनाको संक्रमणबाट गुज्रिरहेका कारण कोइरालाजस्ता सबैलाई स्वीकार्य समन्वयकारी नेताको अभाव निकट भविष्यमै खट्कनेछ। किनभने उनको अगुवाइमा थालिएको शान्ति-प्रक्रिया टुंगोमा पुगिसकेको छैन, बरु खलबलिन थालेको छ।

**कान्तिपुर दैनिक, विशेष सम्पादकीय**

राजनीतिको अनेकौं कालखण्डमा आलोचना र विवादका पात्र बने पनि जीवनको उत्तरार्द्धमा एक दशकदेखि सशस्त्र विद्रोह गरिरहेको माओवादीलाई शान्ति-प्रक्रियामा ल्याउन र संविधानसभामार्फत गणतन्त्र नेपालको स्थापना गराउन गिरिजाबाबुले निर्वाह गरेको भूमिका सर्वस्वीकार्य र स्तुत्य छ।

**अन्नपूर्ण पोष्ट, सम्पादकीय**

बुलेटमा विश्वास गर्ने माओवादीलाई ब्यालेटको राजनीतिमा ल्याउने नेतृत्वको श्रेय गिरिजाप्रसादलाई जान्छ। माओवादीप्रति ज्यादै नरम भएको आरोप लागे पनि उहाँले शान्तिपूर्ण नेपालका लागि यस्ता आरोप हाँसी-हाँसी सहनुभयो।

**गोरखापत्र, विशेष सम्पादकीय**

कोइरालाको जीवन ६० वर्ष लामो राजनैतिक संघर्षको कथा हो, प्रजातन्त्रका लागि। यद्यपि गिरिजाप्रसाद कोइराला सर्वाधिक सफल र लोकप्रिय अनि असल राजनैतिक व्यक्तित्व होइनन्। भावावेशमा उनलाई त्यसरी श्रद्धाञ्जली दिइनु शब्द र सत्यप्रति इमानदारी हुनेछैन।

**राजधानी, सम्पादकीय**

कोइराला जे भन्नुहुन्थ्यो, त्यो पूरा गरेरै छाड्नुहुन्थ्यो। आफूले चाहेको कुरा पूरा गरेरै छाड्नुपर्ने दृढ इच्छाशक्ति उहाँमा थियो।

**समाचारपत्र, सम्पादकीय**

जोखिमपूर्ण राजनैतिक बाटोमा सफलतापूर्वक ड्राइभिङ गरेर कोइरालाले आफूलाई सफल नेताका रूपमा उभ्याएका थिए, जसले जोखिम उठाउने हिम्मत गर्छ, इतिहासमा उसैको नाम रहन्छ।

**नागरिक दैनिक**

# मोबाइल बोक्दा दु:ख धेरै पाउनुभएको छ कि सुख ?

## केवल एक प्रश्न



दु:ख...तर नबोकी सुखै छैन । कहाँ-कहाँबाट मेरो नम्बर पाउँछन्, अनि नानाथरीका कुरा गर्छन् । प्रशंसकहरूले मीठो कुरा गर्दा त खुसी लाग्छ, तर जे पायो त्यही बोल्नेहरूले दिक्क लगाएका पनि छन् । जति पटक नम्बर चेन्ज गरे पनि सुख पाएकी छैन ।

**रेखा थापा (नायिका)**

यो अरूको फाइदाका लागि बोकेको चीज हो । आफूले दसौं पटक ट्राई गर्दा फोनै लाग्दैन...लाग्यो भने पनि कुरा गर्दागर्दै काटिन्छ । अनि फेरि गर्नुपर्‍यो, पैसा फेरि चढ्छ । अरूले गर्दा पनि लाइन काटिने र नबुझिने भएकाले उनीहरू रिसाउलान् जस्तो लाग्छ । दु:खै भए पनि मोबाइल बोक्नु मेरा लागि बाध्यता भएको छ ।

**भुवन केसी (नायक)**

सुखै भन्नुपर्ला...नेटवर्कको प्रोब्लमले लाइन काटिने, फोन नलाग्ने, बोलेको नबुझिने भए पनि त्यसको बानी परिसक्यो । कहिलेकाहीं 'ब्लफकल' गर्नेहरूका कारणचाहिँ मोबाइल फोन दु:ख हो कि जस्तो लाग्छ ।

**माल्भिका सुब्बा (पूर्व मिसनेपाल)**

उस्तै-उस्तै हो...सुख पनि छ अनि दु:ख पनि । यो चीज भएन भने पनि अचेल कामै गर्न गाह्रो, भयो भने पनि बेला न कुबेला बजेर टेन्सन...वास्तवमा मोबाइल भिर्नु भनेको 'विक्रम बेताल'को कथामा झैं राजा विक्रमले जबरजस्ती बेताललाई बोक्नुपरेजस्तो हो ।

**सुगम पोखरेल (गायक, संगीतकार)**

दु:ख मात्रै भन्न मिल्दैन यो त घाँडोजस्तो लाग्छ...अझ त्योभन्दा पनि गहिरो शब्द छ भने त्यही जस्तो...नभए पनि नहुने...सम्पर्कहरू टुट्ला भन्ने डर हुन्छ । हुँदा पनि व्यक्तिगत जीवन नै नहुने..जतिबेला पनि बजेर हैरान । नेटवर्कको समस्या त्यस्तै छ । मेरो विचारमा मोबाइल फोन बिरालाको घाँटीको घण्टीजस्तै हो ।

**ऋचा घिमिरे (नायिका)**



• मेरो अनुभव •

# गिरिजा काका

शिव श्रेष्ठ (नायक)

गिरिजाप्रसाद कोइराला देशका वरिष्ठ नेता, शिखर पुरुष, नेपाली कांग्रेसका सभापति, पूर्वप्रधानमन्त्री– यस्ता जति पनि उपमा उहाँको नामको अघिल्तिर भए पनि उहाँ मेरो पुर्ख्यौली छिमेकी गिरिजा काका नै हुनुहुन्थ्यो र मेरो मनमा सधैं त्यहीं रूपमा रहनुहुनेछ । विराटनगरमा उहाँहरूको बारीसँग हाम्रो बारीको साँध पछाडिपट्टिबाट जोडिएको छ । सानोमा हामी केटाकेटी उहाँको बारीमा फलेका काँचो आँप चोर्न जान्थ्यौं । त्यसरी जाँदा उहाँले देख्नुभयो भने गाली गर्नुहुन्नथ्यो, बरु भन्नुहुन्थ्यो- 'ए केटा हो, आँप पाकेपछि खानु, काँचै किन खान्छौ ? आउँ पर्ला ।' उहाँ र मेरो बुबा (स्व. श्याम श्रेष्ठ) साथी हुनुहुन्थ्यो । त्यसैले उहाँ बेलाबखत मेरो घर आइरहनुहुन्थ्यो । उहाँलाई चिया निकै पिउनुपर्ने र त्यतिबेला बिंडी तान्ने बानी थियो । बिंडीको मामिलामा उहाँलाई मैले 'चेनस्मोकर'कै रूपमा देखेको थिएँ । यद्यपि उहाँ हामीलाई भन्नुहुन्थ्यो- 'चुरोट, बिंडी कहिल्यै नखानू, यो राम्रो कुरा होइन ।' बुबा र उहाँले पढेको स्कुल आदर्श विद्यालयमा मैले पनि पढेकाले त्यो पनि मेरो लागि गर्वको कुरा हो ।

पहिलो चलचित्र 'जीवनरेखा'मा नायक हुने भएपछि कताबाट हो उहाँले थाहा पाउनुभएछ, भेटेको बेलामा आशीर्वाद दिँदै भन्नुभएको थियो- 'सिनेमाको हिरो हुने भएछौ, जीवनमा पनि सधैं हिरोजस्तै काम गर्नु र राष्ट्रकै हिरो हुनँ ।' गिरिजा काकाले मलाई साथीको छोरा भएकाले पनि निकै माया गर्नुहुन्थ्यो । मेरो पहिलो चलचित्र 'जीवनरेखा' विराटनगरको जलजला हलमा हेरेपछि उहाँले हाँस्दै सोध्नुभयो- 'अभिनय त राम्रो गरेका रहेछौ, कहाँ सिक्यौ ?' मैले भने- 'जलजला हलमा सिनेमा हेर्दाहेर्दै सिकेको ।' मेरो त्यो जवाफमा उहाँ मज्जाले हाँस्नुभएको मेरो आँखामा अहिले पनि झल्झली आउँछ । सिनेमामा नायक भएर काम गर्न थालेपछि बंगलादेश र पाकिस्तानका चलचित्रमा पनि नायक हुन पाएँ र उताका चलचित्रको छायांकन यता पनि गरियो । त्यो कुरा उहाँले थाहा पाउनुभएको रहेछ । एकपटक भेट्दा देशको नाम विदेशसम्म फैल्याएकोमा स्याबासी दिनुभएको थियो । त्यस्तै अर्को पटक उहाँ प्रधानमन्त्री भएको बेला कलाकारहरूसँगको चियापान कार्यक्रममा सबैका सामुन्ने भन्नुभयो– 'म सबै कलाकारलाई अनुहार वा नामले चिन्न सक्दिनँ । शिवलाई चिन्छु, ऊ मेरो छिमेकी श्यामको छोरा हो ।' गिरिजा काका प्रधानमन्त्री हुँदा नै उहाँको पहलमा चलचित्र विकास बोर्ड गठन भएको हो ।

नेपाली चलचित्र र कलाकारहरूलाई उहाँ सर्वदा प्रोत्साहित गरिरहनुहुन्थ्यो । बहिनीको विवाहको निम्तो दिन म उहाँको निवासमा पुगेको थिएँ । उहाँसँग भेट भएन । विवाहको भोज थापाथलीको रोटरी क्लबमा थियो । साँझ अबेर उहाँ र सुजाता दिदी आउनुभयो । सुदूरपश्चिमबाट सोझै काठमाडौं आएर उहाँ भोजमा आउनुभएको रहेछ । बुबा बित्नुभएका बेला घरमै आएर समवेदना दिनुभए पनि उहाँलाई मेरी आमा बित्नुभएको थाहा भएको रहेनछ । विवाहको कार्डमा आमाको नामको अघिल्तिर स्वर्गीय लेखिएको देखेपछि थाहा पाउनुभएको रहेछ । विवाह भोजमा भेट्नेबित्तिकै काकाले गुनासो गर्दै भन्नुभएका यी शब्द पनि म कहिल्यै बिर्सन सक्दिनँ- 'भाउजू पनि बित्नुभएछ, हामीलाई थाहै भएन । कोही छैन भनेर निराश नहुनँ, म छँदै छु नि ।' उहाँको निधनले देशले अभिभावक गुमाएको त छँदैछ, मैले भने आफ्नै अभिभावक गुमाएको छु ।





# पहिरन नखोल्ने वाचा

हलिउडका अभिनेत्री अनि पहिरन नखोल्ने वाचा । यो कुरामा कसैले विश्वास गर्न सक्दैनन्, तर नायिका मेगन फक्सले भने हालसालै यस्तै आशयको टिप्पणी दिएकी छिन् । हालै मात्र मेगनले आफूलाई हट लुक्स मनपर्ने तर आफू स्वयं भने हट पहिरन नलगाउने घोषणा गरेकी छिन् । 'म चाहन्छु घर बाहिर निस्कँदा मलाई कसैले पनि नचिनोस्, फक्स भन्छिन्– 'त्यसैले बाहिर निस्कँदा म प्रायः साधारण र पूरै शरीर ढाक्ने पहिरन लगाउन थालेकी छु ।' उनका अनुसार कम शरीर ढाक्ने आकर्षक पहिरन लगाएर हिंड्यो कि सबैको नजरमा परिन्छ । आफूलाई गायिका रिहान्नाको लुक्सको पारखी बनाउने मेगल आफू भने उनको जस्तो ड्रेसअप गर्न नसक्ने बताउँछिन् । 'उनको जस्तो मिनिस्कर्ट र ६ इन्च अग्लो हिल लगाएर हिंड्न गाह्रो छ,' मेगनले स्वीकारिन्– 'चलचित्रमा अभिनय गर्ने क्रममा भने म रिहान्नाभन्दा हट देखिएँ भने आपत्ति नजनाउनुहोला ।'



# ऋतिकलाई हलिउड अफर

अभिनेता ऋतिक रोशन अभिनीत बहुप्रतिक्षित र बहुचर्चित चलचित्र 'काइट्स' को प्रोमोको प्रसारणसँगै अभिनेता ऋतिक र उक्त चलचित्रकी नायिका हलिउड बाला बारबारा मोरीको अन स्क्रिन केमिस्ट्रीको चर्चा बलिउडमा मात्र नभएर हलिउडमा पनि उत्तिकै छ । यसकारण हलिउडका निर्माता निर्देशकहरू बलिउड अभिनेता ऋतिक रोशनलाई हलिउडमा एन्ट्री गराउन लालायित हुन थालेका छन् । स्रोतका अनुसार हलिउडका कतिपय चलचित्र निर्माताहरूले ऋतिकलाई हलिउडको अफर पनि गरिसेकका छन् । हाल उनी व्यस्त रहेकाले हलिउडको अफरलाई स्वीकार गर्ने अवस्था नरहेको स्रोतको कथन छ, तर उनको क्रेज हेर्ने हो भने चाँडै नै ऋतिक हलिउडको यात्री बन्ने तय देखिन्छ ।

# ब्रेकअपपछि केट



हलिउडको सफल चलचित्र टाइटानिककी नायिका केट विन्सलेटले श्रीमान् तथा चलचित्र निर्माता सेम मेन्डेससँग सम्बन्धविच्छेद गरेकी छिन् । सात वर्ष लामो केट र सेमको वैवाहिक जीवन टुंगिएको घोषणा उनीहरूका वकिलले गरेका हुन् । वकिलहरूका तर्फबाट जारी बयानमा भनिएको छ- '३४ वर्षीया केट तथा ४४ वर्षीय सेम वर्ष २०१० को प्रारम्भदेखि अलग भएको कुरा घोषणा गर्नुपर्दा साह्रै दुःखी भएका छन् ।' उनीहरूले वर्ष २००३ देखि वैवाहिक जीवन प्रारम्भ गरेका हुन् । निर्देशक जिम थ्रिप्लेटोनपछि सेम केटका दोस्रो श्रीमान् थिए । केट तथा जिमको वैवाहिक जीवन पनि तीन वर्ष मात्र टिकेको थियो । ओस्कार विजेता नायिका केटले सात वर्ष लामो वैवाहिक जीवन अन्त्य गर्न दुवै जना सहमत भएको स्पष्ट पारेकी छिन् । सेमसँग सम्बन्ध-विच्छेद गरेपछि केट आफ्ना छ वर्षीय छोरा तथा अघिल्लो श्रीमान्तर्फकी नौ वर्षीया छोरी मियालाई लिएर मेक्सिकोतर्फ प्रस्थान गरेकी छिन् । सेम भने अहिले न्यूयोर्कमै छन् ।

# मुड चेन्ज रानीको



हिजोआज बलिउडकी रानी अर्थात् अभिनेत्री रानी मुखर्जी एक्लिँदै गएको खबर सुनिन्छ । स्रोतका अनुसार फिल्मी करियरको सूर्य अस्ताउने क्रममा रहेकी रानीलाई यही कुराले बढी पिरोलेको छ । अतः उनी आफ्नो सोसियल सर्कलबाट टाढा रहन थालेको बताइन्छ । यति बेला रानीका बारेमा उनका निकट मानिएका व्यक्तिहरूलाई पनि खासै जानकारी छैन । त्यसो त रानीका प्रेमी आदित्य चोपडा पनि भीडबाट बच्न र सकेसम्म एक्लै बस्न रुचाउँछन् । हाल प्रेम सम्बन्ध नरहे पनि चोपडाको संगतको असर वा प्रभावले पनि रानी एक्लिन थालेको अनुमान स्रोतको छ । भित्री कारण यकिनका साथ भन्न नसकिए पनि चञ्चल र बब्ली स्वभावकी रानीमा एकाएक परिवर्तन भने आएको छ ।



# काजोल बलिउडकी प्यारी बुहारी

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा हालै शादी डटकम नामक म्याट्रिमोनियल साइटले गरेको एउटा सर्वेक्षणअनुसार अभिनेत्री काजोल बलिउडकी सबैभन्दा फेबरेट बुहारी हुन् । २ लाख ५० हजार महिलाले सहभागिता जनाएको उक्त अनलाइन सर्वेअनुसार अभिनेता अजय देवगणकी जीवनसाथी अभिनेत्री काजोलले ४३ दशमलव ०८ प्रतिशत मत प्राप्त गरेकी थिइन् । सबैभन्दा फेभरेट बलिउड बुहारीको उपाधिका लागि काजोलको बच्चन परिवारकी बुहारी अभिनेत्री ऐश्वर्या राय बच्चन, शाहरूख खान पत्नी गौरी खान, अभिनेत्रीहरू माधुरी दीक्षित, मलाइका अरोरा, ट्वीङकल खन्ना तथा किरण रावसँग प्रतिस्पर्धा भएको थियो ।

# भावुक छिन् डेमी



हलिउड नायिका डेमी मूर भावुक छिन् । उनी भावुक भएका प्रसंगहरू यसअघि पनि सार्वजनिक भैसकेका छन् । यसपटक भने एउटा टेलिभिजनको विज्ञापन हेर्दा-हेर्दै रोएपछि उनको भावुकताले चर्चा पाएको हो । एउटा वेबसाइटका अनुसार डेमी स-साना कुरालाई लिएर भावुक बन्छिन् । ४७ वर्षीया डेमी भन्छिन्– 'म हरेक कुरामा रोइदिन्छु । कतिसम्म भने म खुसीमा पनि रुन्छु । मेरा श्रीमान् एस्टनलाई पनि यो बानीप्रति कुनै गुनासो छैन ।' हलिउडका अधिकांश नायिकाले आफूलाई रुन मन नलाग्ने बताइरहेका बेला डेमीको यो रुञ्चे स्वभाव चर्चाको विषय बनेको हो ।

## ● फिल्मी खबर ●

### एके-४६

विशाल फिल्म प्रा.लि.को निर्माणमा 'एके-४७' को छायांकन अन्तिम चरणमा पुगेको छ। काभ्रेको भकुन्डे, पाँचखाल, धुलिखेल, काभ्रेभन्ज्याङ र पनौतीमा यो चलचित्रको छायांकन भैरहेको छ। ब्रिल्यान्ड विष्टको निर्देशनमा बन्न लागेको चलचित्र 'एके-४७' का निर्माता भीम शर्मा हुन्। नेपालीहरू बहादुर हुन्छन् भन्ने कथामा आधारित यो चलचित्र करिब ६० लाख रुपौयाँको लगानीमा बन्न लागेको हो। विशाल विष्ट तथा मिलन सापकोटाले नायकको निर्वाह गरेको यो चलचित्रमा रीतु भण्डारी नायिकाको भूमिकामा देखा पर्दैछिन्। अन्य कलाकारमा भीम शर्मा, राजकुमार पाखिन, पवन भुसाल, नीराजन विष्ट आदि छन्। चलचित्रमा मिलन पुडासैनी तथा वेद महर्जनले संगीत दिएका छन्।

**मनोज बस्नेत**

### शोकमा हल बन्द

नेपाली राजनीतिका शिखर पुरुष गिरिजाप्रसाद कोइरालाको निधनको शोकमा आइतबार देशभरिका चलचित्र भवनहरू बन्द गरिए। चलचित्र प्रदर्शकहरूको साझा संस्था नेपाल चलचित्र संघले कोइरालाको निधन भएको दु:खद क्षणमा उहाँको चीरशान्तिको कामना गर्दै एक दिन देशभरका चलचित्र भवनहरू बन्द गर्ने निर्णय गरेको थियो।

### भागी-भागी आउने

निर्माता चिरञ्जीवी बस्नेतले निर्माण गरेको चलचित्र 'भागी-भागी नजाऊ' चैत २७ गते सार्वजनिक हुने भएको छ। विराज भट्ट, रेश मरहट्टा तथा जेनिशा केसीले मुख्य भूमिका निर्वाह गरेको यो चलचित्रका निर्देशक मदन घिमिरे हुन्।

### दोस्ती आउने

रोज राणाको निर्माण एवं मदन घिमिरेको निर्देशनमा निर्माण भएको चलचित्र 'दोस्ती'को प्रदर्शन यही चैत महिनामा हुनेछ। विराज भट्ट, निखिल उप्रेती, अर्जुन कार्की, जेनिशा केसी, सुभद्रा अधिकारी, दिनेश शर्मा आदि कलाकारको अभिनय छ।

### इन्टरनेटबाट वीरताको चिनो

नायिका ऋचा घिमिरेको चलचित्र 'विरताको चिनो'को एउटा रोमान्टिक गीत 'वसन्ती हावा'लाई इन्टरनेटमार्फत सार्वजनिक गरिएको छ। उक्त गीत नेपाली चलचित्रका खबरहरू समेट्ने वेबसाइट फिल्मीखबर डटकमबाट डाउनलोड गरी हेर्न सकिनेछ। वैशाखमा



लन्डनमा प्रिमियर गरेपछि सार्वजनिक गरिने उक्त चलचित्रको प्रचारप्रसारमा नायिका ऋचाका साथै उक्त चलचित्रका निर्देशक तथा ऋचाका पति शंकर घिमिरे सक्रिय छन्। सुरेश अधिकारीको संगीतमा निर्माण भएको चलचित्र 'वीरताको चिनो'मा विराज भट्ट, सुमन सिंह, ऋचा घिमिरे, रेजिना उप्रेती, कल्याण घिमिरे, ध्रुव दत्त, रञ्जना शर्मा, सुशील पोखरेल, सोभिता सिम्खडा आदि कलाकारको मुख्य भूमिका छ।



## ● लभ गुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**प्रश्न : म २४ वर्षीय अविवाहित युवक हुँ। ३ वर्षअघि त्रिचन्द्र कलेजमा बीएसी पढ्दा एउटी युवतीसँग मेरो प्रेम सम्बन्ध थियो। त्यतिबेला म विद्यार्थी भएका कारण पैसाको अभाव हुन्थ्यो। त्यसैकारण म उनलाई भनेको ठाउँमा घुमाउन सक्दिनथें। यही निहुँमा उनी मबाट टाढा भइन्। मैले पनि आफूलाई सम्हाल्दै बीएस्सी पूरा गरें। हाल म प्रहरी अधिकृतका रूपमा काम गर्दैछु। यो कुरा थाहा पाएपछि उनी फेरि मसँग नजिक हुन खोज्छिन्। मैले उनलाई अब हामी साथी मात्र हुन सक्छौं भन्दा उनी मान्दिनन् र आत्महत्या गर्ने धम्की दिन्छिन्। यस अवधिमा मैले २-४ वर्षपछि आफ्नै गाउाकी युवतीसँग विवाह गर्ने सोच बनाइसकेको छु। उनी अहिले स्नातक तहमा अध्ययनरत छिन्। हामी दुई एक-अर्कासाग निकै खुसी छौं। मैले कसैबाट धोका खाए पनि म कसैलाई धोका दिने पक्षमा छैन। यस्तो स्थितिमा म कोसँग खुसी रहन सकुलाँ ?**

**एस.बी.**

पत्र पढिसकेपछि तपाईं कुनै दोधारमा हुनुपर्ने स्थिति देखिँदैन। कुनै बेला आर्थिक रूपमा परनिर्भर भएका बेला तपाईंको प्रेमलाई अस्वीकार गर्ने युवती अहिले तपाईं योग्य र सक्षम भएका बेला फेरि तपाईसाग नजिकिन चाहिन्छन् भने तपाईंले बुझ्नुपर्छ ती युवती स्वार्थी हुन्। ती युवतीप्रति अहिले तपाईंले राख्नुभएको केवल मित्रता गर्ने धारणा एकदम सही हो। अब ती युवतीले जेसुकै धम्की दिए पनि त्यसको वास्ता गर्नुभन्दा आफूले मन पराएकी अर्की युवतीसाग विवाह गर्नुमै तपाईंको सुख र खुसी छ। कसैको खुसीका लागि कसैलाई धोका दिनु निश्चय पनि गलत कुरा हो। याद राख्नुहोस्, जुन युवतीले तपाईंलाई एकपटक धोका दिइसकेकी छिन् ती युवतीका लागि तपाईंलाई हृदयदेखि स्वीकार गर्ने अर्की युवतीलाई धोका दिनु भनेको नैतिक रूपमा समेत पतीत हुनु हो, तसर्थ निर्धक्क भएर पहिलेकी युवतीसाग कुनै पनि किसिमको सम्पर्क नराखेर अहिलेकी युवतीको अध्ययनको समाप्तिको प्रतीक्षा गर्नुहोस्।





# नभन्या भए हुन्थ्यो

सौजन्य सुब्बाले ज्यान मसिनो बनाइन् । 'स्लिम' भएपछि सानो पर्दाबाट उफ्रेर ठूलो पर्दामा पुगेकी फरासिली सौजन्यले हालै एक पत्रिकामा भनिन्- 'अब टेलिश्रृंखला खेल्दिनँ ।' सौजन्यको त्यो भनाइ परिस्थितिअनुसार सुहाउँदो छ भन्ने उनलाई लागेको होला, तर सानो पर्दाका श्रृंखलाहरूले आमदर्शकमा परिचित सौजन्यले त्यसो भनिनहाले हुन्थ्यो । 'टक्कर दुई मुटुको' उनी नायिका भएको पछिल्लो चलचित्र हो । निर्माता/नायक रोज राणाकी जोडी भएर नायिका भएपछि उनको चर्चा पनि भयो । चलचित्रले सामान्य व्यवसाय पनि गऱ्यो । भाग्यमानी रै'छिन् सौजन्य, किनभने दर्शकले उनलाई ठूलो पर्दाकी नायिकाका रूपमा स्वीकार गरे, तर सानो पर्दाले चिनाएकी सौजन्यले चट्टै त्यतातिर अब नफर्कने कुरा गर्दा पुराना दर्शकको मन चटक्क चुँडिएला भन्ने पनि विचार गर्नुपर्थ्यो । हो, सानो पर्दामा बच्चाकी आमा वा श्रीमतीको भूमिका निर्वाह गर्न उनलाई मन नलागेको होला । ठीकै छ नि त, आइन्दा प्रेमिकाको भूमिकामा मात्रै देखा पर्नु नि ।

# न्यूज रिडर हिरोइन

'तपाईंको मूल पेसा ?' उनको जवाफ थियो- 'टेलिभिजन पत्रकारिता र अभिनय ।' एउटा चलचित्रको कार्यालयमा भेटिएकी उनी त्यहाँ चलचित्रमा अभिनयका लागि होइन, एउटी नायिकाको अन्तर्वार्ताको समय मिलाउन आएकी थिइन् । समाजमा हिरो-हिरोइन बन्ने रहर सबैमा होला । अझ चलचित्रमा हिरो वा हिरोइन बनेर चर्चा कमाउन अहिलेका युवायुवती तम्तयार हुन्छन् । नयाँ पुस्ताकी ती युवतीलाई पनि चलचित्रमा नायिका भएर नाम कहलिने रहर जागेछ । नेपाल टेलिभिजनमा एउटा कार्यक्रम सञ्चालन गर्दा गर्दै निर्देशक प्रसन्न पौडेलको नजरमा परेपछि ती युवती रिमा विश्वकर्माले उनको चलचित्रका पाँच नायक-नायिकाहरूमध्ये एउटा मुख्य भूमिका निर्वाह गर्ने अवसर पाइन् । चलचित्र निर्माणकै क्रममा रिमाले भर्खरै सञ्चालनमा आएको टेलिभिजन च्यानल नेसनल न्यूजमा समाचारवाचिका पनि हुन पाएकी छिन् । 'समाचार पढ्ने र चलचित्रमा काम गर्ने अनि यसैबाट नाम कमाउने उद्देश्य लिएकी छु,' रिमाले भनिन् ।



# विराजको फेसन



नेपाली चलचित्रका नायकहरूलाई फेसनेबल पहिरन लगाउन आउँदैन भन्ने आरोप बारम्बार लागिरहन्छ । राजेश हमालदेखि निखिल उप्रेतीसम्म यो आरोपबाट मुक्त छैनन् । नायक विराज भट्ट भने यो प्रसंगमा आफू पर्दै नपर्ने दाबी गर्दैछन् । त्यसो त विराजले आफूलाई नेपाली चलचित्र क्षेत्रकै एकमात्र फेसनेबल नायक भनेका छैनन्, तर उनले आफूमा प्रशस्त फेसन-ज्ञान रहेको कुरा भने प्रमाणित गरेका छन् । विराजलाई टाइट टिसर्ट र जिन्स पाइन्ट सबैभन्दा मनपर्ने पहिरन हुन् । पहिरनको प्रसंगमा आफूलाई चुजी भन्न रुचाउने विराज बजारमा चलेका फेसनेबल पहिरन किनिरहन्छन् । शरीरमा फिट हुने पहिरनमा पारखी विराज जुत्तामा डिंगो र स्पोर्ट्स बढी लगाउँछन् । विराजको घरमा पहिरन राख्ने तीनवटा दराज छन् । 'म फुर्सद भयो कि नयाँ पहिरन किन्छु' विराज भन्छन्– 'कुनै पहिरन मन पऱ्यो भने जति नै महँगो भए पनि किनेरै छाड्छु ।'



# रहर आर्मीको

क्याटमाण्डु टेलिश्रृंखलाबाट अभिनययात्रा प्रारम्भ गरेका सुमन सिंह अहिले नेपाली चलचित्रको एक स्थापित नायक हुन् । आठ वर्षअघि अभिनय क्षेत्रमा प्रवेश गरेका सुमनले हालसम्म झन्डै डेढ दर्जन चलचित्रमा अभिनय गरिसकेका छन् । चलचित्र दुःखमा सानो भूमिका निर्वाह गर्दै ठूलो पर्दाको चलचित्रको यात्रा प्रारम्भ गरेका सुमन सिंह चलचित्र 'दुई किनारा' बाट नायक बनेका हुन् । त्यसपछि अभिनय गरेका अधिकांश चलचित्रमा सुमनको अभिनय मन पराइएको छ । जीवनमृत्यु, रणसंग्राम तथा नाइँ नभन्नु लको अभिनयबाट मात्र सन्तुष्ट देखिएका सुमन यदि चलचित्र क्षेत्रमा नआएको भए के गर्थे होला ? उनको छोटो जवाफ छ– 'आर्मी बन्थें' । वास्तवमा सुमनलाई बाल्यकालदेखि नै आर्मी बन्ने ठूलो धोको रहेछ । वास्तविक जीवनमा त उनी आर्मी बन्न सकेनन्, यदि कुनै निर्माता-निर्देशकले देशभक्तिपूर्ण चलचित्र निर्माण गरे भने सुमनलाई आर्मीको भूमिकामा प्रस्तुत गर्दा फरक नपर्ला कि ?

# कविता पढिन् नम्रताले

डाइरेक्टरले एक्सन कट भनेको पनि सुनिएन । त्यहाँ मात्र नम्रता श्रेष्ठ थिइन् । नम्रता त्यस दिन अभिनय गर्न पनि आएकी होइनन् । जिज्ञाशा बढ्यो र बल्ल थाहा भयो, उनी त कविता पढ्न पो आएकी रै'छिन् । उनीसँग नेपालका ठूला-ठूला कवि-कवयित्री पनि थिए । पछिल्लो समयमा साँग्रिला क्रिकेट एकेडेमी र नेपाल टुरिज्म बोर्डले कुरिनटारमा सञ्चालन गर्न लागिरहेको क्रिकेट फेस्टिभलका लागि एम्बेसडर बनेकी नम्रताले गत साता शनिबार गुरुकुलमा उपस्थित सबैलाई कविता सुनाइन् । पैसा तिरेर कविता सुन्न आएका श्रोता-दर्शकलाई कविता सुनाएर उनले अचम्ममा पारिदिइन् । कविता लेखेर पढ्नु उनको सानैदेखिको रुचि हो । त्यही भएर पनि उनी त्यस दिन एक पानामा लेखिएका कविता बोकेर गुरुकुल पुगेकी थिइन् । उनले राजन मुकारुङको कविता वाचन गरेकी थिइन् । 'राजनजीको कविता पढ्दा मलाई पनि लेखूँ-लेखूँ लाग्यो', नायिका नम्रता श्रेष्ठले भनिन्, 'सानोमा कविता लेखेर पढ्थें, अहिले भने कविता पढ्ने अवसर मिल्यो ।'

'कविता पढ्न समय मिलेको भए अझ राम्रोसँग पढ्ने थिएँ', उनले भनिन् । नेपाली चलचित्रमा मात्र




दुईवटा चलचित्र 'सानो संसार' र 'मेरो एउटा साथी छ' मा अभिनय गरेर दर्शकको मन जितेकी नम्रताले त्यस दिन भरी पर्दा शीर्षकको चार हरफ कविता पढेकी थिइन् । उनलाई कविता पढ्दा मज्जाको फिल भयो रे । अहिले उनी प्रचण्ड श्रेष्ठको निर्देशनमा बनिरहेको चलचित्र पर्पल डेजमा व्यस्त छिन् ।

# ब्याक टु रिदम

यसको शीर्षक 'बाँस्कोटा इज ब्याक' पनि हुन सक्थ्यो वा 'शम्भुजित फेरि व्यस्त' पनि हुन्थ्यो होला, तर नेपाली संगीतक्षेत्रमा सांगीतिक रिदम लहराएर कहलिएका संगीतकार शम्भुजित बाँस्कोटाको 'स्पिड' बीचमा घटेको थियो । विशेषगरी त्यसबखत पछिल्ला पुस्ताका केही होनहार संगीतकारले बाजी मार्न थाले । भन्नेहरूले भने- 'शम्भुजित अब सेलाए ।' 'शम्भुजितको स्टक सकियो ।' आफ्नै विशेष शैलीमा गीत सिर्जना गर्ने बाँस्कोटा गत वर्ष फेरि जुर्मुराए । चलचित्र 'म तिमीबिना मरिहाल्छु' र 'कहाँ भेटिएला' का गीत चर्चामा आएपछि बाँस्कोटाको खोलो फर्किएको छ । हालै एक दिन राति नौ बजेतिर राजधानीको एउटा रेकर्डिङ स्टुडियोमा चलचित्र 'जय होस्' का लागि गायक स्वरूपराज आचार्य र गायिका अञ्जु पन्तलाई उनी एउटा युगल गीत गाउन लगाइएको अवस्थामा भेटिए । शम्भुजित भन्दै थिए- 'एकपछि अर्को चलचित्रको म्युजिक बनाउन व्यस्त छु ।' हुन पनि बाँस्कोटा अहिले एउटै सेड्युलमा चारवटा चलचित्रको काम गर्छन् । बधाई छ है बाँस्कोटालाई ।



● चलचित्र ●



## हाउ टु ट्रेन योर ड्रागन

आज शुक्रबार सार्वजनिक हुने हलिउड चलचित्र 'हाउ टु ट्रेन योर ड्रागन' बालबालिकाका लागि तयार पारिएको चलचित्र हो । यो एमिनेसन चलचित्र हो जुन १ घण्टा ३८ मिनेट लामो छ । त्यसो त यो चलचित्रलाई एक्सन, एड्भेन्चर, कमेडी, साइन्स फिक्सन, फेन्टासी तथा किड्सजस्ता विधामा समेत समावेश गरिएको छ । पारामाउन्ट पिक्चर्सले विश्वव्यापी रूपमा वितरण गर्न लागेको यो चलचित्रको निर्देशन दुई जना निर्देशक क्रिस्टफोर सेन्डर्स तथा डिन डेब्लोइजले गरेका हुन् । अमेरिकाको ड्रिमवर्क्स एनिमेसनमा तयार पारिएको यो चलचित्रमा जे बरुचेल, गेरार्ड बट्लर, अमेरिका फेरेरा, जोनाह हिल, क्रेग फर्गसन, क्रिष्टेन विग, टिजे मिलर आदि कलाकारले विभिन्न एनिमेटेट पात्रका लागि भ्वाइस ओभर गरेका छन् । चलचित्रमा हिक्कप हारेन्डस द थर्ड, स्टोक द भास्ट, एस्ट्रिड, स्नोटलाउट, गोब्बर, रुफनट, टुफनटजस्ता पात्रले दर्शकलाई रोमाञ्चक यात्रा गराउँछन् । बालबालिका रमाउने दृश्य तथा घटनाक्रमले चलचित्रलाई आकर्षक बनाएको छ । क्रिस्टिन बेल्सन तथा टिम जोन्सनले यो चलचित्रको निर्माण गरेका हुन् ।



## प्रेम का गेम

बलिउडमा आज शुक्रबार एकैपटक सातवटा हिन्दी चलचित्र सार्वजनिक हुँदैछन् । तीमध्ये सलमान खान-अरबाज खान अभिनीत चलचित्र 'प्रेम का गेम' दर्शकको छनौटमा पर्न सक्ने सम्भावना छ । बलिउडका यी सहोदर दाजुभाइले करिब चार वर्षपछि पहिलो पटक एउटै चलचित्रमा अभिनय गरेका हुन् । चलचित्रलाई कमेडी श्रेणीमा राखिएको छ । अशोक केनीको निर्माण तथा निर्देशन रहेको यो चलचित्रमा खान दाजुभाइका अतिरिक्त तारा शर्मा, माधुरी भट्टाचार्य, मलाईका अरोरा, राकेश बेदी, जोनी लिभर, रज्जाक खान आदि कलाकारले पनि मुख्य भूमिका निर्वाह गरेका छन् ।

राजु सिंहद्वारा संगीतबद्ध यो चलचित्रका गीतमा सोनु निगम, सुनिधि चौहान, जावेद अलि, विशाल डाड्लानी तथा सलमान खानको पाश्र्वगायन छ । चलचित्र प्रारम्भदेखि अन्त्यसम्म नै हास्यप्रधान छ । सुरुमा यो चलचित्रको शीर्षक 'शादी का इफेक्ट्स' राखिएको थियो । सलमान खानले अभिनय गरेका अधिकांश चलचित्रमा उनको नाम प्रेम राखिएको छ । प्रेम सलमानलाई मनपर्ने चलचित्र पात्रको नाम हो । भाइ अरवाजले मुख्य भूमिका निर्वाह गर्ने चलचित्रमा सलमानकै सुझावमा अरबाजको नाम प्रेम राखियो, पछि उनकै सुझावमा चलचित्रको शीर्षक नै परिवर्तन गरेर 'प्रेमका गेम' राखिएको हो । चलचित्रमा अरबाज खान र तारा शर्माको वैवाहिक जीवन एकातिर छ भने अर्कातिर सलमान खानले आफ्ना भाइको वैवाहिक जीवन बचाउन दिएको सुझाव अर्को रोचक पक्ष हो ।

चलचित्रमा सलमानले एउटा सुत्रधारको भूमिका निर्वाह गरेका छन् जसले अरबाजलाई बारम्बार विवाहका बारेमा सचेत गराइरहन्छन् । चलचित्रमा अरबाजले पहिलो पटक सशक्त भूमिका निर्वाह गरेकाले पनि यो चलचित्रको उनको करियरका लागि कोशेढुंगा सावित हुने सभावना छ । यसबीच बलिउडमा आजदेखि नै हम तुम और घोस्ट, इट्स ए म्यान्स वर्ल्ड, मित्तल भर्जेज मित्तल, माई फ्रेन्ड गणेशा-३, द ग्रेट इन्डियन बटरफ्लाई तथा वेलडन अब्बा चलचित्र पनि प्रदर्शन हुँदैछन् ।

## दोस्ती



दुई जना अति मिल्ने साथी हुन्छन् । मित्रताका लागि ज्यान दिन र ज्यान लिनसम्म सक्ने यी दुईबीच एउटा कारणले फाटो उत्पन्न हुन्छ अनि उनीहरू एक-अर्काका शत्रु बन्छन् । यहाँसम्म कि उनीहरू एक-अर्काको ज्यानको दुस्मन बन्छन् । घटनाले अनौठो मोड लिन्छ, उनीहरूबीच एकपटक फेरि गहिरो मित्रता बस्छ तर त्यतिबेलासम्म ढिलो भैसकेको हुन्छ । दुई मित्रमध्ये एक जना मृत्युको दोसाँधमा पुगेको हुन्छ । दोस्तीपछि दुस्मनी र फेरि दोस्ती आज शुक्रबार राजधानीमा सार्वजनिक हुने चलचित्र 'दोस्ती' को मूल कथा यति हो । चलचित्रमा अहिले चर्चामा रहेका दुई नायक विराज भट्ट र निखिल उप्रेती नायक छन् । यसका अतिरिक्त चलचित्रमा अर्जुन कार्की, जेनिषा केसी, सुभद्रा अधिकारी, सम्पन्न श्रेष्ठ 'बाबा', दिनेश शर्मा आदि कलाकारको पनि महत्त्वपूर्ण भूमिका छ । मौनता श्रेष्ठको लेखन, मदन घिमिरे र दयाराम पाण्डेको गीत, चेतन सापकोटाको संगीत, राजु शाह र बब्बु थापाको नृत्य निर्देशन, एनबी महर्जनको द्वन्द्व निर्देशन, कृष्ण श्रेष्ठको छायांकन तथा तारा थापा किम्भेको सम्पादनमा तयार भएको यो चलचित्रका निर्माता रोज राणा हुन् ।







सर्वाधिक बिक्री हुने साप्ताहिक सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : सुरज श्रेष्ठ/thikthak.com

# सपना गुरुङ

**'९० जति पुगे होलान्'**– सपनाले आफ्ना फेसबुक साथीहरू गन्दै भनिन् । उनले फेसबुक एकाउन्ट खोलेको छ महिनाजति मात्र भएको छ । उनी साथीहरू बनाउन मन पराउँछिन् । फेसबुकले साथीहरूको 'सर्कल' बढाउने भएकाले पनि उनी 'फेसबुक युजर' भएकी हुन् । पोखराकी मोडल सपना गुरुङ अध्ययनबाट फुर्सद भयो कि इन्टरनेटको सञ्जालभित्र छिर्छिन् र त्यतै हराउँछिन् । 'फेसबुक मात्र होइन, बिजनेसको स्टुडेन्ट भएकीले पढाइलाई सपोर्ट हुने कुरा पनि हेर्छु'– व्यवस्थापनमा स्नातक तेस्रो वर्ष अध्ययन गरिरहेकी सपनाले भनिन् । प्रेमसम्बन्धको आरम्भ मित्रताबाटै हुने धारणा व्यक्त गरे पनि सपनाले 'सपनाको राजकुमार' फेला पारिसकेकी छैनन् ।

'मेरो फिल्ड र लक्ष्य बुझ्ने व्यक्ति नै मेरो प्रेमी हुनसक्छ र म आलोकाँचो प्रेम होइन, म्याचोर्ड प्रेममा विश्वास राख्छु'– भविष्यमा मिडिया वा बिजनेस क्षेत्रमा लाग्ने लक्ष्य सुनाउँदै उनले भनिन् ।

'एक्सपोज भएर मात्र होइन, फेसियल एक्सप्रेसनबाट पनि ग्ल्यामरस देखिन सकिन्छ' भन्ने सपनाले हालै मात्र सिमोस सुनुवारको चलचित्र 'फर्स्ट लभ'मा एउटा भूमिका निर्वाह गर्ने अवसर पाइन् भने अराज केशव र प्राश्ना शाक्यसहितका तीनवटा म्युजिक भिडियोमा मोडलिङ पनि गरिसकिन् । २१ वर्षीया सपनाले दुई वर्षको अन्तरालमा पोखरामा सम्पन्न दुईवटा ठूला फेसन शोमा क्याटवाक गरिसकेकी छिन् । 'काठमाडौंबाट चलचित्रमा खेल्ने र मोडलिङ गर्ने अफर आउँछन्, तर पोखरामा बस्ने भएकीले उता जान भ्याइदैन'–बाध्यता वर्णन गर्दै सपनाले भनिन्, 'तर कसैले राम्रो स्क्रिप्टमा मुख्य नायिका नै बन्न अफर गरे त्यसका लागि काठमाडौं पनि गइन्छ ।'

-सुव्रत












## जीवन्तको विमोचन

गायक सिजम सिञ्जालीको पहिलो गीतिसंग्रह 'जीवन्त' को विमोचन सम्पन्न भएको छ। राजधानीमा आयोजित एक सांगीतिक समारोहबीच आधुनिक तथा लोक पपगीतहरूको उक्त संग्रह विमोचन गरिएको हो।

## दुबईमा गीतिसंग्रहको विमोचन

लोकगायक असिम महत तथा धनेन्द्र मास्की रानामगरको गीतिसंग्रह 'तातो हावा चल्छ सरर' को गत शुक्रबार बरदुबईस्थित एभरेस्ट होटलमा विमोचन सम्पन्न भएको छ। युनिटी लाइफ इन्टरनेसनल पब्लिक लिमिटेडको चौथो वार्षिक उत्सवको अवसर पारेर नेपाली राजदूतावास यूएईकी महिला श्रम सहचारिका पार्वती अर्याल तथा युनिटी लाइफ यूएईका अध्यक्ष बाबुराम विकले संयुक्त रूपमा उक्त संग्रह विमोचन गरेका हुन्। विमोचनपछि आयोजित सांस्कृतिक कार्यक्रममा हस्त गुरुङ, जुनु उप्रेती, असीम महत, किरण भट्टराई, रेखा घिमिरे आदि गायक-गायिकाले गीत-संगीत प्रस्तुत गरे भने केही नृत्यांगनाले नेपाली गीतमा आकर्षक नृत्य प्रदर्शन गरे।

## प्रत्येक रातको विमोचन

गायक तथा संगीतकार भीम निरौलाको गीतिसंग्रह 'प्रत्येक रात' को विमोचन सम्पन्न भएको छ। गत साता राजधानीमा आयोजित एक सांगीतिक कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ बेन्जु शर्माले उक्त संग्रह विमोचन गरेकी हुन्। विमोचित संग्रहमा आधुनिक शैलीका गीत समावेश छन्। संगीत नेपालले यो संग्रहलाई क्यासेट, सिडी तथा भिसिडीका रूपमा एकै पटक बजारमा ल्याएको हो।

## वीरताको चिनोको संगीत

शंकर घिमिरेद्वारा निर्देशित चलचित्र 'वीरताको चिनो' को गीत सार्वजनिक भएको छ। चलचित्रको गीत-संगीतलाई अडियो सहित भिजुअलमार्फत पनि सार्वजनिक गरिएको हो। सुरेश अधिकारीद्वारा संगीतबद्ध यो चलचित्रको 'वसन्ती हावाले...' शीर्षकको गीत फिल्मीखबर डटकमबाट वर्ल्ड प्रिमियर गरिएको छ। चलचित्रका गीतमा राजेशपायल राई, अञ्जु पन्त आदिको स्वर सुन्न पाइन्छ। चलचित्रको सार्वजनिक प्रदर्शन नयाँ वर्षदेखि प्रारम्भ हुँदैछ।

## कान्छी गायिकाको एकल साँझ

११ वर्षीया गायिका सरगम बस्नेत पहिलो पटक एकल गायन कार्यक्रममा सहभागी भएकी छिन्। गत साता राजधानीमा आयोजित सांगीतिक कार्यक्रममा कर्णप्रिय गीत गाउँदै उनले दर्शक-श्रोताहरूलाई मुग्ध बनाएकी थिइन्। 'एकल सांगीतिक साँझ सरगम यात्राको' शीर्षकको उक्त कार्यक्रम कमलपोखरीस्थित रूसी सांस्कृतिक केन्द्रमा आयोजना गरिएको थियो। कार्यक्रममा उनले झन्डै डेढ दर्जन

# ● म्युजिक अपडेट ●

गीत गाएकी थिइन्। चार चरणमा विभाजित उक्त एकल साँझमा गायिका बस्नेतले शास्त्रीय, पप, चलचित्र तथा लोकगीत प्रस्तुत गरेकी थिइन्। बालप्रतिभालाई प्रोत्साहित उद्देश्यले रुद्राक्ष योग संगीत प्राकृतिक विद्यालयद्वारा आयोजित उक्त कार्यक्रममा विष्णु तथा गणेश आराधनासहित प्रारम्भ गरिएको थियो। कार्यक्रमले योग तथा संगीत बालबालिकाका लागि शिक्षाको पहिलो चरण स्कुलदेखि नै पाठ्यक्रममा सहभागी गराउनुपर्छ भन्ने सन्देश दिनसक्ने दाबी आयोजकहरूको छ।

## नेपालगन्जमा सांगीतिक कार्यक्रम

नेपालगन्जमा गत साउनदेखि मासिक सांगीतिक श्रृंखला आयोजना गर्दै आएको अन्तरालका कलाकारहरूले गत शुक्रबार नयाँ श्रृंखलाअन्तर्गत सांगीतिक कार्यक्रम प्रस्तुत गरे। श्रृंखलामा दीपक सम्मानी, नम्रता पन्त, रेश्मा आदिले नारायण गोपाल, तारादेवी तथा डेनीका एक दर्जनभन्दा बढी गीत गाएका थिए।

## बर्थडेमा ब्लेज

गाँठ छैन भने... गीतबाट चर्चामा आएका हिपहप गायक विकास श्रेष्ठले आफ्नो जन्मदिनको अवसर पारेर नयाँ गीतिसंग्रहको शीर्षक जुराएका छन्। घोडेजात्राका दिन जन्म दिन मनाउने यी गायकले आफ्नो नयाँसंग्रहको शीर्षक 'ब्लेज' राखेका छन्। यो उनको चौथो एकल गीतिसंग्रह हो।

## सांगीतिक कार्यक्रममा विमोचन

एउटा सांगीतिक कार्यक्रममार्फत् एउटा नयाँ गीतिसंग्रहको विमोचनसमेत गरिएको छ। गत साता राजधानीमा आयोजित म्युजिक फर सोसियल वर्क शीर्षकको कार्यक्रममा पछिल्लो पुस्ताका पप गायकहरूले कर्णप्रिय गीत-संगीत प्रस्तुत गरेर कार्यक्रमलाई संगीतमय बनाएका थिए। दिनेश डिसीले नयाँ गायक गणेश साहले गाएका पप गीतहरूको गीतिसंग्रह 'गल्ती' को विमोचन गरेको उक्त कार्यक्रममा सोही संग्रहको एउटा गीतको म्युजिक भिडियो पनि प्रिमियर गरिएको थियो। उक्त भिडियोको निर्देशन गायक बादल प्रसाईंले गरेका हुन्। जमलस्थित राष्ट्रिय नाचघरमा आयोजित कार्यक्रममा डम्बर नेपाली, भरत सिटौला, सशान कँडेल, बादल प्रसाईं, लोकेन्द्र राई, रूपक डोटेल, शिव परियार, प्रमोद निर्माण, किरण माइकल, गणेश साह आदि गायकले गीत-संगीत प्रस्तुत गरेका थिए।

## मोबाइल ल्याउन संगीत

सामसुङ मोबाइलले आफ्ना नयाँ डिजाइनका मोबाइल बजारमा ल्याउन राजधानीमा एउटा सांगीतिक कार्यक्रम सम्पन्न गरेको छ। गत साता एभरेस्ट होटलमा आयोजित कार्यक्रममा गायक धर्मेन्द्र सेवानले आफ्ना लोकप्रिय गीत-संगीतमार्फत कार्यक्रमलाई संगीतमय बनाएका थिए। उक्त कार्यक्रममा सांगीतिक कार्यक्रम लगत्तै लाइभ ब्यान्डमा डिजे सेसनसमेत सञ्चालन गरिएको थियो, जुन मध्यरातसम्म जारी रह्यो। डान्स पार्टीमा मोडल नोयो सिंह आकर्षणको केन्द्र बनेकी थिइन्।

## टेम्केमा कलाकारहरू

कलाकारहरूको एउटा टोली खोटाङको टेम्केमा कार्यक्रम गरेर फर्किएको छ। खोटाङस्थित टेम्के सांगीतिक महोत्सव-२०६६ को अवसरमा कलाकारहरू अञ्जु पन्त, विनोद खम्बु, खेमराज गुरुङ, जगदिश समालले आफ्ना सांगीतिक कोसेली प्रस्तुत गरेका थिए। गत फागुन २९ गते भएको उक्त सांगीतिक कार्यक्रमको आयोजना स्थानीय टेम्के गाविसले गरेको थियो। आयोजक समितिका संयोजक भक्तकर्ण राईका अनुसार कार्यक्रममा स्थानीय कलाकारहरू राजेश राई, दीपक राई र श्रेयाले पनि गीतसंगीत प्रस्तुत गरे। सांगीतिक समारोहमा गायिका अन्जु पन्तले लगातार १४ वटा गीत गाइन् भने बसमा छैन मनका गायक विनोद खम्बुले ५ वटा गीत सुनाए।

## आफ्नो भिडियोको निर्देशन आफैं

गायक बादल प्रसाईंको दोस्रो म्युजिक भिडियो टेलिभिजनबाट प्रसारण हुन थालेको छ। तिमी आउँछौ भनेर...शीर्षकको उक्त गीतको भिडियोको निर्देशन गायक प्रसाईंले नै गरेका हुन्। यो गीत उनको नयाँ गीतिसंग्रह 'बादल' मा समावेश छ।

## धोबीघाटमा कन्सर्ट

चर्चित पप गायक-गायिकाहरूले ललितपुरको धोबीघाटस्थित एउटा विद्यालयमा लाइभ कन्सर्ट प्रस्तुत गरेका छन्। कन्सर्टमा पुराना पप गायक धीरज राईदेखि नयाँ गायक चेतन राईसम्म सहभागी थिए। कन्सर्टमा सूर्य रुम्बा तथा दीपा पन्तले पनि आफ्ना लोकप्रिय गीत गाएका थिए।






## ● पहिलो विश्व ●






### एसियामा भित्री पोसाक

फेसनको एसियाली राजधानीका रूपमा कहलिएको हङकङमा हालै महिलाको भित्री पोसाकको फेसन प्रदर्शनी सम्पन्न भयो। ट्रम्प कम्पनीले तयार गरेका ती भित्री पोसाकहरू सन् २०१० को गर्मीलाई लक्षित गरेर तयार पारिएका हुन्।

**तस्बिर : एजेन्सी**

## थोरै तर विविध



गत वर्षको तुलनामा यो वर्ष एकतिहाइ महिलाले कम यौनसम्पर्क गरेको बेलायतमा सम्पन्न एक सर्वेक्षणले देखाएको छ। अधिकांश महिला कामकाजी भएकाले कामको तनावका कारण यौनसम्पर्कप्रति रुचि कम हुँदै गएको सर्वेक्षणका सहभागीहरूले बताए। यौनकार्यप्रति उत्साह नबढेका कारण सर्वेक्षणमा सहभागी महिलाहरूमध्ये ७६ प्रतिशतले अश्लील चलचित्र हेरेर यौनसन्तुष्टि लिने गरेको बताए भने १० प्रतिशतले आफ्ना पुरुष साथीसँग त्यस्तो चलचित्र हेरेर आनन्द लिने गरेको बताए। ४ हजार २ सय महिलाले सहभागिता जनाएको उक्त सर्वेक्षणअनुसार महिलाहरूले यौनआनन्द लिने सजिलो माध्यम अनलाइन पोर्नोग्राफी भएको छ। सर्वेक्षणमा सहभागी ६१ प्रतिशत महिलाले अनलाइन पोर्नोग्राफी हेर्ने गरेको बताए भने २० प्रतिशतले विभिन्न म्यागजिनमार्फत यौनआनन्द लिने गरेको बताए। यस क्रममा १८ प्रतिशतले घरमा डिभिडी हेरेर यौनआनन्द लिने गरेका छन्। महिलाहरू थोरै हुने यौनसम्पर्कलाई यादगार बनाउने मनसायमा हुने गरेको बताउँछन्। कतिपय महिलाले स्थान परिवर्तन गरेर आनन्द लिने गरेको बताए भने कतिपयले यौनसम्पर्कका बेला लगाउने पोसाकमा फरकपन ल्याउने गरेको बताए। यसरी फरक पोसाक लगाएर यौनसम्पर्क राख्न चाहने महिलामध्ये अधिकांशले फ्रेन्च ड्रेसलाई रुचाए भने त्यसपछि नर्सले लगाउने ड्रेसलाई आफूले मन पराउने बताए। कतिपय महिलाले प्रहरीको पोसाक लगाएर यौनसम्पर्क राख्ने गरेको समेत बताए।

### अन्त्यमा...




यसपटक सम्पन्न भ्यालेन्टाइन डेका अवसरका करोडौं प्रेमी-प्रेमिकाले एक-अर्कालाई गुलाबको फूललगायत विभिन्न सामग्री उपहार दिए। यसरी प्रदान गरिएको उपहारमा समानता पाइए पनि अमेरिकाको एरिजोनाका वातावरणप्रेमीहरूले भने विभिन्न देशका नागरिकहरूलाई लोपोन्मुख जीवहरूको संरक्षण गर्न कन्डम उपहार दिए। उनीहरूले मानिसको जनसंख्या बढेका कारण वातावरणको विनाश बढ्दै जाँदा विभिन्न जनावर लोपोन्मुख अवस्थामा पुगेका कारण सन्तान कम जन्माउन कन्डम उपहार पठाएका हुन्। लोपोन्मुख ६ किसिमका फरक जनावरको चित्रको खोल बनाएर उनीहरूले १ लाख कन्डम वितरण गरेका थिए, जसको खोलमा कन्डम प्रयोग गरेर यो जनावरको संरक्षण गरौं भन्ने नारा लेखिएको थियो।

## स्वीस यौनकर्मीलाई चिकित्सा प्रशिक्षण



स्वीजरल्यान्डको दक्षिणमा अवस्थित लुगानोका यौनकर्मीहरूलाई चिकित्सकले मुटुको आपत्कालीन उपचार प्रशिक्षण दिने भएका छन्। इटालीसँग सीमा जोडिएको उक्त सहरमा इटालीबाट आएका अधिकांश पुरुष यौनकर्मीकहाँ जाने गरेका छन्। यसरी इटालीबाट आउने यौनग्राहकमध्ये अधिकांश वृद्ध हुने र उनीहरूलाई यौनसम्पर्कका बेला हृदयघात हुने खतरा बढेपछि चिकित्सकहरूले यौनकर्मीलाई हृदयघातको प्राथमिक उपचारसम्बन्धी प्रशिक्षण दिन थालेका हुन्। लुगानोमा ३८ वटा वेश्यालयले मान्यता पाएका छन् र तिनका अधिकांश ग्राहक भनेकै इटालीबाट आएका पुरुष हुन्। यौन मनोञ्जनका लागि आउने इटालीयनहरूको उमेर पाको भएका कारण उनीहरूमा हृदयको समस्या देखिन्छ। उनीहरूको सम्पर्क यौनकर्मीहरूसँगै हुनाले पनि यौनकर्मीहरूलाई हृदयको प्राथमिक उपचारको प्रशिक्षण दिन लागिएको हो। प्रारम्भिक चरणमा यौनकर्मीहरूलाई अकस्मात् हुने हृदयघातबाट बचाउने उपाय सिकाइनेछ भने उनीहरूलाई अस्पतालसम्म कसरी पुर्‍याउने भन्ने विषयमा पनि प्रशिक्षण दिइनेछ। एक अनुमानअनुसार अहिले लुगानोमा दक्षिण अमेरिका र पूर्वी युरोपबाट आएका महिलाहरू यौनकर्मीका रूपमा कार्यरत छन्। उनीहरूबाट सरकारले वार्षिक ७ करोड युरो (७ अर्ब रुपैयाँ) आम्दानी गर्ने गरेको छ।




स्मृतिमा गिरिजा प्र. कोइराला



































स्मृतिमा गिरिजा प्र. कोइराला
























# उत्कृष्टताका लागि शिक्षकको सुझाव

**शिव मुखिया**

कक्षा ११ मा अध्ययनरत सोनाम सुब्बा परीक्षाको तयारीमा जुटेका छन् । लोडसेटिङको मार खेपेरै भए पनि परीक्षामा उत्कृष्ट अंक हासिल गर्ने दृढताका साथ उनी अध्ययनमा तल्लीन भएका हुन् । 'मेहनतसाथ अध्ययन गरिरहेको छु,' सोनाम भन्छन्- 'राम्रो अंक ल्याउने आशा छ ।' सोनाम मात्र होइन, दस जोड दुईमा अध्ययनरत विद्यार्थीहरूलाई यतिबेला परीक्षाको चटारोले छोपेको छ । दस जोड दुईअन्तर्गत कक्षा १२ को परीक्षा १६ गतेदेखि प्रारम्भ हुँदैछ भने कक्षा ११ को परीक्षा वैशाख ३० देखि हुनेछ । परीक्षा नजिकिँदै जाँदा कतिपय उच्च माध्यमिक विद्यालयले परीक्षा तयारी कक्षा पनि सञ्चालन गरिरहेको छ ।



प्रसंग +२ परीक्षा

कस्तो विधि अपनाउँदा परीक्षामा उत्कृष्टता हासिल गर्न सकिएला ? परीक्षार्थीलाई लक्षित गरेर साप्ताहिकले यस्तै जिज्ञासा राखेको थियो शिक्षकहरूमाझ । लेखेर अध्ययन गर्ने, अध्ययन गरेको कुरालाई मनन गर्ने, अध्ययन गरेकामध्ये कति कुरा ग्रहण गर्न सकियो भनेर आत्ममूल्यांकन गर्ने, घरमा पनि निर्धारित समयमा परीक्षा दिने अभ्यास गर्ने जस्ता विधि अपनाउँदा परीक्षामा उत्कृष्टता हासिल गर्न सकिने शिक्षकहरूको सुझाव थियो । कोलम्बस कलेजका शिक्षक उद्धव चौलागाईंले भने- 'यिनै विधि अपनाएर परीक्षाको तयारीमा जुट्दा राम्रो नतिजाको अपेक्षा गर्न सकिन्छ ।'

अध्ययनका लागि वातावरण अनुकूल हुनुपर्छ । शान्त एवं कुनै पनि किसिमको बाधा नहुने स्थानमा बसेर अध्ययन गर्दा विद्यार्थीले आफ्नो ध्यान केन्द्रित गर्न सक्छन् । खासगरी मनोरञ्जनका साधनबाट अलग्गै रहनुपर्ने शिक्षकहरूको भनाइ छ । यतिबेला मोबाइलको प्रयोग पनि अति आवश्यक काममा मात्र गर्नु राम्रो हुन्छ । 'मस्तिष्कलाई स्वच्छ बनाएर अध्ययनमा जुट्नुपर्छ', ग्रामीण आदर्श बहुमुखी क्याम्पसका शिक्षक पुरुषोत्तम रिजाल भन्छन् । अध्ययन गरेको कुरा ग्रहण गर्न मानसिक रूपमा मात्र होइन, शारीरिक रूपमा पनि स्वस्थ्य हुनुपर्ने उनको तर्क छ ।

'जब भयो राति अनि बूढी ताती' भनेझैं परीक्षाको समयमा मात्र पढाइमा घोत्लिने विद्यार्थीबाट उत्कृष्ट नतिजाको अपेक्षा गर्नु बेकार हुन्छ । यस्ता विद्यार्थीलाई मानसिक रूपमा समेत भार परिरहेको हुन्छ । परीक्षामा उत्कृष्ट अंक हासिल गर्नका लागि सुरुदेखि नै राम्ररी अध्ययन गर्नुपर्छ । कोलम्बसका चौलागाईं भन्छन्- 'परीक्षाको बेला नयाँ कुरा पढ्नेभन्दा पनि बिगतमा आफूले पढेको कुरा स्मरण गर्ने हो ।'

परीक्षा दिनु एक दिनअघि राति धेरै बेर बस्न नहुने शिक्षकहरूको भनाइ छ । यसरी रातभरि बस्दा भोलिको परीक्षामा शारीरिक एवं मानसिक रूपले समेत थकित हुन्छन्, जसले गर्दा सोचेअनुरुप परीक्षा दिन सकिँदैन ।

'परीक्षालाई कुनै अप्रत्याशित घटनाका रूपमा लिनु हुँदैन' पेन्टागन इन्टरनेसनल कलेजका शिक्षक आनन्दकुमार शर्माको सुझाव थियो- 'सामान्य रूपमा लिनुपर्छ र सहज भएर परीक्षा दिनुपर्छ ।' सामान्य रूपमा लिनुको अर्थ अध्ययनप्रति बेवास्ता गर्नु होइन । परीक्षासँग अनावश्यक रूपमा नआत्तिनु, डराउनु हो । त्यसपछि प्रश्नलाई बुझेर जवाफ लेख्नुपर्छ । यसरी जवाफ लेख्दा प्रश्नले खोजेको भन्दा बाहिर गएर लेख्न नहुने शर्माले बताए । 'खास समस्या भनेकै विद्यार्थीले प्रश्नले खोजेको उत्तर दिन नसक्नु हो,' शिक्षक शर्माले भने- 'जान्ने विद्यार्थीले पनि प्रश्नको आशय नबुझिरहेको हुनसक्छ, त्यसैले प्रश्नले खोजेको कुरा के हो भनेर निर्क्यौल गर्नु पर्छ ।' तीन घण्टाको समयसीमामा बाँधिएर प्रश्नको जवाफ लेख्नुपर्ने भएकाले विद्यार्थीले प्रश्नले कस्तो जवाफ खोजेको हो, कति खोजेको हो भन्ने कुरा बुझ्नुपर्ने उनले बताए । परीक्षामा समय प्रबन्धन महत्त्वपूर्ण पक्ष हो । आफूलाई गाह्रो लाग्ने विषयलाई बढी समय दिएर अध्ययन गर्नुपर्ने शिद्धार्थ वनस्थली कलेजका शिक्षक शान्तपाल डंगोल बताउँछन् । डंगोल भन्छन्- 'प्रश्नले खोजेको भन्दा बाहिरको जवाफ दिएर समय नष्ट गर्नु हुँदैन ।'

परीक्षामा प्रश्नलाई राम्रोसँग बुझेर मात्र जवाफ लेख्नुपर्छ । 'कतिपय विद्यार्थीहरू हतारिएर प्रश्नको आशय नबुझी जवाफ लेख्छन्,' शिक्षक उमेश गुरागाईं बताउँछन् । प्रश्नको आशय बुझेर सही जवाफ लेख्नुपर्छ । कति अंकको प्रश्न हो सोहिअनुरुप जवाफ लेख्नुपर्छ । अक्षर स्पष्ट, शुद्ध र सफा हुनु आवश्यक हुन्छ ।

अध्ययन गरेको कुरालाई बुझेर परीक्षा दिनुपर्छ । मौलिक जवाफले विद्यार्थीको असली क्षमता जाँच गर्छ । त्यसैले आफूले बुझेको कुरालाई मौलिक ढंगले नै प्रस्तुत गर्नुपर्छ । परीक्षाका लागि जारी निर्देशिका पालन गरेर परीक्षा दिए उत्कृष्ट अंक हासिल गर्न सकिन्छ ।

**कमजोर विद्यार्थीले के गर्ने ?**

कतिपय विद्यार्थी मेहनत गर्दागर्दै पनि कमजोर हुन सक्छन् । मानसिक एवं शारीरिक रूपले कमजोर विद्यार्थीहरू पढाइमा कमजोर हुने सम्भावना हुन्छ । उनीहरूले मेहनत त गरेका हुन्छन् तर सही विधि नअपनाउँदा अध्ययन गरेको विषय ग्रहण गर्न सकिरहेका हुँदैनन् । पढ्न चाहने तर अध्ययन गरेको कुरा सजिलै ग्रहण गर्न नसक्ने विद्यार्थीलाई शिक्षक, अभिभावक एवं साथीहरूको हौसला आवश्यक हुन्छ । 'तिम्रा लागि हामी छौं, तिमीले राम्रो गर्न सक्छौं भनेर ढाडस दिनुपर्छ', कोलम्बसका चौलागाईं भन्छन्- 'यस्ता विद्यार्थीलाई आत्माबल दिनुपर्छ, हतोत्साहित बनाउनु हुँदैन ।'

**परीक्षामा ध्यान दिनुपर्ने कुराहरू :**

- प्रश्नपत्र राम्रोसँग पढ्ने ।
- प्रश्नको आशय बुझ्ने ।
- कति अंकको प्रश्न हो बुझ्ने ।
- प्राप्त हुने अंकका आधारमा कति लेख्नुपर्ने हो निर्क्यौल गर्ने ।
- आफूलाई सजिलो लाग्ने जवाफबाट लेख्दै जाने ।
- समयको ख्याल गर्ने ।
- लेख्दा भाषिक शुद्धताको ख्याल गर्ने
- उत्तर लेखिसकेपछि समय बाँकी रहे दोहोऱ्याएर लेखिएको कुरा जाँच गर्ने ।
- प्रश्नपत्र हल गर्नुअघि दोहोऱ्याएर हेर्ने ।

# एसएलसी परीक्षाको चटारो

**सागर शर्मा**

'अब त दुई दिन पनि बाँकी छैन, परीक्षा आइसक्यो । मैले कसरी परीक्षा दिने होला ?'

'लेखेर दिने नि ! तयारी राम्रो हुनुपऱ्यो, किन डराउनुपर्छ र ?'

'तयारी त छ, तर कताकता डर भने लागिरहने के ! सधैं परीक्षा नराम्रो हुने हो कि भनेर डर लागिरहन्छ, अनि राति सपनामा पनि कहिले एसएलसी परीक्षाको नतिजामा थोरै अंक आएको देख्छु, कहिले परीक्षाको दिन परीक्षा केन्द्र जानै भुलेको देख्छु ।'

केही दिनअघि एक जना बहिनीले भनेको कुरा हो यो । हिजोदेखि सुरु भएको एसएलसी परीक्षाका लागि विद्यार्थीहरू तयारी त गरिरहेका छन्, यसका साथै भित्रभित्र डराइ पनि रहेका छन् । उल्लेखित समस्या ती एक जना बहिनीको मात्र नभै परीक्षाको तयारीमा रहेका विद्यार्थीहरूको हो, जो पहिले चाहिनेभन्दा बढी त्रसित हुन्छन् अनि पछि आफैं डराउनुपर्ने कुनै कारण नरहेको महसुस गर्छन् ।



तस्बिर : नवराज बाल्ले

ती बहिनीलाई मैले आफ्नो अनुभव पनि 'सेयर' गर्दै नर्भस हुनु नपर्ने कुरा बताएँ, तर उनको 'नर्भसनेस' भने कायमै थियो, जुन अनुहारबाटै प्रस्ट देखिन्थ्यो । मैले आफुले परीक्षा दिँदा के-कस्ता क्रियाकलाप भएका थिए भनेर सबै वृत्तान्त सुनाएँ अनि एसएलसी परीक्षा पनि विद्यालयमा लिइने परीक्षासरह नै भएको कुरामा जोड दिएँ । यसैक्रममा ती बहिनीले विद्यालयमा लिइने परीक्षा र एसएलसी परीक्षामा धेरै फरक भएको बताइन् । 'विद्यालयमा त आफ्नै शिक्षकहरू हुन्छन्, डर पनि लाग्दैन, तर अबको परीक्षामा त कहिल्यै नदेखेका शिक्षकहरू हुन्छन्, अनि आफ्ना शिक्षकलाई पो विद्यार्थीको माया पनि लाग्छ, तर उनीहरूलाई के मतलब, केही गल्ती नगर्दा पनि परीक्षाहलबाट बाहिर निकालिदिन सक्छन् ।' यसो भनिरहँदा उनको अनुहार मलिन देखिन्थ्यो ।

खास कुरा के हो भने, परीक्षा सुरु नै भैसक्यो, अलिअलि डर त सबैलाई हुन्छ, तर पढाइको समयलाई पनि त्यही डर र त्रासमा व्यतीत गर्ने हो भने पछि आफैंलाई गाह्रो हुन्छ । धेरै डराउन थालियो भने बिस्तारै-बिस्तारै 'फ्रस्टेड' हुँदै 'डिप्रेसन' सम्म पुग्न सकिन्छ । वास्तवमा 'डिप्रेसन' 'फ्रस्टेड'को अन्तिम रूप हो जुन जोखिमपूर्ण हुन्छ । मानिसहरू आत्महत्या गर्न तयार हुने, मानसिक सन्तुलन बिग्रनेजस्ता कुरा यही 'डिप्रेसन'ले गर्दा हुन्छ । त्यसैले परीक्षापूर्व भयभीत हुने, डराउने अनि परीक्षाको तयारीका लागि कम समय दिने काम कदापि गर्नुहुँदैन । बरु आफ्नो दिमागलाई 'फ्रेस' बनाउन साँझपख खुला वातावरणमा विचरण गर्नु, पत्रपत्रिका पढ्नु फलदायी हुन्छ । जे होस्, परीक्षाको समयमा आफूलाई भने 'टेन्सन'मुक्त राख्नैपर्ने हुन्छ ।

अबको समयमा परीक्षामा सामेल हुने विद्यार्थीले धेरै पक्षमा विचार पुऱ्याउनुपर्ने हुन्छ । वर्षभरि पढेको कुरालाई अब त रिभाइज मात्र गर्ने हो, अनि कुनैकुरामा केही पनि कसर बाँकी नराखी परीक्षाका लागि पूर्ण रूपमा तयारी गरेको हुनुपर्छ । मानसिक तनावबाट मुक्त भै सकारात्मक चिन्तन गर्नुपर्छ । यसका लागि अभिभावकहरूको भूमिका पनि महत्वपूर्ण हुन्छ । अभिभावकहरूले आफ्ना सन्तानलाई आवश्यक सुविधा उपलब्ध गराइदिएर कुनै घराएसी रिस, समस्याबाट टाढा राख्नुपर्छ । विद्यार्थीहरू पनि 'टेन्सनमुक्त' भै राम्रोसँग पढ्नुपर्छ ।

अर्कातर्फ बर्सेनि विद्यार्थीलाई देखा पर्ने समस्या भनेको बिरामी हुने हो । राम्रोसँग तयारी गरे पनि यदि बिरामी भइयो भने परीक्षा कदापि राम्रो हुँदैन, परीक्षाहलमा समावेश नै नहुन पनि सकिन्छ । त्यसैले पढाइका साथै विद्यार्थीले आफ्नो स्वास्थ्यमा पनि विचार पुऱ्याउनुपर्छ । यसका लागि खानपिनमा पनि राम्रोसँग विचार पुऱ्याउनुपर्छ । परीक्षाको समयमा गेडागुडी, माछामासुजस्ता खानेकुरा कम मात्रामा खानु उपयुक्त हुन्छ । पढाइको लोडले तातिरहेको बेला यस्ता खानेकुराले अझ बढी असर गर्छ । बरु जुस तथा अन्य तरल र शक्तिवर्द्धक खानेकुराहरू खानु राम्रो हुन्छ ।

सुरु भैसकेको एसएलसी परीक्षाका लागि विद्यार्थीहरूको चटारो चलि नै रहेको छ । लेखको सुरुमै उल्लेख गरिएकी बहिनीको जस्तै नर्भसनेसका समस्याहरू अन्य धेरै विद्यार्थीमा पनि विद्यमान छ । जे होस्, अबको समयमा विद्यार्थीहरू 'फ्रस मुड'मा अध्ययन गरेर राम्रो तयारी गर्नु नै उपयुक्त हुन्छ । समग्रमा टेन्सनमुक्त वातावरणमा उपयुक्त अध्ययन नै फलदायी हुन्छ ।

# परीक्षामा अभिभावकको जिम्मेवारी



**शिव मुखिया**

परीक्षामा उत्कृष्टता हासिल गर्न अध्ययन मात्र पर्याप्त नहुन सक्छ, यसमा अभिभावकको सहयोग पनि उत्तिकै आवश्यक हुन्छ। पारिवारिक वातावरणले पनि उनीहरूको अध्ययनमा गहिरो प्रभाव पार्ने भएकाले यतिबेला अभिभावकले आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नुपर्ने हुन्छ।

छोराछोरीलाई विद्यालयमा भर्ना गरिदिएपछि आफ्नो जिम्मेवारी पूरा भएको मान्ने अभिभावकहरूका कारण विद्यार्थीको भविष्य अन्धकारतर्फ धकेलिने गरेको छ। आफ्ना सन्ततिलाई राम्रो शिक्षा-दीक्षा दिनुका साथै उनीहरूलाई हरेक अप्ठ्यारोमा सहायता गर्नु असल अभिभावकको कर्तव्य हो। अभिभावकले छोराछोरीलाई अर्ती दिने मात्र होइन, उचित वातावरण पनि तय गरिदिन सक्नुपर्छ। अधिकांश अभिभावक आफ्ना छोराछोरीको भविष्यप्रति चिन्तित त हुन्छन् नै, तर उनीहरूको भविष्य निर्माणमा सहयोगी भूमिका कमै खेल्छन्। अझ गाउघरमा त घाँस-दाउरा र चुलो-चौको नगरी छोराछोरीलाई पढ्ने अवसर दिइदैन। छोराछोरीलाई पठन-पाठनको उचित प्रबन्ध गर्नुभन्दा घाँस-दाउराको भारी बोकाउनुमै रमाइलो मान्ने अभिभावकका कारण छोराछोरीको भविष्य बिग्रन्छ। साथै, यस्ता लाचार र गैरजिम्मेवार अभिभावहरूले गर्दा नै युवापुस्ताले बाटो बिराउछ।

**प्रसंग +२ परीक्षा**

एसएलसी परीक्षा नजिकिदैछ, आफ्ना छोराछोरीलाई सही दिशातर्फ डोऱ्याउन अभिभावकको भूमिका अहं हुन्छ। अभिभावकको समझदारी र सहयोगले नै छोराछोरीले परीक्षामा राम्रो अंक हासिल गर्न सक्छन्। अभिभावकको सार्थक सहयोग पाएर नै उनीहरू प्रगतिपथमा लम्कन्छन्।

**अध्ययनको वातावरण**

परीक्षाको समय निकै कठिन हुन्छ। यतिबेला विद्यार्थीहरू मानसिक रूपले थकित हुन्छन्। यस्तो बेला अभिभावकहरू घरमा झै-झगडा गर्छन् भने छोराछोरीको मन-मस्तिष्कमा कति नकारात्मक आघात पर्छ होला ? झैझगडा मात्र होइन, अभिभावकको हरेक नकारात्मक गतिविधिले अध्ययनमा जुटेका छोराछोरीमा गम्भीर असर पर्छ। त्यसैले छोराछोरीको भविष्य सम्झेर अध्ययनको राम्रो वातावरण सृजना गरिदिनुपर्छ। राम्रो वातावरणका लागि शान्त ठाउा भएर मात्र पुग्दैन, घरपरिवारको व्यवहार पनि आत्मीय र प्रेरणादायी हुनुपर्छ। अध्ययन गर्ने ठाउँमा कुनै बाधा उत्पन्न हुनुहुँदैन। दुर्गन्ध, चर्को ध्वनि, असजिलो बस्ने ठाउँजस्ता कारणले पनि उनीहरूको अध्ययनमा बाधा उत्पन्न हुन्छ।

**मित्रवत् व्यवहार**

परीक्षाको तयारी गरिरहेका विद्यार्थीलाई सधैं नै असल साथीको खाँचो हुन्छ। त्यो अभाव अभिभावक स्वयंले पूरा गर्न सक्छन्। आफू कति कमजोर छु, कुन-कुन विषयमा कमजोर छु भन्ने जस्ता कुरा उनीहरू आफ्ना साथीलाई मात्र भन्न सक्छन्। शिक्षक वा अभिभावकका अगाडि डरले पनि यस्ता कुरा लुकाउँछन्। त्यसैले उनीहरूको कमजोरी थाहा पाउन उनीहरूसँग मित्रवत् व्यवहार गर्नुपर्छ ताकि उनीहरू आफ्नो कमजोरीका सम्बन्धमा सजिलै खुल्न सकून्। छोराछोरीको कमजोरी बुझेर सोहीअनुरूपको शिक्षाको प्रबन्ध गर्न सकिन्छ। मानसिक एवं बौद्धिक कमजोरी मात्र होइन, शारीरिक कमजोरीका सम्बन्धमा पनि जानकारी लिन सकिन्छ। शारीरिक कमी-कमजोरीलाई पनि कतिपय विद्यार्थीले लुकाउँछन्। त्यस्तै, साथीका रूपमा व्यवहार गरेपछि छोराछोरीले कति जानेको छ, कसरी लेख्न सक्छ भन्ने कुरा पनि थाहा पाउन सकिन्छ।

**शिक्षकको भूमिका**

यसबेला अभिभावकले शिक्षकका रूपमा पनि भूमिका खेल्नुपर्ने हुन्छ। छोराछोरीलाई अनुशासनमा बाँधेर, उनीहरूले नबुझेको कुरा प्रस्ट्याइदिनु अभिभावकको कर्तव्य हो। छोराछोरीको बौद्धिक क्षमताअनुसार कसरी पढाउने भन्ने कुरा पनि अभिभावकले जान्नुपर्ने हुन्छ। उनीहरू कुन विषयमा कमजोर छन् र ती विषयमा कसरी दक्षता बढाउने भन्ने कुरा जान्नुपर्छ। परीक्षाअगावै उनीहरूलाई हरेक विषयमा दक्ष बनाउन सहयोग गर्नुपर्छ। उनीहरू अनुशासनहीन भए सोहीअनुरूपको सजाय दिएर ठीक बाटोमा हिँडाउने प्रयत्न गर्नुपर्छ।

**प्रेरणाको स्रोत**

उचित हौसला एवं प्रेरणाको अभावमा पनि विद्यार्थीहरू कमजोर हुन्छन्। सधैं निराशामा मात्र रहने हो भने उनीहरू मानसिक रूपमा विक्षिप्त हुन सक्छन्। त्यसैले छोराछोरीका निम्ति सधैं प्रेरणादायी भूमिका खेल्नुपर्छ। प्रेरणाले उनीहरूमा नयाँ ऊर्जा थपिन्छ, केही गर्छु भन्ने जोस आउँछ। तिमी परीक्षामा सफल हुन्छौ, तिमीले गरेको प्रयास राम्रो छ' जस्ता प्रेरणदायी बोली-व्यवहार उनीहरूमथि झल्काइरहनुपर्छ। अध्ययनका क्रममा उनीहरूमा हीनताबोध सिर्जना हुन दिनु हुँदैन।

**सहयोगी**

छोराछोरीले अध्ययन गरिरहेको बेला बारम्बार डिस्टर्ब गर्ने अभिभावक पनि हुन्छन्, तसर्थ उनीहरूलाई डिस्टर्ब हुने कुराबाट सचेत रहनुपर्छ। एउटा असल सहयोगीका रूपमा काम गर्नुपर्छ ताकि उनीहरूले अन्य काममा समय खर्चनु नपरोस्। उनीहरूलाई समय-सययमा चिया-खाजा दिनु तथा शैक्षिक सामग्रीहरू खोज्न सघाउनुपर्छ।

**असल अभिभावक बन्नुहोस्**

कसैको बाबु-आमा, दाजु-दिदी, काका-काकी भएर मात्र अभिभावक बन्न सकिँदैन। अभिभावक भएपछि उनीहरूप्रतिको जिम्मेवारी एवं कर्तव्य पनि भुल्नुहुँदैन। कहिले मालिकका रूपमा, कहिले नोकरका रूपमा र कहिले साथीका रूपमा अभिभावकत्व निर्वाह गर्नुपर्छ। छोराछोरीको भविष्य अभिभावकहरूकै हातमा हुन्छ। अभिभावकहरूको सार्थक प्रयासविना उनीहरूको भविष्य सुरक्षित हुने कुरा नचिताउँदा पनि हुन्छ। यसर्थ, छोराछोरीको उज्ज्वल भविष्यका खातिर अभिभावकहरू पनि कर्तव्यनिष्ठ, इमान्दार, सज्जन बन्नु अनिवार्य छ।




# जीपीको जीवनका रोचकपक्षहरू

पृष्ठ ९ बाट जारी

गिरिजाले त्यसो भए ढुंगालाई लात्त हान्न च्यालेन्ज दिए। मनमोहनले ढुंगालाई लात्तले हान्न सकेनन्। त्यसैले कम्युनिस्टहरूप्रति उनी घृणा रहेको बताउँथे, तर समयक्रममा उनको कम्युनिष्टहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आयो।

• गिरिजाप्रसाद कोइराला परम शिवभक्त थिए, उनी साइबाबाका पनि भक्त थिए। साइबाबाले उनलाई नवरत्नको औंठी लगाइदिएका थिए। जनआन्दोलन भाग-२ अघि गिरिजाप्रसादले संसद् पुनर्स्थापनाको माग गर्दै महारुद्रीको संकल्प लिएका थिए, जसअनुसार पशुपतिमा उनले महारुद्री हवन गरेका थिए।

• दाजु बीपी कोइरालाको प्रत्येक निर्देशनलाई कडाइका साथ पालना गर्ने कोइराला दाजुको निधनपछि भाउजू नोनासँग सबैजसो सरसल्लाह गर्थे। नोनाकै संगतका कारण पनि गिरिजाप्रसाद धार्मिक प्रवृत्तिमा रुचि देखाउन थालेका थिए। नोनाकै सल्लाहमा पण्डित वासुदेवकृष्ण शास्त्रीले गिरिजाप्रसादको मृत्युञ्जयको जप पनि गराएका थिए।

• गिरिजा आफ्ना बाल्यकालका सबै सखालाई पछिल्ला दिनसम्म पनि सम्झन्थे। बनारसमा उनका साथीहरू डा. वच्चन सिंह, सागरबाबु आदि थिए। बनारसको गान्धी अध्ययन प्रतिष्ठानमा अहिले पनि किशोर तथा युवावयका गिरिजाप्रसाद तथा कोइराला परिवारका दर्जनौं तस्विर संग्रहित छन्।

• धर्मप्रतिको उनको आस्था बढाउनमा बीपीले जीपीलाई दिएको एउटा सल्लाह सम्झनुपर्ने हुन्छ। एक दिन बीपीले तनावमा भएका गिरिजाप्रसादलाई पशुपतिनाथको दर्शन गरेर आउन सल्लाह दिए। जसअनुरूप नै जीपीले पनि पशुपतिको दर्शन गरे। तनावमा गएका कोइराला एकाएक शान्त भएको महसुस गरेर फर्किए। त्यसपछि उनलाई पशुपतिनाथ मन्दिरको शक्तिको अनुभूति भयो।

• धेरैले गिरिजाप्रसाद कोइरालालाई अराजक, घमन्डी, डरलाग्दो र रिसाहा प्रवृत्तिको भनेर बुझ्ने पनि उनी यसको ठ्याक्कै विपरीत स्वभावका थिए। उनी असाध्यै अनुशासित थिए। पछिल्ला दिनहरूमा बिरामी भएकाले उनको स्वास्थ्यमा केही गडबडी आएकाले उनको रुटिन बिग्रिएको थियो।

• गिरिजाप्रसाद उनलाई भेट्न आउनेहरू तथा पार्टीका केन्द्रीय नेताहरूलाई समेत आफ्नो धरातल नबिर्सन पटक-पटक आग्रह गर्थे। आफू कहाँबाट आएको, प्रारम्भमा कुन हैसियतमा थिएँ भन्ने कुरा बिर्सिएन भने त्यो मानिस सधैं सफल हुन्छ भनेर उनले भन्ने गरेको परिवारका सदस्यहरू बताउँछन्।

• एकपटक राजा-रानी विदेश भ्रमणबाट फर्किएपछि आफूलाई पेरिस, लन्डनजस्ता भव्य शहर मनपर्ने भनेर कुराकानी गरिरहेका थिए, त्यसबखत राजाले गिरिजाप्रसाद कोइरालासाग पीएम, तिमीलाई विश्वको कुन ठाउँ मनपर्छ भन्दा उनले फ्याट्ट विराटनगर भनिदिए। राजा-रानी यो उत्तर सुनेर छक्क परेको गिरिजाबाबुले बताएको पत्रकार जगत नेपाल बताउँछन्।

• गिरिजाप्रसाद कुनै महत्वपूर्ण कुरा बोल्नुपर्‍यो भने विराटनगर जान्थे। 'विराटनगर पुगेपछि मलाई एक प्रकारको जोस आउँछ, अनि फ्याट्ट एउटा कुरा बोलिदिन्छु,' काठमाडौंबाट सँगै गएका पत्रकारहरूले 'आज के भन्ने ?' भनेर जिज्ञासा राख्दा उनी अहिलेसम्म थाहा छैन, त्यहाँ पुगेपछि मात्रै के बोल्ने आफै निस्कने बताउथे। परिवारका धेरै सदस्यलाई कोइराला आफैंले पनि मलाई विराटनगर पुग्नेबित्तिकै अखबारलाई चाहिने मुख्य समाचार कसरी फ्याट्ट भन्न आएको होला भनेर सुनाउँथे। पुरानो घरको कौसीमा बसेर पत्रकारहरूसँग गफ गर्दा उनी पार्टी कार्यकर्तासँगै बसेर गफ गरेजस्तै गर्थे। कार्यकर्ताको भीड पनि त्यत्तिकै हुने भएकाले उनी एकछिन गफ गरेपछि लु अब तिमीहरू जाओ भनिदिन्थे। विराटनगर पुगेपछि गिरिजाले के बोल्लान् भनेर राजादेखि प्रचण्डसम्म तर्सिन्थे।

• राजा महेन्द्रकी श्रीमती रानी रत्न गिरिजाबाबुलाई पटक्कै मन पराउँदैनथिन्। एक चर्चित पुस्तकमा उल्लेख भएअनुसार उनी बीपीलाई खुबै माया गरे पनि जीपीको नाम सुन्न चाहन्नथिन्। रानी रत्नले जीपीको नाम पिलन्धरे बाहुन राखिदिएकी थिइन्।

• ५० को दशकयता राजदरबारसँग गिरिजाप्रसादको सम्बन्ध कहिल्यै राम्रो भएन। राजा महेन्द्र हुँदा पार्टीको पावरफुल पदमा नभए पनि बीपीको भाइका नाताले उनी दरबारसँग नजिक थिए, तर पछि उनी पार्टीमा आफै पावरमा आएपछि भने दरबारले उनलाई रुचाएन। हक्की स्वभावका कोइराला राजालाई अनावश्यक मान नगर्ने भएकाले पनि गिरिजाप्रसाद र दरबारबीच सम्बन्ध राम्रो नभएको जानकारहरू बताउँछन्। राजा वीरेन्द्र हुँदा नै कूटनीतिक विषयमा राजा र गिरिजाबाबुबीच एक प्रकारको टकराव थियो। पछि माओवादी जनयुद्ध दबाउने क्रममा सेना परिचालन गर्ने विषयमा दरबारले ग्रीन सिग्नल नदिएपछि गिरिजाबाबुले प्रधानमन्त्री पदबाटै राजीनामा दिनुपर्‍यो। ज्ञानेन्द्र राजा भएपछि पनि गिरिजाबाबुको उनीसँग सम्बन्ध सुमधुर भएन। एकपटक राजाले गिरिजाबाबुलाई दरबार बोलाएर पत्रिका देखाउँदै के हो पीएम, तपाईंको भ्रष्टाचारका बारेमा खुब समाचार आइरहेका छन् नि ? भनेर सोध्दा गिरिजाले राजा तपाईंलाई पनि दाइमारा भनेर जनताले दरबार हत्याकाण्डको प्रमुख आरोपी भन्छन् नि भनेर उल्टो समस्या तेर्स्याएपछि राजा उनीसँग बोल्न नसक्ने अवस्थामा पुगेका थिए।

• शान्ति-प्रक्रियाका दौरान प्रचण्डले निहुँ खोजेपछि गिरिजा एकाएक जंगिएका थिए। उनले प्रचण्डलाई भनेका थिए, तपाईं जहाँबाट आउनुभएको थियो, हेलिकप्टरले अब तपाईंलाई त्यहीं पुर्‍याउँछ र जसै हेलिकप्टर काठमाडौं आइपुग्छ लगत्तै सेना परिचालन भैहाल्छ भनेपछि प्रचण्ड हच्किएका थिए। शान्तिसम्झौताकै दौरान नेकपा एमालेबाट प्रतिनिधित्व गरेका वर्तमान प्रधानमन्त्री माधवकुमार नेपाललाई पनि गिरिजाप्रसादले राम्रैसँग हपारेका थिए। शान्ति-सम्झौताका दौरान निर्वाचनको विषयमा छलफल चल्ने क्रममा माधव नेपालले लगातार असहमति जारी गरेपछि तत्कालीन पीएम कोइरालाले सरकारका तर्फबाट म र विद्रोही पक्षबाट प्रचण्डजीले हस्ताक्षर गरे पुग्छ, तपाईं बाठो नहुनुस् भनेपछि माधव नेपाल हच्किएर दुईवटा नोट अफ डिसेन्ट राखेर हस्ताक्षर गर्न सहमत भए।



• गणतन्त्र घोषणा भएपछि पत्रकार महासंघले आयोजना गरेको चियापान समारोहमा प्रधानमन्त्री आउने बताइएको थियो। पूर्वनिर्धारित १ बजेर ३० मिनेटको उक्त कार्यक्रम प्रधानमन्त्री आउन नभ्याउने बताएपछि जसरी भए पनि आइदिन आग्रह गरियो। त्यसपछि प्रधानमन्त्री १ बजेर १५ मिनेटमै आइपुग्ने खबर आयो। सबै नेतालाई आउने समय १ बजेर ३० मिनेट भनेको अवस्थामा प्रधानमन्त्री १५ मिनेटअगावै आएपछि आयोजकहरूलाई समस्या पर्‍यो। चिया बसाएकै थिएन, प्रधानमन्त्री आइपुगे, त्यसबेलाको घटना संस्मरण गर्दै जगत नेपाल भन्छन्- त्यसबेलासम्म पीएम सिसाको ग्लासमा मात्र चिया खान्छन् भन्ने कसैलाई थाहा थिएन्। अनि तत्कालै उनलाई चाहिने २० रुपैयाँको सिसाको ग्लास किन्न ३ सय रुपैयाँ ट्याक्सी खर्च गरिएको थियो।

• गिरिजाप्रसादको सफलतामा कोइराला परिवारको सहयोग एकदमै महत्वपूर्ण रहयो। जीपीको लिगेसीमा कसैले कहिल्यै प्रश्न गरेन। राजा ज्ञानेन्द्रले कु गरेर सत्ता आफ्नो हातमा लिंदा प्रकाश कोइरालालाई त्यो सत्तामा जान जीपीले नै सल्लाह दिएका थिए। विभिन्न पार्टीमा आफ्ना नेतालाई प्रवेश गराएर त्यहाँको आन्तरिक राजनीति बुझ्न सजिलो हुने उनको बुझाइ थियो। उनी वास्तवमा खतरनाक राजनैतिक लिडर थिए। तारानाथ रानाभाटलाई उनको परिवारले राजीनामा गर्न दबाव दिंदा गिरिजाबाबुले नै एकाबिहानै उनको निवासमै पुगेर राजीनामा नगर्न आग्रह गरेका थिए। कोइराला परिवारका सबै सदस्य सानोबुबाको भनाइलाई नकाट्ने परिवारस्रोत बताउँछ। जीपीले परिवारको सहयोग नै मेरो सफलताको आधार हो भन्ने गरेका थिए।

• एकपटक गिरिजाप्रसादले सानो उमेरको प्रकाश कोइरालालाई तेरो बाबुको कमजोरी के के हो, भन ? भनेर सोधे। ८-९ वर्षका प्रकाश खेलिरहेका थिए। प्रकाशले उत्तर दिनुअगावै बच्चालाई यस्तो कुरा सोध्ने भनेर बीपीले जीपीलाई हपारे। तत्कालै प्रतिवाद गर्दै जीपीले 'यसले तपाईंको कमजोरी साँचो अर्थमा बताउँछ। ठूलाले त चाकडी गर्छन्, तपाईं रिसाउनुहुन्छ भनेर बोल्न डराउँछन् तर यसलाई तपाईंका कमजोरी बताउन केही सोच्नु पर्दैन। फटाफट भनिदिन्छ' भनेपछि बीपी गिरिजाप्रसादको तर्कसँग सहमत भएका थिए।

• गिरिजाप्रसाद आफ्नो अडानमा सधैं अडिग रहन्थे। बीपीलाई जेलबाट छुटाउने संकल्प लिएका उनले राजा महेन्द्रलाई गएर पटक-पटक आग्रह गरे, तर महेन्द्रले जीपीको कुरा सुनेनन्। त्यसपछि उनले राजा महेन्द्रकै अगाडि कहाँ गएर कसरी छुटाउनुपर्छ मलाई थाहा छ भनिदिए, मलाई त देशभित्रै मिलाउनुपर्छ भन्ने लाग्थ्यो तर हुने रहेनछ भनेर चेतावनी दिए। पछि दिल्ली गएर उनले बीपीलाई छुटाएका थिए। जीपी कुशल वार्ताकार भएको भनेर गणेशमानले पनि उनको प्रशंसा गरेका थिए।

• गिरिजाप्रसाद आफ्ना नजिककाहरूसँग एउटै भावना पोख्थे। त्यो थियो सुष्मासँग धेरै बस्न नपाएको कुरा। ००८ सालमा उनले सुष्मासँग विवाह गरेका थिए। ०२४ सालमा केरोसिन फ्रिज पड्कँदा उनको मृत्यु भयो। जीपीका अनुसार उनले मुस्किलले सुष्मासँग ३-४ वर्ष मात्र साथै बस्न पाएका थिए। बाँकी समय राजनैतिक व्यस्ततामै बित्यो। सुजाता ०११ सालमा जन्मिएकी थिइन्। गिरिजासँग विवाह गर्नुअगावै सुष्माले अरूसँग विवाह गरेकी र पहिलो विवाहबाट जन्मिएको छोरो सुरेशसहित कोइराला निवासमा उनी बेहुली बनेर भित्रिएकी थिइन्। सुरेशलाई पनि गिरिजाप्रसादले आफ्नै छोरोसरह हुर्काएका थिए। सुरेशको नाम सबाट उठेको आधारमै छोरीको नाम पनि उनले सुजाता राखेका थिए। बीएस्सी अध्ययन पूरा गरेका सुरेश हाल व्यवसायका अतिरिक्त खेती-किसानीमा व्यस्त छन्।

• गिरिजाप्रसादको जीवनकै सबैभन्दा महत्वपूर्ण पक्ष भनेको उनको नैतिक आचरण हो। विवाह गरेको १६ वर्षमै श्रीमती गुमाएका उनले दोस्रो विवाह त गरेनन् नै, शारीरिक विषयवस्तुसँग सम्बन्धित रहेर उनी कहिल्यै विवादमा आएनन्।

• गिरिजाबाबु बालबालिका भनेपछि हुरुक्कै हुन्थे। मौका पाउनेबित्तिकै उनीहरूसँग खेल्न, चल्न मन पराउनुका साथै धेरै समय व्यतीत गर्थे। कोइराला नानीहरूलाई पैसा दिएर केही किनेर ल्याउन लगाउँथे, जसबाट उनी उनीहरूको मनोविज्ञान बुझ्थे। त्यस्तै स-साना काम लगाएर काम पूरा गरे पुरस्कार दिन्थे। केटाकेटीबाट ठूला मानिसको विश्लेषण गराउनु उनको सौख थियो।

•उनी अध्ययनमा रुचि राख्थे, जीवनको अधिकांश समय उनले पाएजति सबै पत्रिका अध्ययन गर्नमा बिताए। पछिल्ला दिनमा अरूलाई पढ्न लगाएर समाचार सुन्ने उनको बानी थियो। बिहान उठेपछि उनी अखबार अध्ययनलाई समय छुट्याउँथे।

• कोइराला सफा पहिरन लगाउँथे। घरमा बस्दा पनि सफा रहने उनी वरिपरिका सुसारेहरू पनि सफा हुनुपर्ने बताउँथे। उनी हलुका खाना खान मन पराउथे। धेरै खानेहरूको दिमाग बोधो हुने उनको तर्क थियो। एउटा काजु, एउटा बदाम, एक चम्चा च्यवनप्रास, अण्डाको सेतो भाग उनी नियमित खान्थे। कोइराला चिन्तनशील थिए, उनी एकान्तमा रहँदा मेडिटेसन गर्थे। गीत सुन्न मन पराउँथे। चाडपर्वलाई उल्लासमय वातावरणमा मनाउनुपर्छ भन्ने मान्यता राख्थे। घरमा आउने जो-कोहीलाई पनि समान व्यवहार गरेको मन पराउँथे। झुटा तथा बनावटी मानिसलाई घृणा गर्थे।

• कोइरालालाई जान्नेहरू उनी कारुणिक व्यक्ति भएको बताउँछन्। इमान्दारिता एवं पारदर्शितामा विश्वास राख्ने कोइराला द्वैध चरित्रलाई घृणा गर्थे। राजनीतिक चलचित्र हेर्न मन पराउने कोइराला सबै मानिस जिम्मेवार बन्न सके उपलब्धि हात पर्ने बताउँथे। सकारात्मक सोच राख्ने भेदभाव गर्दैनथे।

• हेर्दा गम्भीर देखिए पनि कोइराला ठट्यौली पनि उत्तिकै गर्थे। औपचारिक कार्यक्रममा पनि छेवैमा बस्नेहरूसँग उनी ठट्टा गरिरहेका हुन्थे। उनको रोमान्टिक स्वभाव र ठट्यौली क्याबिनेट बैठकमा पनि निस्कन्थ्यो। उनी जोक्स पनि सुनाउँथे। पछिल्ला दिनमा नजिकका मानिसलाई बोलाएर कथा सुनाउने उनको बानी थियो।

•२०६३ सालसम्म उनी नियमित बियर सेवन गर्थे। ब्रोडकाइटिसले च्यापेपछि उनले बियर पिउन छाडे, तर लुकेर चुरोट खाने र एक प्याग लिने बानीले उनको स्वास्थ्यमा असर पुगेको चिकित्सकहरू बताउँछन्। जीपी पहिला पाइन्ट-सर्ट लगाउँथे। पहिलो पटक प्रधानमन्त्री भएपछि उनले दौरा सुरुवाल, कालो कोट, कालो जुत्ता र कालो टोपी लगाउन थालेका थिए। त्यसपछि यो पहिरन उनको ब्राण्ड बन्यो। सयौं जोर दौरा-सुरुवाल सिलाएका उनी औपचारिक समारोहदेखि विदेश भ्रमणमा समेत यो ड्रेसकोडलाई छोड्दैनथे।

• गिरिजाबाबु प्रत्येक बिहान नुहाउँथे, बाल्टीमा पानी राखेर जगले पानी हाल्दै नुहाउने आदत थियो। उनले कहिल्यै सावरमा नुहाएनन्। जगले खन्याएर नुहाउने बानी बसेकाले नै यो बानीलाई उनले विदेशमा समेत निरन्तरता दिए। कसैको निम्ता मानेर भोज-भतेरमा जाँदा उनी प्रायः केही खाँदैनथे। एक कप चिया खाएर फर्कन्थे। एकदमै विशेष भोजमा मात्र खान्थे अनि त्यस्तो डिनरबाट फर्कंदा बाटामा भेटिने कुनै डिपार्टमेन्टल स्टोर वा कतै आफ्ना सहयोगीहरूलाई लिएर जान्थे। त्यहाँ उनीहरूलाई निश्चित पैसा दिएर आ-आफूलाई मनपर्ने सामान किन्न भन्थे। सबैले सामान किनिसकेपछि क-कसले के किने भनेर चासो दिन्थे। यसबाट उनी सहयोगीको मनोविज्ञान चहार्थे। कतै जाँदा आफ्ना सुरक्षाकर्मीहरूले खाए-खाएनन् भनेर बुझिरहन्थे। कुनै पनि कार्यक्रममा आफ्ना सुरक्षाकर्मीले चिया खाएपछि मात्र उनी खान्थे। अर्थात् आफ्नो सुरक्षाकर्मीको उनी निकै ख्याल गर्थे।

• आफ्नो निवासमा सहयोगी बनेर काम गर्नेहरूमा उनले कहिल्यै भेदभाव गरेनन्। सबैलाई समान व्यवहार गर्थे। साथै उनीहरूको सम्पूर्ण जानकारी लिन्थे– छोराछोरी कस्ता छन्, कहाँ पढ्छन्, गाउँमा को-को छन् इत्यादि। उनी समयलाई पनि अनुशासित ढंगले पालना गर्थे। उनी कहिलेकहीं कामदारहरूलाई आफ्नो कथा सुनाउँथे। 'घरमा उनको परिवार ठूलो थियो। मासु पकाएको बेला पुर्‍याउन धौ-धौ हुन्थ्यो। सबैको भागमा मासु हाल्दा एक-एक चोक्टा मात्र पुग्थ्यो। अनि त्यो चोक्टा भातको माझमा राखेर भात खाइन्थ्यो।' यो कथा उनले थुप्रै पटक सुनाएका थिए।

• पछिल्लो समय उनलाई सम्पूर्ण दैनिक पत्रिकाको सम्पादकीय पढेर सुनाउनुपर्थ्यो। उनी फुर्सदमा पुराना हिन्दी गीत सुन्थे र हिन्दी फिल्म हेर्थे। सपिङमा पनि उनी पर्फेक्ट थिए। उनी कुन ट्रेडमार्क राम्रो भन्ने कुरा खुट्याउन सक्थे।

**(विशेष सहयोग : जगत नेपाल, झरना नहर्की तथा शिव मुखिया)**

## • तालुमा आलु •



प्रकाश ओझा

विदेशमा भएको युवक उसकी प्रेमिकाले छोडपत्र पठाएको र भएको तस्बिर फिर्ता गर्न चिठी लेखेकोमा दुखी र निराश थियो, तर केटा पनि के कम, उसले आफूसँग भएका सबै तस्बिर जम्मा गऱ्यो र लेख्यो : प्रिय, मैले तिमी कुनचाहिँ हो भनेर चिन्न सकिनँ.... त्यसैले कृपया तिम्रो तस्बिर राख र अरूचाहिँ फिर्ता गरिदेऊ ।

ooo

कक्षामा शिक्षकले विद्यार्थीहरूलाई आफ्नो प्रेमी-प्रेमिकाको नाम लेख्न लगाएछन् : एउटा छात्र बाहेक सबैले दुई सेकेन्डमै नाम लेखेर सरलाई बुझाए । दस मिनेटपछि उक्त छात्रले उठेर भनेछ : सर, थप कपी ।

ooo

एक जोडी प्रेमी-प्रेमिका ट्रेकिङका लागि अन्नपूर्ण बेसक्याम्पतिर गएछन् । बाटोमै रात परेपछि उनीहरू एउटा होटेलमा बास बसेछन् । होटलमा एउटै ओछ्यानमा सुत्ने निर्णय गरेछन् । सुत्ने बेलामा प्रेमिकाले बीचमा एउटा सिरानी तेस्याईछिन् । भोलिपल्ट बिहान उठ्नेबित्तिकै प्रेमीले भने : चाँडो गरौं, आजै त्यो अग्लो पहाडको पारि पुग्नुपर्छ ।

प्रेमिकाले झर्किंदै भनिन् : के पहाडको कुरा गर्छौ ? राति यो सिरानी त पार गर्न सकेनौ ।

ooo

एक युवक पहिलोपटक आफ्नी गर्लफ्रेन्डसँग चलचित्र हेर्न गयो तर टिकट हाउसफुल थियो ।

'हजुर, युवकले टिकट चेकरलाई भन्यो 'प्लिज दुईवटा टिकट मिलाइदिनु, अत्यन्त आवश्यक छ ।'

'ठीक छ' टिकट चेकरले भन्यो- 'बाल्कोनीको दुईवटा टिकट मिलाइदिन्छु तर उभिएर हेर्नुपर्छ ।'

'धन्यवाद मलाई मन्जुर छ,' युवकले सशंकित हुँदै भन्यो तर...,

तर के ?

दुवैजना सँगै हुन्छौ होइन ?

### मेरो कुरो

'हवाईजहाज दुर्घटना हुँदा ब्ल्याकबक्सलाई केही हुँदैन भने सिङ्गै जहाजलाई नै ब्ल्याकबक्स बनाए भैगयो नि ।'

## • कविता •

### कता ठेस लाग्यो सानु



पवित्र तिम्रो सुन्दरतामा खोट लागेछ नि
कता ठेस लाग्यो सानु चोट लागेछ नि,
सजिएकी छ्यौ तिमी भगवान्ले नै सजाएका
किरिम पाउडर बिनै तिमीलाई सुन्दर बनाएका,
अबोध तिम्रो देहबाट खुन बगेछ नि
कता ठेस लाग्यो सानु चोट लागेछ नि,
तिम्लाई आत्था हुँदा कठै, भन्ने धेरै छन् है
परिस्थिति जटिल छ नि, सचेत हुनु अझै,
धेरै अघि पुग्नु थियो पाइला फाटेछ नि
कता ठेस लाग्यो सानु चोट लागेछ नि ।

**प्रभात खत्री**

### मन

अनायासै मुटु जोडें पछि कतै तोड्ने हौ कि
हात समाई अघि बढें बीच बाटोमै छोड्ने हौ कि
आफ्नो सम्झी मन, मुटु र सर्वस्व नै तिमीलाई दिएँ
हिँडदा हिँड्दै लोभ लालचले मन अन्तै मोड्ने हौ कि
छैन मसँग सिवाय मन दिऊँ भने अरू केही
के दियौ आखिर तिमीले भनी मलाई सोध्ने हौ कि
आखिर मनले चाहेपछि लाग्दोरैछ माया धेरै
तर मलाई विष खुवाई पराई घुम्टो ओढ्ने हौ कि
आँखा खोल्दा चिम्लँदा नि वरपरि तिमीलाई देख्छु
कपटी स्वार्थी मन फेरि अन्त कतै जोड्ने हौ कि
सागर सरी मेरो मुटु झिकी उपहार दिइसकें
कोमल मेरो हृदयलाई पत्थर मनले घोट्ने हौ कि ।

**विश्वास वाइबा**

### याद आयो

पहिलो प्रेमको पहिलो मात याद आयो
पिरतीले भरिएको मीठो बात याद आयो
बिर्सूं भन्छु एकान्तमा भुलाउन अतीतहरू
बिर्सदा नि सम्झनाको खात याद आयो
दैवले नै बनायो कि पवित्र यो माया भन्ने
मुटुको धड्कनभित्र उनकै साथ याद आयो
चुम्नु भन्थे खुसीसाथ यी ओठले चन्द्रलाई
टाढिएको विछोडको रात याद आयो
मलाई मात्र यस्तो हो कि तिमीलाई पनि
संयोगले खेलेको त्यो घात याद आयो ।

**प्रीति कौर**

### कुनै जात

आँखाबाट बगेकै छ आँसुको यो खोला
थाहा छैन जिन्दगीमा अझ कति बग्ने होला
कहिले लाग्छ यही आँसु जिन्दगीको साथी होला
नबगेको भन्दा बरु बगेको नै जाती होला
अरू बाँकी के नै हुन्थ्यो नभए यो आँसु
त्यसैले त यो आँखामा लाग्छ सधैं साँचिराखुँ
दुःख मात्र होइन फेरि खुसी साट्नेहरूलाई
रोदनमा मात्र होइन हाँसो बाझ्नेहरूलाई
सरोबरी हुने रैछ यो आँसुको साथ
हुन्न रैछ न त रंग न त कुनै जात ।

**सन्त थुलुङ**

## • लघुकथा •



### मोरल्ली करप्ट

म जुन घरमा बस्थें, त्यसको अघिल्तिरको घरमा रमन बस्थ्यो । डेरावालका नाताले हाम्रो चिनजान एक वर्षअघि भएको थियो । रमनको एउटा राम्रो स्वभाव थियो- अरूलाई सम्मान गर्ने । त्यसैले टोलमा रमनको राम्रो इज्जत थियो ।

केही महिनाअघि एउटा युवती रमनको कोठामा बस्न आइन् । सबैसँग चिनजान भएकाले रमनलाई सबैले सोध्थे, यी बहिनीचाहिँ को हुन् ? रमन सजिलै जबाफ दिन्थ्यो, फुपूकी छोरी हुन्, बहिनी । उनीहरूको हाउभाउ गाउँले दाजु-बहिनी जस्तो लाग्दैनथ्यो ।

एक दिन शनिबार दिउँसो घरबेटी रमनको कोठामा छिरेछन् । छिर्ने बित्तिकै आत्तिएर घरबेटी कोठा बाहिर निस्किए । रमन र ती युवती छिस्केनी समेत नलगाई रतीक्रियामा मग्न रहेछन् । आत्तिंदै उनी मेरो कोठामा आए । मलाई कोट्याउँदै घरबेटीले भने, 'रमन त मोरल्ली करप्ट रहेछ ।'

**–नवीन**



# पढेर जानिन्छ कि परेर?

त्यति पनि थाहा छैन परेर जानेकाहरूसँग पूरा अनुभव हुन्छ भनेर ।

**कमल नेपाल** (२०), **काभ्रे**

पढ्नेले पढेर, नपढ्नेले परेर जान्दछन्, यी दुवै शिक्षा र ज्ञानका मूल हुन् ।

**खेमराज लुइँटेल** (३८), **बारा**

कति कुरा पढेर जानिने हुन्छन् भने कतिपय कुरा परेर जानिन्छ, धेरै त पढेर नै जानिन्छ ।

**नारायण कुँवर** (२२),

पढेर वा परेर दुवै तरिकाले जान्न सकिन्छ, तर दुवै बाटो भएर गए उत्तम ।

resham_sunuwar@yahoo.com

मस्तिष्क चलाउन पढेर जानिन्छ भने हात चलाउन परेर जानिन्छ ।

**दीपक गौतामे, स्याङ्जा**

दुवैबाट ।

**विरु नुर्गा, ताप्लेजुङ**

पढेर सैद्धान्तिक ज्ञान मिल्छ भने परेर व्यावहारिक तर सैद्धान्तिक ज्ञानभन्दा व्यावहारिक ज्ञान राम्रो मानिन्छ ।

**प्रवीण ज्ञवाली, करादी**

पढेर नै जानिन्छ होला, परेर जानेको खासै उदाहरण छैन ।

**हरिशप्रसाद अवस्थि**

परेर जानिने भए मानिसहरूले त्यति धेरै खर्च गरेर किन पढ्नुपर्थ्यो र ?

**पेशल दाहाल**

कुनै कुरा पढेर जानिन्छ भने व्यावहारिक कुरा परेर जानिन्छ ।

**दुर्गाबहादुर माझी**

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
२. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
३. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
४. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
५. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
६. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
७. तपाईं एक्लै हुँदा के सोच्नुहुन्छ ?
८. राजनीति राम्रो कि समाजसेवा ? किन ?
९. तपाईंले पछिल्लो पटक कहिले झूटो बोल्नुभयो ?
१०. साप्ताहिकको ब्लो-अप तपाईंलाई कस्तो लाग्छ ? किन ?

## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भट्ट

**प्रश्न : म २८ वर्षीया विवाहित युवती हुँ । विवाह भएको पहिलो रात सम्पर्क हुँदा मेरो योनिबाट रगत बगेको थियो र पीडा पनि भएको थियो । हिजोआज रगत आउँदैन तर पीडा भने हुने गरेको छ । पीडाका कारण यौनसम्पर्क नगर्दा पनि उत्तेजना भने भैरहन्छ । के यो रोग हो ? के पहिलो सम्पर्क गर्दा प्रत्येक महिलाको रगत बग्छ ? उत्तेजनामा आउँदा मैले औंला प्रयोग गर्ने गरेकी छु, के यो ठीक काम हो ?**

**– स.**

**उत्तर : पहिलो सम्पर्कमा किन रगत आएको होला ?**

योनिद्वार पातलो झिल्लीले छोपिएको हुन्छ, जसलाई नेपालीमा योनिच्छद र अंग्रेजीमा hymen भनिन्छ । यसको आफ्नै कुनै निश्चित विशेष कार्य भने थाहा भएको छैन, तर यसमा भएका प्वालहरूबाट महिनावारी हुँदा आउने रगत निस्कन्छ । घेरैजसो महिलामा यो झिल्ली योनिद्वारको भित्ताबाट अलिकति मात्र बढेको हुन्छ अर्थात् योनिद्वारलाई पूरै ढाकेको हुँदैन । योनिच्छदको आकार, बनावट तथा मोटाइ व्यक्तिअनुसार फरक पर्न सक्छ । योनिद्वारको वरिपरी घेरा हालेजस्तो भए annular योनिच्छद भनिन्छ भने झिल्लीको बीचमा केही पट्टी भएकोलाई कभउतबतभ भनिन्छ । कुनै योनिच्छद चाल्नीजस्तै प्वाल-प्वाल परेको हुन्छ, जसलाई cribriform भनिन्छ । शिशु जन्माइसकेका महिलाहरूमा भने यसको केही अंशको घेरा मात्र पाइन्छ ।



पहिलो यौनसम्पर्क हुँदा महिलाहरूमा रगत आउने प्रमुख कारण यही योनिच्छद च्यातिनु हो । यसरी योनिच्छद च्यातिएर आउने रगतको मात्रा थोरै र पीडा पनि हल्का हुन्छ । यौनसम्पर्क गर्दा पाइने सुखका क्रममा उक्त पीडालाई महिलाहरूले सजिलै बिर्सन सक्छन्, यो धेरै चासोको विषय पनि बन्दैन । केही महिलाले पहिलो पटक मात्र होइन, त्यसपछिका केही यौनसम्पर्कमा पनि रगत देखिने तथा दुख्ने अनुभव गरेको भेटिएको छ । कुनै-कुनै महिलाको योनिच्छद जन्मजात नै नहुन वा राम्रोसँग विकास नभएको हुनसक्छ अथवा अन्य कारणले च्यातिइसकेको हुनसक्छ । त्यसैले त्यस्ता महिला पूर्णरूपमा कुमारी भए पनि, यौनसम्पर्क नै नगरेको भए पनि पहिलो यौनसम्पर्कका बेलामा पटक्कै रगत नआउन वा कुनै पीडा नहुन सक्छ ।

**किन दुखेको होला ?**

यौनसम्पर्क मुख्यतः सुखमय हुने भए पनि अनेक कारणले पीडायुक्त हुनसक्छ । पीडा हुने कारणहरूमा योनिको संक्रमण प्रमुख हुनसक्छ । यौन सम्पर्क सुरु गर्ने बेलामा पीडा अनुभव हुन्छ भने क्यान्डिडा वा हर्पिसजस्ता संक्रमण पनि यसको कारण बन्न सक्छ । त्यसैगरी लिङ्गको प्रवेश एकदमै भित्रतिर हुँदा पीडा अनुभव हुन्छ भने क्लामाईडिया वा गोनोरियाको संक्रमणलाई संकेत गरेको हुनसक्छ । यस्ता संक्रमणले पनि पाठेघरको मुख वा पाठेघरवरिपरिको अन्य भागलाई प्रभाव पारेको हुन्छ । हर्पिस, क्लामाइडिया वा गोनोरिया आदि संक्रामक यौनरोग हुन् । तपाईंलाई थाहै होला, यौनरोग एक व्यक्तिबाट अर्को व्यक्तिमा यौनसम्पर्कको माध्यमबाट सर्छ । त्यसैगरी योनिद्वारको छेउमा भएको गन्थिको संक्रमण पनि यसको कारण हुन सक्छ, तर तपाईंले त्यस विषयमा खासै लेख्नुभएको छैन ।

योनि सुख्खा भएको स्थितिमा यौनसम्पर्क गर्दा पनि पीडादायक हुन्छ । यस्तो बेलामा K-Y Jelly जस्ता चिप्लो पदार्थ प्रयोग गर्नु लाभदायक हुनसक्छ । विशेष गरेर भयातुर वा डर भएको स्थितिमा यौनसम्पर्क गर्न लाग्दा अकस्मात् योनिको मांसपेशीमा संकुचन भै कडा हुन्छ । यस्तो बेलाकै यौनसम्पर्क पीडायुक्त हुन्छ । अंग्रेजीमा यस किसिमको अवस्थालाई Vaginismus भनिन्छ । यस्तो अवस्थामा तनाव कम गर्नुपर्छ । पीडादायक तथा अप्ठ्यारो यौनसम्पर्कलाई चिकित्सकीय भाषामा Dyspareunia भनिन्छ, जुन महिला तथा पुरुष दुवैलाई हुन सक्छ । के कारण हो पत्ता लगाउन चिकित्सकको सहयोग लिनुपर्छ ।

**यौनसम्पर्क नगर्दा यौन उत्तेजना**

तपाईंमा यौनेच्छा छ । यसले तपाईंका विभिन्न यौन तथा अन्य अङ्गले राम्रैसँग कार्य गरिरहेको संकेत गर्छ । रागरसले यौनेच्छा जगाउँछ । यौनेच्छा बढ्दै गएपछि त्यसलाई पूरा गर्नुपर्ने हुन्छ । यौनसम्पर्कमा संलग्न हुनु यसलाई पूरा गर्ने सर्वमान्य र विवाहितका लागि सुलभ उपाय हो । यौनेच्छा भएर पनि यसलाई शान्त पार्न नपाएको स्थितिमा यो बढ्दै जान्छ । कतिपय स्थितिमा वैकल्पिक उपायजस्तै कि हस्तमैथुनको माध्यमबाट पूरा गर्ने प्रयास गरिन्छ । अर्कातिर यस्ता कुनै उपाय नगरिएको बेला पनि स्वप्नदोष (यौनउत्तेजक सपना देख्नु) जस्ता कार्यबाट यौनेच्छा पूरा गरिन्छ । किन यौनसम्पर्क नगर्दा यौन उत्तेजना हुन्छ भन्ने कुरा बुझ्नु नै भयो होला ।

**यौन उत्तेजनामा**

योनिमा केही पसाउनु महिलाले गर्ने हस्तमैथुन हो । यसो गर्दा योनिमा पर्याप्त मात्रामा रस आइसकेको हुनुपर्छ र यौन उत्तेजना हुँदा यो स्वाभाविक रूपमा नै हुन्छ । यस्तो नभएको स्थितिमा अन्य कुनै चिप्लो पदार्थको प्रयोग गर्न भने बिर्सनु हुँदैन । पसाउने कुरा सफा भएको कुरा सुनिश्चित गर्नुपर्ने हुन्छ । औंला पसाउँदा आफूलाई आनन्द पाउने स्थान खोज्न सकिन्छ । भगाङ्कुर होस् वा योनि, हस्तमैथुनमा औंलाको प्रयोग नै महत्वपूर्ण हुन्छ । औंला बहुउपयोगी हुने भएकाले नै चाहेअनुरूप दबाब, गति, तरिकामा गर्न सकिन्छ जसले आनन्द थप्छ नै । यसबाहेक महिला शरीरको अन्य अङ्गहरूको स्पर्श, मर्दन वा सुमसुम्याइ, यौनआनन्द पाउने कुराका सन्दर्भमा सहायक नै हुन्छन्, तर यसरी यौनआनन्द लिने क्रममा महिलाहरूले यौन प्रसाधन वा वस्तुहरू पनि प्रयोग गर्न सक्छन् ।

अर्को महत्त्वपूर्ण कुरा के भने तपाईंको अङ्गमा तपाईंको नै प्रथम अधिकार हुन्छ र त्यसलाई तपाईंले चाहेअनुसार प्रयोग गर्न सक्नुहुन्छ । हस्तमैथुनमा अभ्यस्त भएर श्रीमान्सँगको यौनसम्पर्कबाट धेरै परहेज गरियो भने वैवाहिक सम्बन्धमा पनि नकारात्मक असर पर्न सक्छ । त्यसैले समाधानका लागि तपाईंहरू दुवै जना मिलेर आफूमा परेका असजिलाका सम्बन्धमा कुरा गर्दै, त्यसको समाधान अनि कसरी बढी यौनआनन्द लिन सकिन्छ भन्ने कुराकानी गरेर विभिन्न प्रयोग गरी दुवै जनालाई आनन्द आउने उपाय अवलम्बन गर्न सक्नुहुन्छ ।

सौन्दर्यका सामान
Free Home Delivery / 100% Guaranteed
Height बढाउने (Yoko Japanese) - 1050/-
मोटोपन घटाउने (Sauna Belt)
अनुहार गोरो बनाउने (Roop Amrit)
स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
डण्डीफोर, चाया पोतो हटाउने (Cream)
धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
लिङ्ग बढाउने साथै गुप्ताङ्ग टाईट गर्ने ।
Worldwide Shopping Centre
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Newbaneshwor, 9808301235
Ph. 2290871, Mob. 9841506134

कस्मेटिक सर्जरी
- शरीरमा भएको दाग, कोठी, मुसा, ट्याटु, अप्रेशन पछिका दागहरू हटाउन
- नाक, कान, आँखा सम्बन्धी कष्मेटिक सर्जरी
- मंगोलियन आँखाको उपचार
- अनुहारको चाउरीपन हटाउन (BoTOX TREATMENT)
- स्तन सम्बन्धी कष्मेटिक उपचार
- टाउकोमा केश उमार्न
नेपाल प्लाष्टिक सर्जरी अस्पताल
हरिसिद्धि, ललितपुर
५२५०६६५, ९८०३८८३५७७

के तपाईंमा यौन सम्बन्धी समस्या छ?
पुरुषहरूमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु ।
महिलाहरूमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।
मानसिक
निराशा उदासिपन, मानसिक डर, भय, दिमागको वोधोपन ।
महिला वा पुरुषहरुमा हुने बाँझोपन (नि:सन्तान) को गोपनियताका साथ उपचार
सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५
शाखा कार्यालय
पोखरा – ०६१–५३९१९४ वुटवल – ०७१–५४८८९३
भरतपुर – ०५६–५२०९६८ इटहरी – ०२५–५८४०८८
दाङ– ०८२–५६२९८३, हरिओन सर्लाही – ०४६–५३०४८४
हेटौंडा – ०५७–५२६०४६ सप्तरी, फत्तेपुर – ०३१–५५०११२

केश
कपाल झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before After
Herbal44 Rs. 750/-
बेदाग गोरो मुहारको लागि
रुपअमृत - Rs.1650/-
Anti Pimple
(Rose Sunscream Free)
मुहारको दाग चायाँपोतो हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने/घटाउने Cream - Rs. 1650/-
ग्यास्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाई बढाउने
सफल आयुर्वेदिक/प्राकृतिक उपचार No Side effect
शरीरको weight घटाउने Easyway 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, 9842083409

सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

होटल तालीम अन्तर्राष्ट्रिय मापदण्डको
✧Cook ✧Waiter ✧Bartender ✧Housekeeping ✧Front Office ✧Coffee Making ✧Bakery ✧Caregiver ✧Hotel Mgmt. ✧F&B Mgmt.
✧Airfare & Ticketing (Fare Calculation) ✧Abacus, Amadeus, Galileo, e-ticketing ✧Travel Operation ✧Tour & Travel Mgmt
✧3/4/5 Star होटलहरूमा तालिम दिइने
✧Abroad Study- UK, USA, Australia, Japan
Language: English & Japanese
बिदेश जानेहरूको लागि विशेष कोर्ष
Excel Academy of Tourism & Hotel Mgmt. Pvt. Ltd.
Ph: 4460956 Chabahil, Ktm (Near to Medicare)

Asian Sky Shop का सामानहरू र टि.भि.मा देखिाइने सामानहरू पाईन्छ ।
शक्ति सम्बृद्धिको लागि हर समस्या, हर रोगबाट छुटकारा दिलाउने नजर कबज साथमा त्रिस्टल र हरेक लकेटहरु पाईन्छ । साथमा चुरोट, जाडँ, रक्सीको नशाबाट छुटकारा दिलाइन्छ ।
Counselling for 9721526135
100% Sliming Center
If u want slim, Beauty, heighty, Smart, Active Personality Plz contact
मोटाउने दवाई पनि पाईन्छ ।
स्तन, गुप्ताङ्ग टाईट एक दम फिट 100 % ग्यारेण्टी
- 5 in a Magic Sofa & Air
- Foot Bath, Massager
- Body Bath Steamer
- AB King pro
- Exercise सामानहरु
मोटोपना घटाउने १ महिनामा १५ के.जी. (44 cm - 13 cm = 31 cm)
Japanes Oil 499/-
पहिले ९० के.जी. 51 cm
सेक्स पावर Korean Spry & Je Only Rs. 2999/-
१ महिनामा 150 cm देखि 180 cm सम्म योको हाईट Height बढाउने
Home Delivery 9808503540
कपाल उमार्ने तेल
Handsome Up लिङ्गको लम्बाई र मोटाई बढाउने अमेरिकन प्रोडक्ट
चायाँ पोतोको अचुक उपचार
99% Guarented No Side Effect 100 % Natural
हेल्दी होम फिटनेश एण्ड ब्यूटी क्लब गणेशस्थान रोड, गोंगबु
२४ घण्टा भित्र भ्याली बाहिर डेलिभरी गरिनेछ ।
बुढौयलीपन कम गराउने गुमेको सुन्दरता फिर्ता चाउरीपना हटाई गोरो बनाउने रुप अमृत, पेटको धर्सा मेटाउने
Slim Hip, Thai, Stomach १ दिनमा नै ५ इन्च कम हुने
हट लाइन ०१–४३५४९८५ ९७२१५२६१३५
अहिले ६६ के.जी. 35 cm (मात्र केहि दिनमा)

सफलता तपाईंको हातमा
कक्षा ९ र १० फेल ? पढाई छुट्यो ?
No. चिन्ता !
जि.शि.का. बाट अनुमति प्राप्त
६ वर्षको अनुभव
प्राईभेट टेष्ट/ SLC - 2067 मा भर्ना खुल्यो ।
स्मल हेभन Open Inst. (P) Ltd. लगनखेल ☎ 2120693, 9841452755
मछिन्द्रनाथको रथ राख्ने चौबाटो बाट पूर्व
स्मल वर्ल्ड Open Inst. (P) Ltd. कोटेश्वर ☎ 4601589, 9841306634
प्रहरी बिटबाट पश्चिम हिमालयन कलेजसंगै



# दुई वर्षपछि प्रेमध्वज फेरि पलैंटीमा

नेपालयको आरशालामा हरेक अंग्रेजी महिनाको अन्तिम शुक्रबार हुने सांगीतिक कार्यक्रम पलैंटीमा एकपटक फेरि प्रेमध्वज प्रधानको स्वर गुञ्जनेछ। सन् २००८ को पहिलो पलैंटीमा गायक प्रेमध्वजले श्रोता तथा दर्शकहरूलाई मन्त्रमुग्ध बनाएका थिए।

आधुनिक नेपाली संगीतको अघिल्लो पुस्ताका प्रतिनिधि गायक मध्येका प्रेमध्वज, सन् ६० को दशकदेखि क्रियाशील व्यक्तित्व हुन्। उनले स्वर दिएका लोकप्रिय गीतहरूको लामो फेहरिस्त छ, जसमध्ये रत्नशमशेर थापाका शब्दमा– 'गोरेटो त्यो गाउँको', 'घुम्तीमा नआऊ', 'मलमली घुम्टो', किरण खरेलका शब्दमा– 'माया नमार मायालु' 'तारामात्र होइन' 'नमान लाज', राजेन्द्र थापाका शब्दमा– 'पर लैजाऊ फूलहरू', 'तारा खसेछ' अत्यन्त लोकप्रिय छन्। प्रेमध्वजले माणिकरत्नसित मिलेर प्रेम-माणिकको नाममा संगीत सिर्जनामा पनि उचाइ हासिल गरेका छन्। यसका साथै उनले विशेषगरी अम्बर गुरुङ, नातिकाजी, शिवशंकर, भीम विरागदेखि लिएर भारतीय संगीतकार जयदेव र नयाँ पुस्ताका अनेकौं संगीतकारका सिर्जनामा स्वर प्रदान गरेका छन्।

आफ्ना गीतहरूको भाव र मर्ममा गहिरिएर अभ्यास गरिरहेका प्रेमध्वज, पलैंटीमा दोस्रोपल्ट संलग्न हुनुलाई यसरी उल्लेख गर्छन्– 'मैले गाउन थालेको ४१ वर्षपछि परार पलैंटीबाटै लामो अन्तरालपछि मेरो एकल कन्सर्ट भएथ्यो। यसपाली अझ राम्रो गाउने प्रयास गर्छु।'

# दोहोरी प्रतियोगिताको रमाइलो

**साप्ताहिक समाचार**

काठमाडौं– अभिनेता भुवन केसीले दोहोरी गीत गाए भने कस्तो सुनिएला ? गत शनिबार राजधानीमा उनलाई हजारौं दर्शकले पहिलो पटक दोहोरी गाउन आग्रह गरे। उद्घोषकले गायिका निशा सुनारसँगै दोहोरी गायक भुवन केसी भनेर बोलाएकाले पनि उनी दोहोरी गीत गाउन बाध्य भए 'पानमा पराग छ...'। उनले चलचित्र 'कुसुमेरुमाल'को शीर्षक गीत पनि गाइदिए– 'मायाको बारीमा पिरतीको फूल...'

भृकुटीमण्डपको फनपार्कमा सञ्चालन भैरहेको चौथो टुबोर्ग दोहोरी प्रतियोगिता २०६६ को उद्घाटनका लागि गत शनिबार कार्यक्रमस्थलमा पुगेका अभिनेता केसीले गीत गाउँदै प्रतियोगिता प्रारम्भ भएको घोषणा गरेका थिए। दोहोरी प्रतियोगिताको उद्घाटन समारोहमा गायक हेमन्त शर्माले 'मूल भए रसाइदेऊ' गाएर दर्शकलाई मनोरञ्जन प्रदान गरिसकेपछि लोकगायक तुलसी पराजुलीले 'आकाशैको कालो बादल...' गाउँदा पनि दर्शकहरू नाचिरहेका देखिन्थे। समारोहमा शीला आले, शर्मिला गुरुङ, बद्री पंगेनी, नवीन पौडेल, इन्दिरा गुरुङ, निशा सुनार, एपी शेर्पा, कृष्ण देवकोटा आदि गायक-गायिकाले पनि आफ्ना लोकप्रिय गीत गाएर दर्शकलाई नचाए।

नेपाल लोकदोहोरी सांस्कृतिक व्यावसायिक संघको आयोजना तथा लोकसंगीत उत्थान संघ नेपालको सह-आयोनजामा सञ्चालित दोहोरी प्रतियोगिता भोलि शनिबारसम्म जारी रहनेछ। यसपटकको प्रतियोगितामा तीन दर्जभन्दा बढी लोकदोहोरी समूहले भाग लिएका छन्। गत सोमबारदेखि प्रतिस्पर्धि समूहबीच प्रतिस्पर्धा प्रारम्भ भएको हो। जारी प्रतियोगितामा गत सोमबारको प्रतिस्पर्धाबाट सुनकोसी दोहोरी साँझ, जूनकीरी दोहोरी साँझ ए र बी तथा कालीगण्डकी दोहोरी साँझ दोस्रो चरणको प्रतिस्पर्धाका लागि छनौट भएका थिए।

गत मंगलबारको प्रतियोगितामा स्वयम्भू दोहोरी साँझ तथा दाङ समुह, बाडुली दोहोरी साँझ तथा मर्स्याङ्दी दोहोरी साँझ, भन्ज्याङ दोहोरी साँझ तथा लुम्बिनी दोहोरी साँझ, गण्डकी दोहोरी साँझ तथा कस्तूरी दोहोरी साँझ, मनकामना दोहोरी साँझ तथा धौलागिरि दोहोरी साँझ, लालदरबार दोहोरी साँझ तथा झरना दोहोरी साँझबीच प्रतिस्पर्धा चलेको थियो।

यसैगरी बुधबारको प्रतिस्पर्धामा न्यू भन्ज्याङ दोहोरी साँझ र लालीगुराँस दोहोरी साँझ, शान्ति दोहोरी साँझ र फेवा रोधी क्लब, रमाइलो दोहोरी साँझ तथा कान्तिपुर दोहोरी साँझ, नगरकोट दोहोरी साँझ तथा पोखरा दोहोरी साँझ र हिमसागर दोहोरी साँझ तथा लुम्बिनी दोहोरी साँझबीच प्रतिस्पर्धा भएको थियो।

तीन दर्जन दोहोरी समूहको सहभागिता रहेको प्रतियोगिताअन्तर्गत बिहीबार तथा शुक्रबार सेमिफाइनल चरणका प्रतिस्पर्धा सञ्चालन गरिनेछ भने भोलि शनिबार फाइनल प्रतिस्पर्धा गराइनेछ।

# मिस इन्डिया वर्ल्ड वाइडमा वत्सला



भोलि दक्षिण अफ्रिकाको डर्बनस्थित इन्टरनेसनल कन्भेसन सेन्टरमा विश्वका ३० भन्दा बढी मुलुकमा बसोबास गरिरहेका भारतीय मूलका युवतीहरूबीच मिस इन्डिया वर्ल्ड वाइड- २०१० को उपाधिका लागि प्रतिस्पर्धा हुँदैछ। प्रतियोगितामा वत्सला शर्माले नेपालको प्रतिनिधित्व गरिरहेकी छिन्। नेप्लिज काउन्सिलले आयोजना गरेको भारतीय मूलका नेपाली युवतीबीचको प्रतियोगिता मिस इन्डिया वर्ल्ड वाइड नेपाल- २०१० को उपाधि जितेपछि वत्सलाले यो अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि अवसर जुराएकी हुन्।

२२ वर्षीया वत्सलाले सेन्ट जेभियर्स कलेजबाट स्नातक तहको अध्ययन पूरा गरेकी छिन्। मिस इन्डिया वर्ल्ड वाइड प्रतियोगिताको ट्यालेन्ट राउन्डका लागि नृत्यको तयारी गरेकी शर्माका लागि नमुना कलेज अफ फेसन टेक्नोलोजी र आरडी बुटिकका डिजाइनरले पहिरन सहयोग गरेका छन्। ५ फिट ६ इन्च अग्ली वत्सलालाई स्केचिङ र स्क्वास खेलमा रुचि छ।

# तिब्बतमुनि साक्वेमा महोत्सव

कोदारी राजमार्ग बन्नुभन्दा पहिले काठमाडौंबाट तिब्बत जाने मुख्य बाटो साँखुमा थियो। साँखुलाई नेवारहरूले अहिले पनि साक्वे भनिन्छ। साक्केको शाब्दिक अर्थ तिब्बतमुनि हो। ३ हजार वर्षपहिले नै व्यवस्थित सहरीकरण भैसकेको साक्वेको व्यापारिक महत्व उजागर गर्ने उद्देश्यले यहाँ तीनदिने महोत्सव हुन लागेको हो।

चैत १७ गते प्रारम्भ हुने परम्परागत साँखुजात्राको पावन अवसर पारेर चैत २०, २१ र २२ गते साँखु सहरभरि १ सय वटा स्टल राख्ने तयारी भएको छ। महोत्सव



अवधिमा हरेक टोलमा ५ देखि १५ वटासम्म सांस्कृतिक प्रस्तुति गरिनेछ। पहिलो दिन बाजागाजासहितको टोलीले साँखु सहर परिक्रममा गर्नेछ। उक्त अवसरमा सहरसँग सम्बन्धित विभिन्न कालखण्डका नक्साहरू प्रदर्शन गरिनेछ।

त्यहाँ वर्षभरिमा हुने परम्पराहरूको जीवन्त प्रस्तुति पनि गरिनेछ। नेवार समुदायले जन्मदेखि मृत्युसम्ममा गर्ने संस्कारहरूको प्रदर्शन मोडलहरूमार्फत हुनेछ। साँखुको जात्रा र चाडपर्वहरूका बारेमा लेखिएका पुस्तकको अवलोकन दर्शकले गर्न पाउनेछन्। यसै प्रसंगमा सहर र वरपरका डाँडा तथा जंगलमा खिचिएका प्रकृतिका मनोमोहन दृश्य भएका तस्बिर र भिडियो पनि देखाइनेछ। साँखुदेखि नगरकोटसम्मको बाइकिङ मार्गको प्रचार गर्न बाइकिङ प्रतियोगिता पनि राखिएको छ।

महोत्सवका क्रममा काठमाडौं, भक्तपुर र पाटनबाट महोत्सवस्थलसम्म पुग्न प्याकेजको व्यवस्था गरिएको छ। यो प्याकेजअन्तर्गत यातायात सुविधा एवं साँखुमा नेवारी भोजन गर्न पाइनेछ।

"नेपाल सरकार वाट मान्यता प्राप्त शैक्षिक संस्था"
प्राईभेट TEST/ SLC-067
नयाँ भर्ना खुल्यो !
➢ भर्खरै कक्षा ९ तथा Test मा फेल भएर निराश भएका।
➢ कक्षा ८, ९ र १० पास गरि विविध समस्याले पढाई रोकिएका।
➢ उमेर नाघेका र जागिर गर्दै अध्ययन गर्न चहाने विद्यार्थीहरुको लागि अध्ययन निरन्तर गर्ने सुवर्ण अवसर।
कक्षा समय: विहानी/दिवा/वेलुकी | माध्यम: नेपाली/English दुवै
...विगत वर्षहरुको गहिरो अनुभव सहित अव चवहिलमा पनि...
जेन्युईन एकेडेमी ☎ 4462184
चावहिल चोक (बौद्ध तर्फ जाँदा ३० मि. अगाडि, दायाँ पट्टी)

आकर्षक व्यक्तित्व
Acupuncture, अक्युप्रेसर (VASTU) उपकरणहरू
● अनुहार गोरो बनाउन (Roop Amrit)
● डण्डीफोर, चायापोतो, चारीपना हटाउने
● स्तन घटाउन, बढाउन, टाइट गर्न (Cream)
● YOKO (Height) बढाउन
लिङ्गको लम्वाई, मोटाई बढाउन
स्खलन रोक्न (Handsum up)
● केश झर्न रोकी उमार्न (Oil)
● रक्सी, चुरोटको कुलत छुटाउन
● मोटापा घटाउन, बढाउन
● ढाड दुखाई कम गर्न चुम्बकीय (Belt)
Abking Pro Suna Belt, Home Jogger
Free Home Delivery
TELE-SHOP INTERNATIONAL
Thamel, Galkopakha (ओरालोमा)
98030-87729, 97213-19662

..........भर्खरै ९ तथा Test मा फेल भएर निराश भएका..........
कक्षा ८ पास, गरि विविध समस्याले बिचैमा पढाई छुटी SLC पास गर्ने अवसरको खोजि गरिरहेका विद्यार्थीहरूको लागि:
नयाँ भर्ना खुल्यो !
प्राईभेट TEST/ SLC-067
पास गर्न अत्यन्तै सजिलो, आजै भर्ना हुनुहोस्।
पिस भिजन ओपन स्कूल ४३८९३००
सोह्रखुट्टे, (ओरालो मोड) ०१-६९१३२८६

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
प्राइभेट Test/SLC-2067
विगत ९ वर्षदेखि प्राइभेट Test / SLC मा सबैभन्दा बढी विद्यार्थीहरु सहभागी गराँउदै पास गराउन सफल।
कक्षा ८ पास तथा भर्खरै कक्षा ९, १० वा Test/ SLC फेल भई विविध कारणले पढ्न नपाएकाहरूका लागि कक्षा ९ नपढी सिधै १० कक्षाको मात्रै पढेर SLC Exam दिन पाइने एक वर्षे प्राइभेट Test/ SLC कक्षामा नयाँ भर्ना खुल्यो। सिट सिमित। Medium- अंग्रेजी, नेपाली दुवै। Time- बिहानी, दिउँसो, साझ।
६ महिना मै +2
तथा Math/Science/Test नदिईकनै S.L.C. पास !!
Arts Commerce Science
(Nios Delhi Board)
सिट सिमित !!
American/Nios (+2)
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, +2, 'A'Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने।
अंग्रजी, Japanese, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु, भाषाहरु साथै Tution for SLC, +2, CBSE, 'A' Level, IA, ICom, BA, BBS, BBA, TOEFL, IELTS & All Computer Courses.
ओरियन एकेडेमी
सामाखुशी: 4388400, 9851021071
चावाहिल: 4460091, 9851085823
नयाँ बानेश्वर: 4484634, 9841160529
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी, ललितपुर
5549139, 9851021665

Private
TEST / SLC 067
को लागि साथै कक्षा ६, ७, ८ र ९ मा भर्ना खुल्यो
कक्षा ४,५,६,७ वा ८ पास गरी स्कुल जान नसकेका, कक्षा ९, Test वा SLC फेल भई स्कुल छाडेका वा स्कुल जाने उमेर नाघेका र जागिर गर्दै पढ्न चाहने विद्यार्थीहरुलाई
अध्ययन निरन्तर गर्ने सुवर्ण अवसर
▸ अंग्रेजी र नेपाली दुवै भाषामा पढाईन्छ।
▸ SLC दिने विद्यार्थीहरुले कक्षा १० को मात्र पाठ्यवस्तु पढे पुग्ने।
▸ बारम्बार फेल भई निराश भएका र पढाई छाडि बसेकाहरुको लागि विशेष कक्षाको व्यवस्था गरी मनोवैज्ञानिक तरिकाले पढाइने।
▸ होस्टेल तथा यातायातको समेत व्यवस्था छ।
▸ कक्षा समय: बिहान र बेलुका।
▸ नियमित स्कुल आउन नसक्नेहरुको लागि खुला सिकाईको व्यवस्था।
▸ जुन कक्षामा विद्यार्थी भर्ना हुने हो त्यसभन्दा २ कक्षा तलको कक्षा उत्तीर्ण गरेको प्रमाण पत्र पेश गरे पुग्ने।
Students' Open Learning Academy
द्वारा सञ्चालित तथा जि.शि.का. बाट अनुमति प्राप्त
Students' Coaching & Tutorial Academy
भाटभटेनी चोक (सिजापति शालिक संगै), PHONE: 4415244

खुम्जुङ्ग होटेल तालिम बागबजारमा
कुक, वेटर/हाउसकिपिङ्ग/बारमेन/बेकरी लगायत सम्पूर्ण होटल तालिमहरुमा भर्ना धमाधम लिईदैछ। प्राक्टिकल ५ स्टार लेवलको होटलमा गराइने/चाइनिज, इण्डियन र कन्टिनेन्टल खानाहरुका लागि रेष्टुरेन्ट र बारको पनि सुविधा भएको साथै होष्टेलको पनि व्यवस्था छ।
Hotel Khumjung Pvt. Ltd.
हेड अफिस चक्रपथ महाराजगंज (नारायण गोपाल चोक)
Ph 4016194, 4016111
सिटि अफिस, बागबजार पि.के. कलेज अगाडि यति प्लाजा भित्र, प्यासिफिक विल्डिङ्ग
4240199, 016226791, 9841578724

# स्वीमिङ पुलमा डान्सपार्टी



धरान- वरिपरि रेडिएसन लाइटको रङ्गबिरङ्गी सम्मिश्रण पोखिएको छ। डिजेले पनि वातावरणमा रौनक थपिरहेका छन्। आमन्त्रित पार्टीक्रेजीहरूलाई त्यसबाट राम्रै उत्प्रेरणा मिलिरहेको छ। शनिबार बेलुकी जमेको पार्टीमा नाच्न नजान्नेहरू पनि नाचिरहेका थिए।

स्वीमिङ पुलको बन्द हलमा डान्समा रम्न आएकाहरूका लागि डिजे टेक्नोले सकेसम्म राम्रा गीत प्रस्तुत गरेका थिए। डान्सक्रेजीहरूको भीडले स्विमिङ पुलको हललाई पूरै तताएको थियो। धरान कुलुङ युथको आयोजनामा सञ्चालित सिल डान्स पार्टीमा नेपाली रिमिक्स नम्बरहरूका साथै हिन्दी र अंग्रेजी फास्टबिटका गीतहरू बजेका थिए। बेलुकी ६ बजे प्रारम्भ भएको पार्टी राति १० बजेसम्म चलेको थियो।

**– भीषण राई**

# गगन बने बिग आइकन



पोखरा- पोखरा सभागृहमा दर्शकहरू खचाखच देखिन्थे। स्थानीय बिग एफएमको आयोजनामा भएको गायन प्रतिभाको खोजी बिग आइकन प्रतियोगितामा दर्शकहरूको यस्तो भीड देखिएको हो। दर्शकको भीडले सभागृहको कुर्सीसमेत तोडफोड भएको छ। करिब एक महिनासम्म विभिन्न चरण पार गर्दै अन्तिम प्रतिस्पर्धा हेर्न पोखरेलीहरू उर्लिएका थिए। अन्तिम प्रतिस्पर्धामा उत्रिएका दुई युवा थिए गगन पुन र सिडी विजय अधिकारी। दुवैको गायन कला कम आँक्न मिल्ने खालको थिएन।

अन्ततः दर्शक मतले उत्कृष्ठ ठहरिए गगन पुन। सर्वाधिक पुरस्कार राशिको फस्ट बिग आइकन-२०१० प्रतिस्पर्धाको उपाधि गगन पुनले जिते। पुन आफ्ना प्रतिद्वन्द्वी अधिकारीलाई २४ हजार २ सय ९९ मतले पछि पारेर पहिलो बिग आइकन बने।

म्याग्दी दगनामका पुन पाँच महिना अघि बहराइनबाट फर्किएका हुन्। पुनले २ लाख बराबरको पुरस्कार प्राप्त गरेका छन्। उपविजेता अधिकारी यसअघि पहिलो पीएनसी आइडल घोषित भएका थिए। स्थानीय बिग एफएमले गरेको प्रतियोगितामा ४ सय ६५ जनाले अडिसन दिएका थिए

**– शिव शर्मा**



# पर्यटकीय स्थल बन्दै गगनचुम्बी शिवको मूर्ति

**मकर श्रेष्ठ**

भक्तपुर- सरकारले पर्यटन वर्ष २०११ मनाउने तयारी गरिरहेको बेला निजी लगानीमा निर्माण भएको शिवको मूर्तिमा भएको चित्तपोल पनि पर्यटकीय स्थानका रूपमा चिनिने भएको छ। दक्षिण एसियाकै अग्लो शिवको मूर्तिको निर्माणकार्य नसकिँदै त्यहाँ आन्तरिक पर्यटकहरूको आवागमन दैनिक ५ सयको हाराहारीमा छ। त्यहाँ युवा-युवतीहरू डेटिङ पनि जान थालेका छन्। मूर्तिको आसपासमा बगैंचा निर्माण गरेर मनोरम बनाइएपछि यो डेटिङ गन्तव्य पनि बनेको हो।

'बिदाको दिन आन्तरिक पर्यटक दक्षिणतर्फको डाँडा अटाई-नअटाई हुन्छ,' मूर्तिका लगानीकर्ता कमल जैन भन्छन्। मूर्ति निर्माण भएको क्षेत्रमा बगैंचा निर्माण र फलफूलको गोडमेलका लागि भन्दै न्यूनतम प्रवेश शुल्क लिने गरिएको छ। त्यहाँ पानी र शौचालयको समेत व्यवस्था छ। भक्तपुरको चित्तपोलमा निर्माण भैरहेको यो अग्लो मूर्ति निर्माणका लागि भाटभटेनीका कमल जैनले लगानी गरेका हुन्।

मन्दिरको रङरोगन सकिएपछि भक्तपुर र काभ्रेको सिमानामा श्रद्धालुहरूको भीड लाग्नेछ। एक हातमा त्रिशूल र अर्कोमा डमरु बोकेको शिवको मूर्तिमा सिमेन्ट र फलामको छड प्रयोग गरिएको छ। मूर्ति निर्माणका लागि जैनले भारतबाट कालीगढ ल्याएका छन्। भारतका मूर्तिकार मातुराम बर्माले यसमा सहयोग गर्दै आएको जैनले बताए।

७५ रोपनी जग्गामा मूर्तिलगायत २४ कोठाको आयुर्वेदिक अस्पताल, बालबालिकालाई खेल्ने ठाउँ, बिरामी बस्ने चारवटा घर निर्माण भैसकेको छ। चार वर्षअघि सुरु गरिएको उक्त मूर्तिको निर्माणमा १२ करोड रुपैयाँ लाग्ने अनुमान छ। जमिनमुनिदेखि माथिसम्म १ सय ४५ फिट अग्लो मूर्तिसम्म जान बाटो बनाउन लाग्ने खर्च सरकारले बेहोर्ने आश्वासन उपप्रधानमन्त्री विजय गच्छदारले निर्माणकर्तालाई दिएका छन्।

# प्रधानमन्त्रीसमक्ष गुनासो पोखे कलाकारले

संगीत क्षेत्रका कलाकारहरूले रोयल्टी, सीआरबीटी, कपिराइटको कानुन भए पनि लागू हुन नसकेको गुनासो गरेका छन्। कलाकारहरूको एक टोलीले प्रधानमन्त्री माधवकुमार नेपालसमक्ष यस्तो गुनासो गरेका हुन्। गएको बिहीबार नेपाल सांगीतिक संघका तर्फबाट गएका कलाकारहरूले विभिन्न मागसहित ज्ञापनपत्र बुझाएका थिए। त्यस क्रममा उनीहरूले 'संगीत विकास बोर्ड' को यथाशीघ्र गठन गरिनुपर्ने माग राखेका थिए।

संगीतकर्मीलाई विदेश अध्ययनको छात्रवृत्ति, स्वास्थ्योपचार, राजकीय भ्रमणमा सहभागिताजस्ता माग राखेका थिए। नेपाल सांगीतिक संघकी अध्यक्ष कोमल वलीले अन्य मुलुकमा जस्तै नेपालले पनि सांस्कृतिक सहचारीमा संगीतकर्मीलाई नियुक्ति गर्नुपर्ने माग राखिन्। त्यस्तै गायक गोविन्द



कटुवालले आर्थिक समस्याका कारण मिर्गौला प्रत्यारोपण गर्न नसकेको पनि जानकारी गराइन्। प्रधानमन्त्रीसमक्ष उनले भनिन्- 'मिर्गौलाकै समस्याले गायक योगश वैद्य पनि अस्पताल भर्ना भएका छन्। दुवैलाई सहयोग गर्नुपर्‍यो।'

भेटपछि आफ्नो मागप्रति प्रधानमन्त्री सकारात्मक भएको कलाकारहरूले बताए। उक्त टोलीमा गीतकार कालीप्रसाद रिजाल, गायक फत्तेमान राजभण्डारी, दीप श्रेष्ठ, रामकृष्ण ढकाल, गायिका नलिना चित्रकार, देविका बन्दना आदि सम्मिलित थिए।

# झुम्यो शंकरदेव

**साप्ताहिक समाचार**

काठमाडौं- मायालुलाई बाटोमा भेटिएको कुरालाई कुनै घटनासँग दाँजेको गीत 'घटना घट्यो' गाउन थालेपछि व्यवस्थापन विषयमा उच्च शिक्षा पाउने बाटोमा लम्किएका राजधानीको शंकरदेव क्याम्पसका विद्यार्थीहरू मज्जाले झुम्न थाले। उक्त गीतका गायक सुनिलसिंह ठकुरी झनै जोस्सिए र गाउन थाले, 'भुली-भुलिदेऊ'। उनीपछि मञ्चमा आएका गायक विजय लामाले पनि 'नखानु पानी तोड्बाको' गाएर विद्यार्थी दर्शकलाई शंकरदेव परिसरमा धूलो उड्ने गरी नाच्न लगाए। धूलो धेरै उडेर गायकहरूलाई गाउनै अप्ठेरो परेपछि आयोजक टोली भुइँमा पानी छर्कन थाले। अनि



लामाले फेरि गाए, 'तल-तल बेसीमा मैच्याङ'। धूलो मत्थर भए पनि दर्शकको जोस झनै बढ्दै गयो। यहाँसम्म कि गायक युवराज चौलागाईंले रिमिक्स गीत 'टुङ्नाको धुनमा' दोहोर्‍याएर गाउनुपर्‍यो। त्यसैगरी गायिका आगन्तुक खरेल, गायक सुमन श्रेष्ठलगायत गायिका प्रविशा अधिकारीले पनि गत साता क्याम्पसको वातावरणलाई संगीतमय तुल्याए।




# हटेन बेकह्यामको टाटुमोह









फुटबलमा आफ्नै किसिमको फेसन ट्रेन्ड ल्याउने डेभिड बेकह्यामले आफ्नो फेसनशैलीले फुटबलरहरूलाई मात्र नभएर फुटबलका फ्यानहरूलाई समेत फेसनको नयाँ-नयाँ कुरा सिकाए। फ्रि किक हान्न माहिर बेकह्यामले फुटबलमार्फत ल्याएको फेसन ट्रेन्डमा धेरै कुरा छन्। पछिल्लो पटक बेकह्याम तथा उनकी श्रीमती भिक्टोरियाले आफ्नै परफ्युम कम्पनी सञ्चालनमा ल्याएर त्यसको प्रचार-प्रसार गरे भने बेकह्यामको टाटुमोह पनि बढ्दै गएको छ।

बेकह्याम आगामी विश्वकपमा फुटबलर र फुटबल प्रेमीहरूबीच टाटुलाई अझ लोकप्रिय बनाउने सोचमा थिए। यसका लागि उनले आफ्नो शरीरमा नयाँ टाटु बनाइसकेका थिए।

अमेरिकामा व्यावसायिक फुटबल खेलिरहे पनि बेकह्यामलाई इङ्ल्यान्डले आगामी विश्वकपका लागि आफ्नो टिममा समावेश गर्ने योजना बनाएको थियो। अमेरिकाको ग्यालेक्सी क्लब तथा एसी मिलानबीच भएको छोटो सम्झौताअनुसार खेल्ने क्रममा उनको घुँडामा चोट लागेको थियो। चोट यति गहिरो भयो कि चिकित्सकहरूले उनले आगामी विश्वकप खेल्न नसक्ने घोषणा गरे। चिकित्सकहरूले गरेको घोषणाअनुसार इङ्लिस फुटबल टिमको मनोबल घट्ने देखिएपछि उनलाई कुनै पनि रूपमा टिममा समावेश गर्ने योजना बनाइएको छ। विश्वकपमा डेभिड बेकह्यामलाई दुई पटक इङ्लिस टिमको कप्तान बनाएका सेभेन गोरान एरिक्सन अहिले उनलाई चियसलिडर बनाएर भए पनि दक्षिण अफ्रिका लाने सोचमा छन्। टिमको मनोबल बढ्ने देखेरै एरिक्सनले इङ्ल्यान्ड फुटबल टिमका प्रशिक्षक फाबियो कापेलोलाई डेबिडलाई भ्रमण टिममा राख्न सल्लाह दिएका छन्। यदि एरिक्सनको प्रस्तावलाई फाबियोले माने भने बेकह्याम प्लेयर बेन्चमा वैशाखीको भरमा देखा पर्नेछन्।

विश्वकपमा टाटु प्रदर्शन गर्न बेकह्यामले हालै आफ्नो शरीरमा १७ औं टाटु निर्माण गरेका थिए। सन् २००० देखि शरीरमा टाटु बनाउन थालेका बेकह्यामले पहिलो टाटु आफ्नो छोराको नाम लेखेका थिए। सन् २००२ सम्म आइपुग्दा उनले आफ्नो अर्को छोराको नाम र श्रीमतीको नाम शरीरमा लेखाएका थिए। यसरी विभिन्न कार्यवाट प्रभावित हुँदै टाटु बनाउने क्रममा बेकह्यामले हालै आफ्नो कोखामा 'म्यान आफ सरो' शीर्षकमा बनाइएको चित्रलाई टाटुमा परिणत गरेका छन्। क्याथोलिक आर्टिस्ट म्याथ्यु ब्रुक्स बेकह्यामकी आमाका बुबा हुन्। सानोमा हजुरबुबाबाट निकै प्रभावित बेकह्याम दक्षिण अफ्रिकामा भएको समूह विभाजनमा सहभागी हुन जाँदा हजुरबुबाको मृत्यु भएपछि उनले सम्मान देखाउन बेलायत फर्केलगत्तै उनको चित्रको टाटु बनाएका थिए।

बेकह्याम आफ्नो शरीरमा टाटु बनाउन म्यानचेस्टरमा रहेका टाटु आर्टिस्ट लुइस मिलोईको सहयोग लिन्छन्। सन् १९९० देखि नै उनको टाटु कलाबाट मोहित भएका बेकह्यामले आफ्नो पछिल्लो टाटु पनि उनैबाट बनाएका हुन्।

## ५ प्रश्न आङबाबु लामा ह्योल्मो

**११ औं दक्षिण एसियाली खेलकुदमा नेपाललाई स्वर्ण दिलाउने खेलाडी हुन्। उसुको थाउलुतर्फ थाइची छ्वान अलराउन्ड स्पर्धामा उनले २० पूणांकमा १९ अंक ल्याएर ढाकामा सफलता हात पारेका थिए। त्यो प्राप्तांक दक्षिण एसियाली उसुकै कीर्तिमान हो। सिन्धुपाल्चोकको इचोक-१ मा जन्मिएका २८ वर्षीय खेलाडी आङबाबुसँग पाँच प्रश्न :**

**स्वर्णसम्मको यात्रा कस्तो रह्यो ?**

निकै मेहनत गर्नुपर्‍यो। मेरो स्पर्धाका सबै खेलाडी उत्कृष्ट थिए। लगातार नौ दिन नेपालको निराशाजनक नतिजाले देशका लागि केही गरौं भनेर आत्मविश्वास बलियो पारेको थिएँ। ढाकामा राम्रो प्रदर्शन गर्ने लक्ष्य राखेको थिएँ। स्वर्ण जित्नेचाहिँ सोचेको थिइनँ।

**अबको लक्ष्य ?**

यही वर्ष चीनको ग्वाङ्जाबोमा हुने एसियाली खेलकुदमा राम्रो गर्ने। त्यसमा पदक जित्नु भनेको वर्ल्ड च्याम्पियन भएसरह हो, तैपनि राम्रो भने गर्न सकिन्छ। व्यक्तिगत रूपमा कडा मेहनत गरिरहेको छु। सरकारी निकायबाट तयारीको सुरसारै छैन। अन्य मुलुकले भने लामो समयदेखि तयारी गरिरहेका छन्।

**सफलताको श्रेय ?**

गुरु रति लामालाई। उहाँले २०५४ सालदेखि मलाई उसु सिकाउनुभएको हो। अहिले उहाँ खुट्टा फ्याक्चर भएर बस्नुभएको छ। खेललाई जीवन सुम्पिए पनि उहाँको कुनै जागिर छैन। उपचारका लागि राज्यले हेरिदिए हुन्थ्यो।



**खेलाडीका प्रशंसक थुप्रै हुन्छन्। गर्लफ्रेन्ड छैनन् ?**

छ, चार वर्ष भयो। एउटै समाजको भएकाले बेलाबेला भेट हुन्थ्यो। त्यत्तिकैमा माया बसेछ, जुन बेला म राम्रो खेलाडी भएकै थिइनँ।

**विवाह कहिले गर्ने ?**

विवाह यही नै बेला गर्छु भन्ने हुँदैन। उमेर पनि भयो, अब चाँडै गर्छु।


JOIN THE BRITISH ARMY & SINGAPORE POLICE

We heartily congratulate the following candidates and all his family who have been selected in the British Army & Singapore Police for intake 2010



Ashok Gurung, Dev Gurung, Milan Shrestha, Nabin Pun, Nirmal Gurung, Pasan D. Sherpa, Rakesh Lama, Roshan Khatri, Raja Chand, Suman Rana, Sanjiv Rai

Now ? Your ? Turn ? Hurry Up !

We announce new admission for intake 2011 (Physical & Education)

For Details: BRITISH GURKHA RECRUITMENT INSTITUTE & TRAINING CENTRE

Contact: 01- 4008568, 01-6214244 Chabahil, Dhobikhola (Near by Dhumbarahi Swimming Pool) Oppisite Om Hospital



सुवर्ण मौका



५०% छुट

छिटो गर्नुहोस्। सिट सिमित छ।

भारत, लण्डन तथा अमेरिकाबाट तालिमप्राप्त एरोमाथेरापिष्ट, कस्मोटोलोजिष्ट तथा ब्यूटिशियन साहनाद्वारा संचालित "शान ब्यूटि होम" एरोमा तथा हर्वल ब्यूटी क्लीनिकमा अन्तरराष्ट्रिय स्तरका ब्यूटिशियन डिप्लोमा। एडभान्स। स्पेसल तथा विदेश जानेहरुका लागी विशेष कोर्षहरुका साथै डिजिटल पर्म। मल्टीकलर हाइलाईट। हेयर एक्स्टेन्सन तथा आधुनिक नयाँ प्रविधियुक्त फेशियलहरु समावेस गरिएका कोर्षहरु ५०% छुटमा संचालन भईरहेको हुँदा ईच्छुक दिदीबहिनीहरुलाई भर्ना हुनको लागी आव्हान गरिन्छ।

सर्म्पक: Shaan BEAUTY HOME HERBAL BEAUTY CLINIC शान ब्यूटी होम एरोमा तथा हर्बल ब्यूटी क्लिनिक तथा ट्रेनिङ्ग इन्ष्टिच्यूट

मानभवन, जावलाखेल। फोन: ५५२५८३३



Special Course for Engineer
ARCGIS 9.3.1
Authorized Micro-Soft Project 2010
SAP V14
Land-development
Auto Cad 2D & 3D
The first institute in Nepal to train in the latest version of softwares with probably the best faculties in Nepal.
Class Date: 2066-12-15
Consideratation on FEE will be done for groups.
PENTASOFT New Baneshwor ☎:4498892
Pentasoft Certificate is valid in more than 90 Countries



थाहै नदिई जाँड रक्सी र चुरोटको कुलत छुटाउने
यौन शक्ति उत्तेजना नहुने, शीघ्रपतन रोक्ने, लिङ्गको साईज बढाउने Herbal Product को साथम Japani Oil
३ ईन्च सम्म उचाई बढाउने Height Plus
मोटोपना घटाउने/तौल बढाउने १२ Kg सम्म
Breast बढाउने घटाउने र टाईट गर्ने
चायाँ पोतोको ग्यारेण्टी उपचार
गोरो बनाउने र जवानी देखाउन रूप अमृत
फ्रि होम डेलिभरी तुरुन्त केश झर्न रोकी उमार्ने
Gorkha Herbal
१००% ग्यारेण्टी ०% साईडइफेक्ट
Helpline: 4282138, 9841079654 9851026391, चितवन 9845279326



Models Wanted



Colours Entertainment

Fresh, beautiful models male & female wanted for remix music videos & new year calender.

contact no: 9841701235, 9803604247

# पोखरेलीले पहिलो पटक हेरे रेस्लिङ



पोखरा- टन्टलापुर घामले पोखरा रंगशाला तात्तिएको थियो । तैपनि पहिलो पटक यहाँ आयोजित अन्तर्राष्ट्रिय स्तरको रेस्लिङ हेर्न घामको समेत वेबास्ता गर्दै खेलप्रेमी दर्शकहरू घण्टौदेखि रंगशालामा व्यग्र प्रतीक्षामा बसे ।

दुई घण्टा ढिलो प्रारम्भ भएको रेस्लिङ रिङमा नेपाली रेस्लरहरू देखा परे । खेल सुरु भएपछि दर्शकहरू रोमाञ्चित भए । रेस्लिङको मुख्य आकर्षण भने अमेरिकी रेस्लर बिग भिटो र नेपाली रेस्लर हिमालयन टाइगर थिए । उनीहरूको खेल हेर्न दर्शक आतुर देखिन्थे । अमेरिकन रेस्लर बिग भिटोका चेला हिमालयन टाइगर आफ्नै गुरुसँग भिडे । दर्शकहरूले उनको पक्षमा एकोहोरा हुटिङ गर्न थालेपछि खेल निकै गर्मागर्म बन्यो ।

काडमाडौंमा यही दुई खेलाडीबीच भएको खेल हुँदा उत्तेजित दर्शकका कारण खेलमा बाधा पुगेको थियो, त्यो स्थिति दोहोरिन नदिन यहाँ सयौंको संख्यामा प्रहरी परिचालन गरिएको थियो । काठमाडौंको घटनाबाट हतोत्साहित बनेका बिग भिटो पोखरामा भने हिमालयन टाइगरसँग जाइलाग्न सकेनन् र खेलमा हिमालयन टाइगरले जित हासिल गरे ।

काठमाडौंको जस्तै घटना नघटोस् भनेर आयोजकले प्रतियोतिगामा यो मनोरञ्जन हो भन्दै आवेशमा नआउन बारम्बार जानकारी गराएका थिए । जापानका सुपर स्टार फुगुफुगु युमोजी र हार्ड कोर्ट च्याम्पियन किकु जिरी रिङभित्र प्रवेश गरी हिमालयन टाइटलमाथि जाइलागेपछि अमेरिकन रेस्लर भिटोले हिमालयन टाइगरलाई साथ दिएका थिए, जुन खेलमा टाइगर र भिटोले जापानी रेस्लरहरूलाई पराजित गरे ।

खेलमा नेपाली रेस्लर मनोहर बस्नेत (मेक्स बी) र टंकबहादुर श्रेष्ठ (मिस्टर यति) बीचको खेल निकै रोमाञ्चकारी थियो । पाँचौं चरणको यो खेल निकै खतरनाकसमेत सावित भयो । खेलमा टंकबहादुर श्रेष्ठले रिङ बाहिरबाट काठ ल्याएर मनोहरमाथि प्रहार गर्दा काठ भाँचिएको टुक्रा स्पेनकी रेफ्री कायर ब्रुपको गालामा लागेर उनी घाइते भइन् । चिकित्सकले आकस्मिक रूपमा उनको उपचार गर्नुपरेको थियो । प्रतियोगिता सकिएपछि विदेशी रेस्लरसँग हात मिलाउन र उनीहरूलाई छुन दर्शकहरू हानथाप गरिरहेका थिए ।

पोखरा बहुउद्देश्यीय कर्भडहल निर्माण समितिको पहलमा पहिलो पटक पोखरा रंगशालामा सम्पन्न खेलमा नेपाली ११ र विदेशी ५ गरी १६ जना रेस्लरको सहभागिता थियो ।। खेलको टिकटबाट आउने आम्दानी इन्डोर कर्भडहल निर्माणमा खर्चिने आयोजक संस्थाका जगनबहादुर गुरुङले बताए ।

–शिव शर्मा



